CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म सन्दे

मिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Funding: MIDF

हार्दिक मंगल कामना

शक्ति साधनाको उद्‌बोधक विजयादशमी

को

यस महान् अवसरमा

सनातनधर्म सेवासमिति

अधिराज्यभित्रका र बाहिरका समस्त नेपाली बन्धुहरूमा

अक्षुण्ण कर्मशक्ति, अविश्रान्त बौद्धिक जागृति र

उत्तरोत्तर समृद्धिको निम्ति

हार्दिक मङ्गलकामना

समर्पित

गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

* वर्ष—१

शुभ विजयादशमी २०२६

* अंक—२

सम्पादक :—

प्रा. खेमराज 'केशवशरण'

सम्पादक मण्डल :—

प्रा. चेतोनाथ आचार्य

प्रा. ऋषिराम पोखरेल

श्री प्रदीपनाथ शर्मा

प्रकाशक :—

सनातनधर्म सेवासमिति

काठमाडौं, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वात्मन् ! हाम्रो वाणीले तिम्रै अनन्त महिमाको गायन
गरिरहोस्, हाम्रा श्रवणेन्द्रियले तिम्रा मधुरतम चर्चाहरू
सुन्ने सौभाग्य पांउन् । हाम्रा हातले निरन्तर मुक्ति-
गामी शुभकर्महरू गरिरहुन्, हाम्रो मन सदा तिम्रा
चरणकमलको चिन्तनमा मस्त बनोस् । हाम्रो
मस्तकले तिम्रो अनन्त लीलाभूमि बनेको
यस विश्वलाई नै मन्दिर मानी नमन
गरिरहोस् र तिम्रै प्रतिमूर्ति बनेर
जगत्को उद्धारको निमित्त आउने
सत्पुरुषहरूको दर्शन गर्ने
सौभाग्य हाम्रा
आँखाले सदा
पाइरहुन् ।

—श्रीमद्भागवत १०-१०-३८.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्ति-वन्दना

देव्या यया ततमिदं जगदात्मशक्त्या
निःशेषदेवगणशक्ति–समूहमूर्त्या
तामम्बिकामखिलदेवमहर्षिपूज्याम्
भक्त्या नताः स्म विदधातु शुभानि सा नः।।

(१)

अर्थ :— समस्त देवगण र शक्तिसमूहको स्वरूप भएकी जुन भगवतीले आत्म-शक्तिको रूप लिएर सम्पूर्ण जगत्लाई व्याप्त गरेकी छन्, त्यस्ती सबै देवताहरू र महर्षिहरूद्वारा पूजा गरिने जगन्मातालाई हामी भक्तिसाथ नमन गर्दछौं । उनले हाम्रो कल्याणै कल्याण गरुन् ।।१।।

दुर्गे ! स्मृता हरसिभीतिमशेष जन्तोः
स्वस्थैः स्मृता मतिमतीव शुभां ददासि
दारिद्रयदुःखभयहारिणि ! का त्वदन्या
सर्वोपकारकरणाय सदार्द्र चित्ता ।।

(१)

अर्थ :— हे दुर्गे ! तिम्रो स्मरण गर्ने सम्पूर्ण जीवजगत्को डरलाई हटाइ-दिन्छ्यौ । साधकहरूले जब स्वस्थ हृदयले तिम्रो स्मरण गर्छन्, त्यस वेला तिमी उनीहरूलाई अत्यन्त शुभ बुद्धि दिन्छयौ । हे दारिद्रय र दुःखको भयलाई हटाइदिने माता ! सबैको कल्याण गर्नको निमित्त सदा द्रवित चित्त हुने तिमी बाहेक हाम्रो अरू को छ र ! (त्यसैले आमा ! तिमी हामीउपर सदा कृपादृष्टि दिइराख) ।।२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्येय-चिन्तन

यस्तु सर्वाणि भूतान्यात्मन्येवानु पश्यति
सर्वभूतेषु चात्मानं ततो न विजुगुप्सते ॥

अर्थ :— सम्पूर्ण विश्वजीवनको मूल व्यापक आत्मसत्ताको साक्षात्कार गरेर जो सबै प्राणीहरूमा आफैंलाई देख्तछ र सबै प्राणीहरूलाई आफैंमा देख्तछ, त्यस्तो आत्मसाधकको लागि विश्वमा घृणाको विषयै रहन्न ॥

यस्मिन् सर्वाणि भूतान्यात्मैवाभूद् विजानतः
तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः ॥

अर्थ :— जुन अवस्थामा यसरी समस्त प्राणीहरू आफ्नै रूप सिद्ध हुन्छन्, त्यस उच्चतम स्थितिमा सर्वत्र एउटै आत्मसत्ता जगमगाइरहेको अनुभव गर्ने ज्ञानीको लागि केको मोह र केको शोक ?॥

— ईशावास्य उपनिषद् ६-७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मत सम्मत

श्री मान् सचिवज्यू
सनातनधर्म सेवासमिति
काठमाडौं, नेपाल ।

महोदय

त्यस समितिबाट धर्मको उत्थान-संरक्षण गर्ने हेतुले प्रकाशित "धर्म सन्देश" प्राप्त भयो । यसरी दुर्गम क्षेत्रमा अवस्थित यस पुस्तकालयलाई सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछौं ।

धर्म सन्देश हाम्रो सनातन धर्मको विकास तथा सम्बर्धन गर्न सक्षम होस् भन्ने हाम्रो कामना छ ।

अन्तमा भविष्यमा पनि श्रीमानबाट यस्तै सहयोग मिल्ने नै छ भन्ने आशा तथा विश्वास गर्दछु ।

अध्यक्ष
श्री भीम पुस्तकालय
दोलखा

× ×

श्री मान् सचिवज्यू
सनातन धर्म सेवा समिति
काठमाडौं, नेपाल ।

महोदय

तपाईंहरूले पठाउनु भएको "धर्मसन्देश" पत्रिका प्राप्त भयो, यसरी धर्म सन्देशद्वारा यस वेद विद्यालय धरानलाई सहयोग गर्नु भएको हुनाले वेद विद्यालय परिवार ऋणी भएको छ र सनातनधर्म सेवासमितिका विद्वद्वर्गमा धन्यवाद ज्ञापन गर्दछ । साथै अब उप्रान्त त्यस संस्थाबाट उठाइएका कार्यमा यहाँबाट सहयोग पुऱ्याउन विद्यालयपरिवार प्रयास गर्दै रहने छ ।

यस विद्यालयमा आज भोलि विद्यार्थीहरूको परिश्रमले 'वैदिक पुस्तकालय' नाम दिएर एक पुस्तकालय खोलिएको छ । यसको उद्देश्य वैदिक सनातन धर्मको प्रचार छ । यसमा धार्मिक पुस्तकहरू संकलन गर्ने धार्मिक पत्र-पत्रिकाहरू भेला गर्ने बिचार राखिएको छ ।

अतः त्यस संस्थाबाट निस्किएका पुस्तक एवं पत्र-पत्रिकाहरू समय समयमा प्राप्त गर्ने अभिलाषा राख्तछ ।

निवेदक
विद्यालय परिवार
चन्द्र साङ्गवेदविद्यालय धरान
कोशी अञ्चल, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरि ॐ तत्सत्

श्री मान् सम्पादकज्यू

धर्म संदेश

विषय–परिचर्या भ्रमण बारे

तपाईंको बर्ष १ संख्या १ को पत्रिकामा श्री चेतोनाथ आचार्यज्यूले लेख्नु भएको निबन्ध पढेर उत्साहित भएर यो निवेदन गर्दछु कि यहाँहरूको परिचर्या टोलीलाई हामी पनि स्वागत गर्न पाउँ भन्ने आशा राख्तछु र यहाँहरूको सङ्गतमा बसेर एक दुई दिन धर्मको चर्चा गर्न र हामीले नबुझेको समाधान गर्न नसकेको कुराहरूको समाधान पनि गराइ पाउनको लागि साह्रै आशा राखेका छौं ।

यहाँहरू कहिले र कतिजना आउन सक्नु हुन्छ २।४ दिन अगावै आ० वा० द्वारा थाहा दिनुभए हुने थियो भन्ने अनुरोध गर्दछु । यहाँहरूको जानकारीको लागि बिज्ञापित गर्दछु कि हाम्रो यहाँ पनि एउटा ब्रह्मजिज्ञासा समिति छ । जसको तर्फबाट मैले यो निवेदन चढाएको छु ।

हाम्रो ठेगाना यस प्रकार छ ।

ब्रम्हजिज्ञासमिति, मादी विद्यालय
जिल्ला शंखुवा सभा कोशी अञ्चल
आ० वा० अफिस (चैनपुर)
शंखुवा सभा ।

भवदीय
पं० भोलानाथ उपाध्याय दाहाल
ब्रम्ह जिज्ञासा समितिको तर्फबाट
मादी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस अङ्कको उपहार

क्र. सं.	विषय	लेखक	पृष्ठ
१)	प्रथम चरित्रकी आराध्या श्री महाकाली (लेख)	श्री ऋषभदेव शर्मा	१—४
२)	शक्तिको आराधना (कविता)	श्री श्यामदास वैष्णव	५—६
३)	वैदिक धर्म परिचय (लेख)	श्री शिवराज आचार्य	७—९
४)	हाम्रो शक्ति आराधना (लेख)	श्री खेमराज 'केशवशरण'	१०—१३
५)	संस्कृति भनेको के हो ? (")	श्री जयराज आचार्य	१४—१६
६)	सार्थक धर्म (कविता)	श्री सिद्धिबाबु अर्याल	१७—१८
७)	गुरुको बहिस्कार (लेख)	श्री अयोध्याप्रसाद प्रधान	१९—२०
८)	गीता- विश्ववाङ्मयको लागि अमर सन्देश (लेख)	श्री केदारमान व्यथित	२१—
९)	भगवत्तत्व-चिन्तन (")	ब्रह्मचारी श्री मदनमोहन दास	२२—२४
१०)	आत्माको अस्तित्व (")	श्री दुर्गाप्रसाद दवाडी	२५—३०
११)	हलेश्वर महादेव-एक झलक (लेख)	श्री राधेश्याम भट्टराई	३१—३८
१२)	पुकार (कविता)	श्री शान्तिप्रेमी शर्मा	३९—
१३)	विजया दशमी (लेख)	श्री देवीप्रसाद लम्साल	४०—४२
१४)	देवी भागवतमा श्री राधातत्त्व (लेख)	श्री खेमराज ज्ञवाली	४३—४४
१५)	धर्मो विश्वस्य जगतः प्रतिष्ठा (")	श्री कैलास मिश्र	४५—४६
१६)	मिथिलामा दुर्गा पूजनोत्सव (")	श्री ॐ कुमार झा	४७—४९
१७)	समाचार सिंहावलोकन		५०—५३
१८)	सम्पादकीय		५४—५५
१९)	महान वाणी		५६—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

CONTENTS

No.		Page
1)	THE MOTHER —Shree Ram Krishna Paramhansa	59—60
2)	MEDITATION —Prof. Renu Lal Singh	61—61
3)	FAITH—A POSITIVE URGE —Dr. Shankar R. Pant	62—70
4)	THE ORIGIN OF MAYA —Dr. I. P. Singh	71—74
5)	THE VOICES WITHIN & WITHOUT —Prof. Bindu Nath Sharma Pyakuroyal	75—77
6)	SPIRITUAL SCIENCE —Pradeep Nath Sharma	78—79

—0—

Ignorance is death & knowledge is life.

—Swami Vivekananda

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री कृष्ण दर्शन नाटकको अन्तिम दृश्यमा गीताश्रवणपछिका परिवर्तित अर्जुनसंग द्रौपदीको सम्वाद भइरहेछ । तल नाटक प्रबन्ध समितिका सदस्यहरू र कलाकारहरू प्रभुकार्यप्रति विश्वास र सन्तुष्टिको मुद्रा लिएर उपस्थित छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम चरित्रको आराध्या श्री महाकाली

—ऋषभदेव शर्मा

वर्षको दुइ पटक हामी आदि शक्ति, महामाया भगवतीको विशेष पूजा गर्दछौं । यस पूजालाई क्रमशः वासन्ती पूजा र शारदी पूजा भन्दछौं । हामी नेपालीहरू यसैलाई चैते दशैं र वडा दशैं भन्दछौं । यस अवसरमा आफ्नो देशाचार कुलाचार अनुसार हिन्दुमात्र सारा शक्तिको पूजामा आकर्षित भएको हुन्छ । नेपाल र भारतमा जति पनि शक्तिपीठहरू छन् तिनमा विशेष रूपले पूजाआजा हुन्छ । हिन्दुहरूको घर-घरमै पनि जमरा राखेर भगवतीको पूजा गर्ने परम्परा धेरै अगिदेखि चलि आएको छ । यस अवसरमा विशेष गरेर सप्तशतीको पाठ गरिन्छ । तसर्थ त्यसका विषयमा अलिकति केही चर्चा गरेर भगवतीको आराधना गर्नु हाम्रो पनि कर्तव्य हुन आउछ ।

सप्तशतीमा तीन चरित्र छन् । प्रथम, मध्यम र उत्तम । यी तीनै चरित्र सृष्टि, स्थिति तथा लयका बोधक छन् । प्रथम चरित्र एक अध्यायको छ । यसकी देवी महाकाली हुन् । यी ईशान आम्नायकी नायिका मानिन्छिन् । यी गुण तीन छन्‌ता पनि सत्वगुण प्रधान मानिएकी छन् । यिनको ध्यान यस प्रकार छः—

खड्गं चक्रगदेषुचापपरिघाञ्छूलं भुशुण्डीं शिरः
शङ्खं सन्दधतीं करै स्त्रिनयनां सर्वाङ्गभूषावृताम्
नीलाश्मद्युतिमास्यपाददशकां सेवे महाकालिकां
यामास्तौत् स्वपिते हरौ कमलजो हन्तुं मधुं कैटभम्

यिनले आफ्ना दशैं हातमा खड्ग चक्र, गदा, वाण, परिघ, शूल, भुसुण्डी, मस्तक, र शङ्ख लिएका छन् । यिनका तेजिला तीन आँखा छन् । यी देवी दिव्य आभूषणले विभूषितछन् । यिनको शरीर नील-मणिको कान्ति समान छ । यिनका दशमुख र चरण पनि दशओटै छन् ।

मध्यम चरित्र तीन अध्यायको छ । यसकी देवी हुन् महालक्ष्मी । यी सत्वगुण प्रधान रजोगुणात्मिका मानिन्छिन् । यी आग्नेय आम्नायनायिका हुन् । यिनको ध्यान यस प्रकार छ:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अक्षस्रक् परशूं गदेषु कुलिशं पद्मं धनुष्कुण्डिकाम्
दण्डं शक्तिमसिंच चर्म जलजं घण्टां सुराभाजनम्
शूलं पाशसुदर्शने च दधतीं हस्तैः प्रसन्नाननाम्
सवे सैरिभमर्दिनीमिह महालक्ष्मीं सरोजस्थिताम

जसले आफ्ना हातहरूमा अक्षमाला, बञ्चरो, गदा, वाण,पद्म वज्र, , धनु, कुण्डिका दण्ड, शक्ति, खड्ग, ढाल, शंख, घण्टा, मधुपात्र, शूल, पाश र चक्र धारण गरेकी छन् प्रसन्न अनुहार लिएर कमलको आसनमा बसेकी महिषासुरमर्दिनी भगवती महालक्ष्मीको भजन गर्दछु ।

उत्तम चरित्र नौ अध्यायको छ । यसकी देवी हुन् महासरस्वती । यी सत्वगुणात्मिका मानिन्छन् । यी वायव्य आम्नाय नायिका हुन् । यिनको ध्यान यस प्रकार छः—

घण्टा शूल हलानि शंख मुसले चक्रं धनुः सायकम्
हस्ताब्जैर्दधतीं घनान्तविलसच्छीतांशुतुल्यप्रभाम्
गौरीदेह समुद्भवां त्रिजगतामाधारभूतां महा-
पूर्वामत्र सरस्वतीमनुभजे शुंभादि दैत्यर्दिनीम्

जसले आफ्ना कर कमलमा घण्टा, शूल, हलो, शंख, मुसल, चक्र, धनु र वाण धारण गरिराखेको छ । शरद् कालीन चन्द्रमाको जस्तो जसको उज्यालो अनुहार छ, तीनै लोकको जो आधार रूपले रहेकी छन्, शुंभ आदि दैत्यको नाश गर्ने तथा गौरीको शरीरबाट प्रकट भएकी ती महासरस्वती देवीको म निरन्तर भजन गर्दछु ।

यसै गरी सप्तशतीका तेन्है अध्यायका अधिष्ठात्री देवीहरूको ध्यान प्रत्येक अध्यायको प्रारंभमा दिइएकोछ । तृतीय अध्यायकी भैरवी, चतुर्थ अध्यायकी जयदुर्गा, षष्ठ अध्यायकी पद्मावती, सप्तम अध्यायकी मातङ्गी, अष्टम अध्यायकी भवानी, नवम अध्यायकी अर्द्ध नारीश्वरी, दशम अध्यायकी कामेश्वरी, एकादश अध्यायकी भुवनेश्वरी, द्वादश अध्यायकी आग्नेय दुर्गा, त्रयोदश अध्यायकी त्रिपुरसुन्दरी भन्ने संज्ञा दिइएको छ ।

यो संसार बीजाङ्कुरवद् अनादि छ भन्ने सिद्धान्तलाई वैदिक दर्शनले स्वीकार गर्दछ । तदनुसार सृष्टि स्थिति र संहारको क्रम पनि चलिरहेको छ । यो विश्व प्रथम जडचेतनमय देखिन्छ । कार्य प्रपञ्चमा जडांश भएकाले कारणमा पनि जडांश छ भन्ने कुरो सहजै अनुमान गर्न सकिन्छ । चेतनांश स्वप्रकाश छ । त्यस चेतनद्वारा प्रकाशित जडकारण परप्रकाश्य र एउटै छ । चेतन स्वरूपतः अखण्ड भासमान नभएर जडकार्यहरूमा विभक्त भएर प्रतिभासित हुन्छ अनि निर्विकार चेतनतत्वको भानका निमित्त आवरण र विशेष शक्तिको आवश्यक छ । आवरण र विशेष शक्तिले युक्त भएको तत्वनै महामया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो। स्वप्रकाश ब्रह्मको चैतन्यमा प्रतिफलित भएको यसै चितिशक्तिलाई आदिशक्ति नामले व्यवहार गरिन्छ। उपाधिले गर्दा यही चितिशक्ति सृष्टि, स्थिति र संहारको कारण बन्छ। यसै शक्ति संग संबन्धित र विभाजित भएर ब्रह्मा, विष्णु र महेश्वर सृष्टि, स्थिति र संहारमा समर्थ बन्दछन्। श्री भगवान विष्णु योग निद्रामा मस्त निदाउनु भएकोछ। विष्णुको नाभिबाट कमलनाल निस्केर ढकमक्क फुलेकोछ, त्यसमा चतुर्मुखी ब्रह्मा बस्नु भएकोछ। त्यति बेला यो विशाल ब्रह्माण्ड जलमय छ। आदि शक्तिको इच्छाले सृष्टि क्रम चालु छ। यसै सिल-सिलामा मधु र कैटभले ब्रह्मालाई सताउछन् अनि ब्रह्मा अरू कुनै उपाय नदेखेर योगमायाको स्तुति गर्नु हुन्छ :—

"देवी, तिमी नै स्वाहा स्वधा र वषट्कार हौ। स्वर पनि तिम्रै स्वरूप हो। जीवन दायिनी सुधा पनि तिमी नै हौ। नित्य अक्षर, प्रणवमा अकार, उकार, मकार यी तीनै मात्राहरूको रूपमा तिमी नै रहेकी छौ र यी तीनमात्राहरू को अतिरिक्त जो बिन्दुरूप नित्य अर्ध मात्रा छ जसको विशेषरूपले उच्चारण गर्न सकिदैन त्यो पनि तिमी नै हौ। देवी, तिमी नै संध्या सावित्री, र परम जननी हौ तिमी नै यस विश्व ब्रह्माण्डलाई धारण गर्दछयौ। तिमीबाटै यस जगत्को सृष्टि, स्थिति र कल्पको अन्त्यमा तिमी मै लय पनि हुन्छ। यस जगतको उत्पत्ति कालमा तिमी सृष्टिरूप पालन कालमा स्थितिरूप र कल्पनाको समयमा संहाररूप धारणा गर्दछयौ। महाविद्या, महामाया, महामेधा, महास्मृति, महामोहरूपा, महादेवी महासुरी तिमी नै हौ। तीनै गुणहरूलाई उत्पन्न गर्ने मूल प्रकृति तिमी नै हौ। भयकंर कालरात्रि र महारात्रि र मोहरात्रि तिमी नै हौ। श्री, ईश्वरी, हौ र बोधरूपा बुद्धि पनि तिमी नै हौ। लज्जा, पुष्टि, तुष्टि, शान्ति र क्षमा तिमी नै हौ। तिमी खड्गधारिणी, शूलधारिणी घोररूपा, तथा गदा, चक्र, शंख, र धनु धारण गर्दछयौ। बाणभुशुण्डी र परिघ पनि तिम्रै अस्त्र हुन्। तिमी सौम्यमात्र होइन अत्यन्त सौम्य छौ, संसारमा जति पनि सौम्य र सुन्दर पदार्थ छन् ती सबैको अपेक्षा तिमी अत्यधिक सुन्दरी छौ।

पर र अपर देखि पनि पर रहने परमेश्वरी तिमी नै हौ। सर्वस्वरूपा हेदेवी सत् असत्रूप जो केही बस्तु छन् र तिनमा रहेको जुन शक्ति छ त्यो तिमी नै हौ। यस्ती तिम्रो हामी के स्तुति गर्न सक्छौ। जो यस जगत्को सृष्टि, पालन र संहार गर्दछन ती भगवान्लाई पनि जब तिमीले निद्राको अधीन गराएकी छौ भने अब तिम्रो स्तुति गर्नमा को समर्थ छ। मलाई, भगवान् शंकरलाई तथा भगवान् विष्णुलाई पनि तिमीले नै शरीर धारण गर्न लाएकी छौ तसर्थ तिम्रा स्तुति गर्ने शक्ति कसमा छ तिमी त ती आफ्ना उदार प्रभावहरूबाटनै प्रशंसित छौ। यी दुबै दुर्धर्ष असुर मधु र कैटभ छन्, यिनलाई मोहमा पारेर भगवान् विष्णुलाई चाँडै नै जागा गराइ देऊ विष्णुको अंतः करणमा यी असुरहरूलाई नाश गर्ने बुद्धि उत्पन्न गराइदेऊ"।

ब्रह्माको स्तुतिबाट प्रसन्न भएकी योगनिद्राले विष्णुलाई जागा गराइ दिइन। विष्णु उठेर मधु र कैटभ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संग युद्ध गर्न लागे । महामायाले दुवै असुरको बुद्धिलाई मायाले ढाकिदिइन् । उन्मत्त असुरहरूले विष्णु-लाई वरदान माग भने, विष्णुले आफ्नो हातबाट मरिने वरदान मागेर दुवैको बध गर्नु भयो ।

प्रलय कालमा विष्णु सबै लोकको संहार गरेर योगनिद्रामा सुत्नुभएको थियो । अर्थात जुन केन्द्रमा यस लोकको सृष्टि भएको थियो त्यसै केन्द्रमा लीन हुनुहुन्थ्यो । फेरि त्यसै केन्द्र अथवा नाभि-बाट त्यस विश्वात्म (पुस्कर) कमलको सृष्टि भयो जसमा सृष्टि को समस्त वल अनुस्यूत हुन्छ । त्यस कमलको अधिष्ठाता देवता ब्रह्मा हुन् । वृंहणा वृद्धिको नाम ब्रह्मा हो । जसबाट क्रमशः संसार प्रपञ्च बढ्दछ । सृष्टिको बीजारोपण भए पछि स्थितिकर्ताले सजग हुनु आवश्यक थियो । त्यसैले आफ्नो शक्ति-द्वारा प्रेरित भएर विष्णु जागा हुनु भयो । त्यसैले प्रथम उत्पन्न भएकी यी आदि शक्ति यस सप्तशतीको प्रथम चरित्रको मुख्य आराध्या देवी हुनुहुन्छ ।

यहाँ दुई कुरा देखाइएको छ । एउटा विश्वको आदि स्रोत र अर्को उत्पन्न हुने बिश्व । आदि स्रोत हो अज । त्यस अजको पनि कुनै मातृतत्व थियो जसमा सारा विश्व सहज भावले बिलीन थियो । अज नाभि रूप र अखण्ड रूप पनि छ । अमृततत्व, केन्द्र, प्रजापति र आद्य यज्ञलाई नाभि भनिन्छ । " अयं यज्ञो भुवनस्य नाभिः " " स नाभिः कमले विष्णोः स्थितो ब्रह्मा प्रजापतिः " गर्भधारणको काम मातृ—तत्व बाट नै संभव छ । यस कुरालाई यसरी बर्णन गरेको पाइन्छ :—

तामिद् गर्भं प्रथमं दध्न आपो
यत्र देवाः समगच्छन्त विश्वे
अजस्य नाभावध्येकमर्पितं
यस्मिन् विश्वानि भुवनानि तस्थुः
प्रजापतिश्चरति गर्भे अन्तः
अजायमानो बहुधा विजायते

ब्रह्मदेवको स्तुतिले प्रणवका वाच्य व्यस्टिमा विश्व, तैजस प्राज्ञ र समस्टि विराट् हिरण्यगर्भ ईश्वरको कारण महामायाको संकेत गर्दछ जुन ब्रह्मको चैतन्यमा प्रतिफलित चिति शक्ति हो । जसलाई "अजामेकां लोहितशुक्लकृष्णां" र "मायांतु प्रकृतिं विद्यात्" को अनुसार माया र प्रकृति भनिन्छ । यही नै विश्वको मूल प्रकृति हो । जति पनि व्यक्त विश्व छ त्यो सबै त्यसै अव्यक्त तत्वबाट उत्पन्न भएका हुन् । यसकै गर्भबाट सानाठूला सबै निस्कन्छन् र अन्त्यमा " एकैवाहं जगत्यत्र द्वितीया कायमापरा". भगवतीको वचन अनुसार आफ्नो मूल कारणमा विलीन हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्तिको आराधना

—श्यामदास वैष्णव

गर्दछौं हामी शरद्‌मा—
"शक्तिको" आराधना !

★ ★ ★ ★

जब हिलो—मैलो हटाई
स्वच्छ नभको हृदय खुल्छ !
ज्योति उज्ज्वल चम्किएर
भावनाको कमल फुल्छ !
गर्दछौं तब
हामी मनोहर—सिर्जनाको कामना ।

दुःख कष्ट जितेर, श्रमको—
फल फलेको देख्तछौं जब!
मुस्किए झैं लाग्छ मौसम
झल्किए झैं लाग्छ वैभव !
फुर्छ हाम्रो—कल्पनामा
दिव्य सुन्दर चाहना

★ ★ ★ ★

'सब अनिष्ठहरू बढारी
—दिन्छ वेला यादगारी—
पूजिएकी वीर नारी
एकताकी रूप धारी ।'
—झुक्दछौं हामी तिनै प्रति
नित गरी अभ्यर्थना !

शक्ति हो "सामर्थ्य" सबको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्ममा त्यो दर्शिइन्छ !
विविध प्रकृति बनेर जगमा
गतिमयी भै घुमिरहन्छ !
यो बुझेपछि—तथ्य भित्री
जाग्छ हाम्रो चेतना !
"सत्य" स्नेहित गर्छ सबको
'शक्ति' हितमै टिकिरहन्छ !
'मेल' मा नै 'एकता' छ
"एकताले विजय हुन्छ ।"
रम्दछौं हामी परस्पर—
ली यही नै "धारणा ।"

※

शुभकामना

—हरिहर शास्त्री

देवी ! शैल हिमालमा फुलिरहोस् आदर्श आशा लिई
ढाकोस् विश्व समस्त भित्र बरका हाली जरा माझिई ।
मर्यादामय त्यो पराग मुटुको बन्दा नयाँ स्पन्दन
गर्दा चिन्तन मुक्त होस् सफल भै सत्सङ्गको जीवन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री

वैदिक–धर्म–परिचय

—शिवराज आचार्य

वैदिक धर्म क्या हो ? भन्ने विषयमा संक्षिप्त र स्पष्ट विवरण दिनु गारो कुरो छ, तथापि तलको विवरणले वैदिकहरूको धर्मसम्बन्धी विचारलाई केही मात्रामा प्रष्ट पार्न सक्छ—

ऋग्वेदको शाकलसंहिताका दशम मण्डलको नब्बेऔं सूक्तका सोरौं मन्त्रमा यस्तो कुरा सुनिन्छ- "यज्ञेन यज्ञमयजन्त देवा स्तानि धर्माणि प्रथमान्यासन् ।" त्यसको अर्थ देव अर्थात् चेतनारूप जीवहरूले यज्ञकर्मद्वारा यज्ञको लक्ष्यस्वरूप परमात्मालाई प्राप्त गर्दछन्; तिनै जीव–जीवले परमात्माको प्राप्तिका निमित्त गरिएको यागध्यानादि कर्म र परमात्मा नै प्रथम अर्थात् मुख्य धर्म हुन्' भन्ने हो । यहाँ 'देवो दानाद् दीपनाद् द्योतनाद् वा' भन्ने निरुक्त अनुसार देव शब्दको अर्थ दीपन अर्थात् चेतनास्वरूप जीव भन्ने र यज धातुको अर्थ सङ्गतिकरण सम्मेलन वा एकत्वप्राप्ति भन्ने बुझिन्छ ।

उपर्युक्त कुरालाई नै याज्ञवल्क्यस्मृतिको आचाराध्यायको उपोद्घात प्रकरणमा अष्टम श्लोकमा तलको रूपमा भनिएको छ—

"इज्या-ऽऽचार-दमा-ऽहिंसा-दान- स्वाध्यायकर्मणाम् ;
अयन्तु परमो धर्मो यद् योगेनाऽऽत्मदर्शनम ॥"

उपर्युक्त श्लोकको अर्थ— 'यज्ञ, आचार, इन्द्रियनिग्रह, अहिंसा, दान, आफ्नो वेदशाखाको साङ्गोपाङ्ग अध्ययन, यी धर्मरूप कर्महरूको पनि सारभूत धर्म मनको चञ्चलतालाई रोकेर आत्मानुभव गर्नु नै हो' भन्ने हो । आत्मानुभवको धर्मत्व त्यसका उपायभूत यज्ञ आदिमा सङ्क्रमित हुनाले नै यज्ञ आदिमा धर्मत्व आउंछ; तसर्थ आत्मानुभवका उपायका रूपमा गर्नाले नै यज्ञ, आचार, इन्द्रियनिग्रह, अहिंसा दान, स्वाध्यायहरू धर्म हुन्छन्; आत्मानुभवश्वित कत्ति सम्बन्ध नराखी गरिएमा तिनमा धर्मत्व आँउदैन, ती दम्भ मात्र हुन्छन् भन्ने कुरा उपर्युक्त भनाइबाट बुझिन्छ ।

उपर्युक्त ऋग्वेदका वचनमा साध्य, साधक, साधन तीनै पक्षलाई धर्म भनिएको छ । याज्ञवल्क्य स्मृतिमा भने साध्य नै मुख्य रूपमा धर्म हो भन्ने कुरामा जोड दिइएको छ, तथापि भनाइको भङ्गीमा मात्र भेद हो; उपर्युक्त दुवै भनाइको तात्पर्य एउटै हो ।

आत्मानुभव रूप मुख्य धर्मका उपाय भएका दृष्ट र अदृष्टफल भएका यागादि बहिरङ्ग साधन हरूलाई पनि धर्मका साधन हुनाले धर्म भन्छन् । यसै अर्थमा ''अथातो धर्मजिज्ञासा'' यस सूत्रमा जैमिनीले धर्म शब्दको प्रयोग गरेका छन् । उनले यस प्रकारको धर्मको लक्षण "चोदनालक्षणोऽर्थो धर्मः" भन्ने गरेका छन् । त्यसको अर्थ वेदले विधान गरेको पुरुषको स्पृहणीय अर्थको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधनभूत यागादि धर्म हो भन्ने हुन्छ । यस्ता यागादिबाट स्वर्ग-पशु-अन्न-स्त्री-पुत्र-ग्राम आदिको प्राप्ति हुन्छ; तर ती अनित्य हुन्छन्; तिनको भोग अनित्य हुँदा ती नित्य भै दिए हुँदो हो भन्ने अभिलाषा हुन्छ, तर ती स्वभावैले नित्य हुनै नसक्ने हुनाले उक्त अभिलाषाको भङ्ग हुन्छ । त्यसबाट अनित्य र नित्य वस्तुको तीखो विवेक, ऐहिक र पारलौकिक अनित्य भोगमा विरक्ति, मनको र इन्द्रियहरूको निग्रह गर्ने अभ्यास र सांसारिक बन्धनबाट आत्यन्तिक मुक्तिको इच्छा बढ्दै गई मान्छे आत्मानुभवका निमित्त योग्य बन्दछ । कतिपय यज्ञहरूले भने साङ्केतिकरूपमा परमात्माका विभूतिहरू देखाई परमात्म-तत्त्वतिर साधकको चित्त आकृष्ट गर्छन् । यसरी यागादि परम्परया आत्मानुभवरूप मुख्य धर्मका साधन भएकाले यागादिलाई धर्म भनिएको हो । जैमिनिको धर्ममीमांसामा यस्तै साधनरूप धर्महरूको नै निरूपण गरिएको छ । यागादिको फल अनित्य हुन्छ र त्यो वैराग्यको साधन हुन्छ भन्ने कुरा छान्दोग्योपनिषद्को पञ्चाग्निविद्यामा छ ।

अध्ययन, विचार, विवेक, अलोभ, अक्रोध, अनीर्ष्या, अनसूया, अमत्सर, अस्पृहा, अप्रमाद, सत्यनिष्ठा, धैर्य, क्षमा, श्रद्धा, उपासना, मनोनिग्रह, अहिंसा, अस्तेय, ब्रह्मचर्य, सत्यभाषण, इन्द्रियनिग्रह आदि आत्मानुभवरूप मुख्य धर्मका अन्तरङ्ग साधन भएकाले तिनलाई पनि धर्म भन्छन् । यिनको प्रतिपादन तैत्तिरीयारण्यकको दशम प्रपाठकको वयसट्ठियौं त्रिसट्ठियौं अनुवाकमा र अन्यत्र पनि भएको छ । मनुस्मृतिको "धृतिः क्षमा दमो ऽस्तेयम् शौचमिन्द्रियनिग्रहः। धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ।" भन्ने भनाइको र वर्णाश्रम-धर्मको अपेक्षा नराखी सम्पूर्ण पालना गर्न पर्ने सामान्य धर्म अहिंसा, मानवसमाजले सत्य, शौच, अनसूया, अक्रूरता र क्षमा हुन् भन्ने विष्णुगुप्त कौटिल्यको भनाइको तात्पर्य पनि त्यही नै हो । यी धर्महरु मुख्य धर्मका अन्तरङ्ग साधन भएकाले र यिनका वर्णाश्रमादि व्यवस्थाको अपेक्षा पनि नभएकाले यी धर्महरु कुनै राष्ट्रविशेषका निमित्त मात्र नभई सम्पूर्ण मानव समाजका निमित्त सेव्य भएकाले यिनमा ठूलो वैशिष्टय छ ।

उपर्युक्त धर्मसाधनरूप धर्महरुको पालना गरेर त्यसद्वारा आत्मानुभव गर्ने अवसर राष्ट्रको प्रत्येक मान्छेले पाओस् भन्नाका निमित्त राम्रो राष्ट्रिय वा सामाजिक व्यवस्था आवश्यक हुन्छ । वैदिक विचारकहरुले त्यस्तो सामाजिक व्यवस्थाको परिकल्पना वर्णधर्म र आश्रमधर्मका रूपमा गरेका छन् । वर्णहरुका र आश्रमीहरुका कर्तव्यहरु पनि माथि भनिएका यज्ञ आदि र मनोनिग्रह-इन्द्रियनिग्रह आदि साधनरूप धर्महरुको पालनामा सहायक भइ परम्परया मुख्य धर्म आत्मानुभवका सहायक हुने भएकाले नै धर्म भनिएका हुन् । यस्तै धर्मलाई तैत्तिरीय आरण्यकको दशम प्रपाठकका त्रिसट्ठियौं अनुवाकमा "धर्मो विश्वस्य जगतः प्रतिष्ठा" भनिएको हो । त्यसको अर्थ 'धर्म सम्पूर्ण जगतको सुव्यवस्थाको आधार हो' भन्ने हो । यस्तै धर्मलाई "धारणाद् धर्ममित्याहु धर्मो धारयते प्रजाः" भनिएको हो । त्यस भनाइको तात्पर्य 'मनुष्य समाजलाई व्यवस्थित रूपमा राख्ने र त्यस व्यवस्थाद्वारा सबैलाइ आत्मा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नुभव वा स्वस्वरूपानन्द प्राप्त गर्ने अवसर प्रदान गर्ने हुनाले राष्ट्रिय वा सामाजिक नियमहरूलाई धर्म भनिएको हो' भन्ने हो ।

उपर्युक्त वर्णाश्रमादिधर्मको पालन राज्यव्यवस्था राम्रो भएमा मात्र निर्विघ्नतापूर्वक हुन सक्ने र त्यसद्वारा मुख्य धर्मको पालन हुन सक्ने हुँदा राजाका कर्तव्यहरूलाई पनि धर्म भनिएको छ । राजधर्म पनि वर्णाश्रमधर्मकै एक भेद हो ता पनि त्यसको उपर्युक्त मुख्य धर्मको पालनाका निमित्त अत्यन्त आवश्यकता पर्ने हुनाले त्यसलाई अत्यन्त महत्व दिई "सर्वे धर्मा राजधर्मे प्रविष्टाः' भन्ने गरिएको हो । त्यसै भएर नै विष्णुगुप्त कौटल्यले पनि—

"चतुर्वर्णाश्रमो लोको राज्ञा दण्डेन पालितः।
स्वधर्मकर्माभिरतो वर्तते स्वेषु वर्त्मसु॥"

भनेका हुन् । त्यसको तात्पर्य राजाले दण्डनीतिको राम्रो प्रयोग गरेर पालना गरिएको लोक नै आफ्ना-आफ्ना धर्मकर्मद्वारा परमानन्दप्राप्तिको बाटामा लाग्न पाउँछ भन्ने हो ।

अर्वाचीन कालमा उपर्युक्त सबै प्रकारका धर्महरूको पालना प्रायः विकृत रूपमा गरिएको देखेर तथा आदर्श र यथार्थ रूपमा उपर्युक्त धर्महरूको पालना गरेको उदाहरणबाट प्रेरणा लिन नपाएर एवम् वैदिक धर्मको यथार्थ रूप बुझ्न नपाएर मान्छेहरूको वैदिक धर्ममा पर्याप्त मात्रामा श्रद्धा हुन नसकेको हो । वैदिक धर्मको यथार्थ रूपमा अध्ययन, बोध आचरण र प्रचार भएमा यसमा सबैको श्रद्धा जाग्न सक्छ । वास्तवमा वैदिक धर्म जस्तो परिष्कृत धर्मको आधारमा चलेको क्रियाकलापबाट मात्र राष्ट्र जटिल समस्याहरूमा नजेलिइकन समृद्ध र प्रसन्न भएर रहन सक्छ । विष्णुगुप्त कौटल्यले पनि भनेकै छन्—

"व्यवस्थितार्यमर्यादः कृतवर्णाश्रमस्थितिः।
त्रय्या हि रक्षितो लोकः प्रसीदति न सीदति॥"

उक्त भनाइको अर्थ 'आर्यमर्यादाहरूको स्थापना र वर्णाश्रमको व्यवस्था गरी वैदिक धर्मले रक्षा गरिएको लोक मात्र वास्तवमा दुःख नपाई सदा प्रसन्न रहन सक्छ' भन्ने हो ।

माथिका प्रघट्टकहरूमा देखाइएका वैदिक धर्मका सबै पक्षहरूमा ध्यान दिएर मात्र वैदिक धर्मको पूर्णताको र महत्ताको कल्पना गर्न सकिन्छ; उपर्युक्त कुनै एक पक्षमा मात्र ध्यान दिनाले वैदिक धर्मको यथार्थ रूपको कल्पना मात्र पनि हुन सक्तैन ॥

[रेडियो-नेपालको सौजन्यबाट]

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो शक्ति–आराधना

—खेमराज 'केशवशरण

पद्मपुराणमा जगन्माता पार्वतीलाई सम्बोधन गर्दै भगवान् शिवले भन्नु भएको वचन यस सन्दर्भमा उल्लेखनीय छ ।— उहाँ भन्नु हुन्छ — 'महेश्वरि! शक्ति नरहेको वेलामा म 'शव' मात्र हुन्छु,' तर जब समा शक्ति रहन्छ,म भक्तका समस्त कामनाहरू पूरा गरिदिने शिव बन्दछु । शक्ति वास्तबमा जीवनको सर्वस्व हो । शक्ति-तत्व कहाँ छ ? कसरी मिल्छ र आज हामीले कुन रूपमा केको लागि शक्ति-आराधना गर्नुछ, त्यसबारे चिन्तन गरौं ।

मानवको शरीर-रचनाबारे आफ्नो विचार व्यक्त गर्दै विश्वप्रशिद्ध वैज्ञानिक आइनस्टिनले एक ठाउँ भनेका थिए—"मानवको शरीर भित्र जति अणुशक्ति छ, त्यसको उपयोग गर्ने हो भने एउटा सिङ्गै नगर ध्वस्त हुन सक्तछ ।" भौतिकरूपले मानव के रहेछ भन्ने यसले बुझाउँ छ । वेदान्त दर्शन अनुसार त आत्मिकरूपले मानव साक्षात् ब्रह्मरूप छ : वास्तवमा मानव स्वयंलाई थाहा हुँदैन, उसभित्र कति शक्ति छ; यदि उसको जीवनमा निहित असीम शक्तिको शतांश पनि प्रयोगमा ल्याउन सके ऊ केबाट के बन्न सक्तछ । विश्वका विभिन्न महामानवहरूले आफ्नो यस शक्तिशाली जीवनतत्वको अनुभूति गरेर आफूलाई उचालेका छन ।

मानव मूलतः महान् छ, परन्तु चिन्तनस्तरको विकासविना आफ्नो कुण्ठित परिवेशभित्र थुनिएर ऊ अकिञ्चन बनिरहेको हुन्छ । पराशक्तिको यस सुन्दर लीलामञ्चमा मानव—आत्मालाई यत्र तत्रबाट शक्ति सञ्चयका महान् सुअवसरहरूले बोलाई रहेका हुन्छन । त्यस आह्वानलाई सुन्नेहरू आफूभित्र शक्तिको विकास गरेर आफ्नो अध्यवसायद्वारा आफ्नो क्षेत्रमा आशातीतरूपले सफल भएर अगि बढ्दछन् । जीवन त एउटा पवित्र साधना-भूमि हो । प्रत्येक आत्मा यहाँ बन्नको लागि आएको हुन्छ । यस निर्माणस्थलमा आएर जीवनको सदुपयोग गर्न जान्ने तिनै शक्ति-पुत्रहरूलाई विश्वले महापुरुष भनेर मान्दछ ।

मानवका पनि तीन रूप हुन्छन्—शारीरिक मानव, बौद्धिक मानव र आत्मिक मानव । शारीरिक दृष्टिले मानव एउटा अदना प्राणी हो । ऊ शारीरिक रूपबाट ज्यादा से ज्यादा एउटा योद्धा, पहलवान् वा खेलाडी बन्न सक्तछ । उसको उपलब्धि उसको शरीरको सोमा संग-संगै बाँधिएको हुन्छ र शरीरको नाशको साथसाथै मारिएर जान्छ । बौद्धिक मानव शारीरिक मानवभन्दा कता-कता शक्तिशाली हुन्छ । शरीरको दृष्टिले हेर्दा एउटा सामान्य बोझा बोकेर हिंड्दा पनि केही पर पुग्दैमा ऊ थाक्न सक्तछ, तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानवको बुद्धिले उब्जाएका यानहरूले लाखौं टनको बोझा छिनभरमा कहाँको-कहाँ पुऱ्याउँछन्। शारीरिक दृष्टिले मानव दिनभरिमा केही कोस मात्र हिँड्न सक्तछ, तर मानव-मस्तिष्कले जन्माएका यानहरूले घण्टाको हजारौं माइलसम्मको यात्रा पूरा गर्दछन्। मानवले आफ्नै आँखाको मात्र भरमा हेर्दा केही परसम्म मात्र देख्न सक्तछ, तर उसको प्रतिभाले पैदा गरेका दूरवीक्षण यंत्र हजारौं माइल परको दृश्य उसको सामू छर्लङ्ग उभ्याइदिन्छ। यी सबै कुराले के देखाउँछन् भने मानवको शारीरिक अस्तित्वभन्दा बौद्धिक अस्तित्व ज्यादै व्यापक र शक्तिशाली छ। उसको बौद्धिक क्षमताको सामु शारीरिक क्षमता नगण्य छ।

तर बुद्धिले स्वयंकसबाट यति स्फूर्ति पाइरहेको हुन्छ! यस अद्भुत क्षमताको मूल स्रोत कुन हो? त्यसलाई भन्दछन्-आत्मा। शरीर स्थूल छ-दृश्य छ, बुद्धि सूक्ष्म छ, अदृश्य छ। तर आत्मा बुद्धिभन्दा पनि सूक्ष्म छ र जति सूक्ष्म छ, त्यति विशाल। मानवलाई आत्मविश्वास, लगन, ध्येयनिष्ठा यही दिव्य केन्द्रबाट प्राप्त हुन्छ। मानवको बौद्धिक सामर्थ्य पनि यस आत्म-शक्तिको सामु नगण्य छ। बौद्धिक सामर्थ्य स्वयंमा लक्ष्य होइन यो साधन मात्र हो। यस साधनरूप बौद्धिक बलमा नै मक्खपर्नेहरूले ज्यादाभन्दा ज्यादा शारीरिक बलको समेत सहारालिएर विश्वमा भौतिक विजयको हौसला राख्न सक्तछन्। आफ्नो चतुरताद्वारा ऐश्वर्य को उपभोग गर्न सक्तछन्, तर वास्तविक शक्ति-पुरुषको स्थान लिने सौभाग्य उनीहरूलाई मिल्दैन। सिकन्दर, नेपोलियन र हिट्लरको शक्तिले कुनै बखत विश्व मानवलाई नै सन्त्रस्त नतुल्याएको होइन, तर त्यो शक्ति भौतिक र ज्यादाभन्दा ज्यादा बुद्धिसँग मात्र सम्बन्धित हुनाले मानवीय इतिहासमा आदरणीय बन्न सकेन। त्यसको विपरीत बुद्ध, ईशा गान्धी आदि साधुपुरूषहरूको जीवन र सन्देशले मानवमात्रको लागि-प्रेरक शक्ति बनेर विश्व-इतिहासका पाना ओगट्न पुगेको छ। जति युग बित्तै जाँदै छन्, त्यसमा त्यति शक्तिशालिता वा प्रभावपूर्णता सिद्ध हुँदै छ। यो आत्म-शक्तिको सर्वश्रेष्ठता सिद्ध गर्ने जीवन्त तथ्य हो। आज केवल शरीर-मानवलाइ होइन, केवल बुद्धि-मानवलाई पनि होइन, त्यस आत्म-मानवलाई प्रकाशमा ल्याउनु परेकोछ, जहाँबाट शक्तिको कल्याणकारी शुद्ध धारा प्रवाहित हुन्छ।

जीवनको उन्नायक पवित्र शक्तितत्वको उपासना गर्ने महापुरुषहरूले विश्वपोषिणी पराम्बा दुर्गासमक्ष सुन्दरतम् प्रार्थना गर्न भएको छ। संभवतः दुर्गापूजाको सम्पूर्ण सार त्यस श्लोकार्धभित्रै अन्तर्भूत छ। "रूपं देहि जयं देहि यशो देहि द्विषो जहि।" यस दिव्य प्रार्थनाभित्र के चाहिं छैन? जीवनको समग्र समुत्थानको लागि यसमा जगदम्बालाई पुकारिएको छ। यो सप्तशती पारायणको एक अङ्ग मानिने अर्गलास्तोत्रको प्रार्थना—श्लोकार्ध हो। यो शक्तिलाई आफ्नो अधीनमा राख्ने आग्लो (अर्गला) हो। शक्तिको मूल पैल्याएर साधक भन्छ-"माता! मलाई रूप— मेरो वास्तविक शक्ति सम्पन्न स्वरूप दिनुहोस्। मलाई जय— विकृतिहरूमाथि पूर्ण अधिकार गराई दिनुहोस्। मलाई यश— आफू बनेर अरूलाई पनि बनाउन सक्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चरित्र-सम्पन्नता दिनुहोस्। मेरो शत्रुहरू— मेरो मनमा बसेर सधैं मलाई ओरालोतिर धकेल्ने काम-क्रोधादि सूक्ष्म शत्रुहरूलाई मारिदिनुहोस्।'' कति दिव्य छ यो प्रार्थना ?

कतै-कतै यसको लौकिक अर्थ पनि हुँदो हो र '' द्विषो जहि '' वाला अंश लिएर मारणोच्चाटनादिको लक्ष्यले तथाकथित आराधना पनि चल्दो हो। तर कल्याणमयी उपनिषत्प्रतिपाद्या भगवती हैमवतीको–वात्सल्यमयी विश्वमाताको आराधनाको प्रकाशमय स्वरूपमा लाग्न आएको ऐजेरू नै मान्न सकिन्छ, त्यस्ता पथभ्रान्त उपासनाहरूलाई। वास्तविक आत्मशक्तिको उपासकलाई त बाहिर कुनै शत्रु रहन्न। समस्त शत्रुताको मूल उसले भित्रै देख्तछ। जसको भित्रको शत्रु निर्मूल, छ उसको लागि विश्वभर मित्र—मिलन छ। "मित्रस्य चक्षुणा सर्वाणि भूतानि समीक्षे।'' यही उसको साध्य हुन्छ । कुनै निम्नकोटीका शक्तिसाधकसंग तिमी शत्रुलाई कसरी निर्मूल पार्न चाहन्छौं भनेर सोध्यो- भने जवाब आउने छ— '' म शत्रुलाई मारेर निर्मूल पार्न चाहन्छु ।'' तर सच्चा शक्तिसाधक विश्वजननी दुर्गाको वास्तविक उपासकसंग सोध्यो भने उनले जवाब दिने छ—"म मित्रमा बदलेर शत्रुलाई निर्मूल पार्न चाहन्छु।" आफ्नो आधारको रूपमा यी दुवैले "द्विषो जहि" लाई उद्धृत गर्न सक्तछन्, तर शक्ति—विकासको अनुकूल, आत्मसमुत्थानको अनुकूल चाहिं निर्विवादरूपले पछिल्लो साधनालाई नै मानिने छ। जीवनको मूल तत्त्व फेलापार्नु, सर्वत्र आत्मीयता भेट्नु, जीवनको अन्तर्विशालतालाई आत्मसात् गर्नु यही नै शक्ति-पूजा हो।

हामीले प्रतिवर्ष मनाउँदै आएको दुर्गापूजाको लक्ष्य यस आत्म—मानवको विकास गर्नु नै हो। सप्तशतीमा आत्मस्थानीय उत्तम चरित्रलाई पहिला दुइ चरित्रभन्दा तेब्बर महत्त्व दिएर अन्तमा महा—सरस्वतीकै उपासनामा जीवनको पूर्ण फलप्राप्ति निहित छ भन्ने सँकेत गरिएको छ। यस आत्मशक्तिलाई जगाएर नै मानवले आफ्नो, समाज, राष्ट्र र विश्वलाई कल्याणभाजन तुल्याउन सक्तछ । उसका समस्त शक्तिस्रोतहरू त्यहींबाट प्रस्फुटित हुन्छन् ।

तर आज एउटा कुरा मननीय भएको छ। यति विशाल र गतिशील लक्ष्य लिएर अगि बढेको हाम्रो शक्ति—आराधना दुर्गापूजाले एउटा रूढरूप लिंदै गइरहेको छ । चाचा, पापा,नाना, गागा जस्ता कुराको प्राप्तिमै यसको सम्पन्नता मानिने गरेको देखिन्छ । यसले गर्दा गरीबहरूको लागि यसले 'दशैं' नभएर दशाको रूप लिने गरेको पाइन्छ। मिठो-मसिनो खानु र राम्रो लगाउनुमा चल्ने होडलेगर्दा कति गरीबहरूको टुपी बेचिन्छ। यसले शक्ति बढाउनुको सट्टा कहिलेकाहींकैयौं चर्का समस्याहरू थपेर समाजलाई झन्—झन् जर्जर तुल्याउने गरेको पाइन्छ । त्यसैले यसको आत्मपक्षीय साधनामा नै बढी बल दिने प्रवृत्तिको विकास हुनु आज अनिवार्य हुन आएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज त हामीले व्यक्ति—व्यक्तिमा रहेका साधन र शक्तिका कण-कण बटुलेर राष्ट्र-शक्ति खडा गर्नु छ। दुर्गा सप्तशतीले लक्ष्य गरेको समर्पण-यज्ञ पूरा गरेर समाजलाई खलबल्याउने मानवीय कमजोरीको रूपमा रहेको दानवी शक्तिको अन्त गर्नुछ। यसैको लागि हामीले घर-घरमा दुर्गा भगवतीलाई आह्वान गर्नु परेको छ। भगवतीसंग आज हामीले अन्तर्मनदेखि प्रार्थना गर्नु परेको छ। "जगदम्बे ! आऊ हाम्रो हृदयमा वास गर। हामीमा दिव्यशक्ति भरिदेऊ। हाम्रा हातले तिम्रो काम गरून्, हाम्रा गोडा तिम्रो परिचर्याको लागि अगि बढून्, हाम्रो दृष्टि-शक्तिले तिमीमा पुग्ने मार्ग देखाओस्।"

"राष्ट्रमाता ! तिमी हाम्रो चिन्तनमा वास गर। त्यसमा उठ्ने अमङ्गल संकल्पहरूलाई निर्मूल पारिदेऊ। खड्ग, शूल, गदा, धनुष, आदि दिव्य अस्त्रद्वारा तिमी हाम्रा जीवनका बाधक अन्तर्विकृतिहरूलाई मारिदेऊ। हामीले तिम्रो सेवाको स्वर्णिम साधनालाई चिन्न सकौं र समाज, राष्ट्र वा विश्वको सेवामा नै तिम्रो पूजा देख्न सकौं।"

आज हामीले सम्पूर्ण पूजा, आराधना, उपासनालाई राष्ट्रिय समुत्थानप्रति नै समर्पित गर्नुछ। राष्ट्रमाताको उपासनालाई नै जीवनको उपासना बनाउनु परेको छ। दुर्गापूजाको अवसरमा खुंडो, खुकुरी र अन्य हातहतियारको पूजा गर्ने हाम्रो चलनमा पनि अब हामीले नयाँ दृष्टिले सोच्नु परेको छ। जुनबेला हामीले बाहिरका स्थूल दुश्मनहरूसंग जुध्नु थियो, त्यसबेला हामीले थिनै हतियारलाई उपकरण मानेर पूजा गर्‍यौं। राष्ट्रिय एकीकरणको बेलामा, फिरङ्गीहरूसितको मुकाविला गर्नु परेको बेलामा हामीले काली जगायौं, हातहतियारमा शक्तिको आह्वान गर्‍यौं, तर अब माता भवानीलाई राष्ट्रविकासको लागि जगाउनु छ। राष्ट्रको प्रत्येक अङ्गमा शक्तिमातालाई पुर्‍याउनु परेको छ। अतः अब काली जगाउनु परेको छ, राष्ट्रविकासको प्रत्येक उपकरणमा। आज खुंडो-खुकुरीको साथै कुटो, कोदालो, कलम पुस्तक, छीनो रंभो, हलौजुवा आदि समाज—विकासका यावत् उपकरणमा शक्ति जगाउनु परेको छ। जसबाट राष्ट्र जुर्मुराएर उठ्न सकोस्, शक्तिको नयाँ शुद्ध स्रोत फेला पार्न सकोस्, राष्ट्र-चिन्तनले नयाँ सात्त्विक ओज फेला पार्न सकोस्।

राष्ट्रमाताले आज बाटो हेरिरहेकी छन्, उत्तम उपासकको लागि। माताको सेवामा निमित्त बन्न हामीले राष्ट्रसेवाको सन्दीप्त भावना लिएर चरित्रवान् बन्नेबेला आएको छ। जीवनमा संयम, सद्भावना र सेवाको बलले शक्ति भर्नु परेको छ। सत्यमयी, करूणामयी र विश्व-हितैषिणी माता भवानीको आह्वानलाई आज हामीले बुझ्नु छ, अनि मात्र हामीले शक्ति-आराधनाको आत्मा फेला पार्ने छौं। "महान् उद्देश्य प्राप्त गर्न पहिले जीवनमा महत्ता ल्याउनु पर्छ।" शक्ति—आराधनाको यस मूल सन्देशलाई मनमा राखेर अगि बढौं आज युगले यसैको लागि पुकारिरहेछ। हाम्रो जीवनमा शक्तिको अवतरण हाम्रै प्रयत्नमा निर्भर छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृति भनेको के हो ?

—जयराज आचार्य:

हाम्रो जीवित शरीर हाड, मासु, रगत र नशा मिलेर बनेको हुन्छ । कुनै मृत शरीरमा पनि हाड, मासु, रगत र नशा त हुन्छ नै; फरक के त भने- जीवित शरीरमा प्राण हुन्छ, मृत शरीरमा हुँदैन । जीवित शरीरमा प्राणको जुन स्थान छ, यौटा राष्ट्रमा संस्कृतिको त्यही स्थान छ; अर्थात् संस्कृति नभएको राष्ट्र मृत राष्ट्र हो, किनभने संस्कृतिविना कुनै पनि राष्ट्रले आफ्नो मूर्ति (Image) अरूहरूको अगाडि प्रस्तुत गर्नै सक्दैन । संस्कृति नभएको जाति वा राष्ट्रलाई आजकलका सभ्यराष्ट्रहरूले हेप्दछन्, असभ्य भन्दछन् । त्यसोभए संस्कृति भनेको केवल 'सभ्यता' नै हो त ?

होइन, सभ्यता र संस्कृतिमा फरक छ । सभ्यतामा देशको भौतिक पक्ष प्रतिबिम्बित हुन्छ; संस्कृतिमा चाहिं आध्यात्मिक पक्ष प्रतिबिम्बित हुन्छ । अर्को शब्दमा भन्ने हो भने-सभ्यता र संस्कृति देशका शरीर र आत्मा हुन् । सभ्यताद्वारा संस्कृतिको निर्माण हुन्छ, त्यसैले सभ्यता साधन हो र संस्कृति साध्य हो । हाम्रो शरीरको निर्माणमा पनि पहिल्यै मूर्ति बन्छ, अनि प्राण हालिन्छ । शरीर भाँडो हो, प्राण त्यसमा राखिने कुरा हो । त्यस्तै सभ्यता भाँडो हो, संस्कृति प्राण हो । केही पनि नराखेको भाँडो रित्तो हुन्छ; त्यसकारण संस्कृति नभएको सभ्यता रित्तो र खोक्रो हुन्छ । भाँडोमा राख्ने कुरै केही छैन भने त्यो भाँडाको के प्रयोजन ? जस्तो यौटा ढुंगाले तिर्खा मेट्न सक्दैन, त्यस्तै त्यो रित्तो गाग्राले तिर्खा मेट्न सक्दैन । त्यसकारण केवल सभ्यताको नारा मूर्खतापूर्ण कुरा हो ।

सभ्यता र संस्कृतिको अन्योन्याश्रित महत्व-पूर्णतालाई नबुझेर कोही मानिस संस्कृतिको विरोध गरेर (न बुझीकनै) सभ्य बन्न खोज्छन् ! यस्तो प्रवृत्ति नेपालमा पनि धेरै छ; तर त्यसरी आफ्नो उच्चता कायम गर्न सम्भव छ ? खोक्रो सभ्यता मात्र लिन खोज्यौं भने हामीमा लघुताभास (Inferiority Complex) आउँछ । उदाहरणार्थ-यहाँ मान्छे यौटा अमेरिकन (हिप्पी नै भए पनि) सित अंग्रेजीमा खर्र बोल्न सकियो भने आफ्नो योग्यता (Quality) बढेको ठान्छन् । आफ्नो संस्कृतिको उच्चतालाई अनुभव नगर्ने हो भने हाम्रो योग्यताको परीक्षा यौटा सेतो छाला भएको मूर्तिका सम्पर्कमा आउनुमा नै देखिन थाल्ने छ ।

यद्यपि सभ्यता भनेको के हो भनी निश्चित रूपमा भन्न गाह्रो पर्छ, ता पनि साधारण मानिसले सभ्यता भनेपछि यही सम्झन्छ कि "राम्रा घर, राम्रा चित्रकला र किताबहरू औ राम्रो देखिनेजति जे सुकै कुरा पनि निश्चय नै सभ्यताका चिन्हहुन्"—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(नेहरू, लेटर्स मा) । जे भए पनि, सार कुरो के हो भने सभ्यता बढी उपयोगी कुरा हो र संस्कृति बढी मूल्यवान् कुरो हो । कुनै चिज बढी उपयोगी हुँदैमा त्यसको मूल्य पनि बढी नै हुनुपर्छ भन्ने ठेक्का छैन । अर्थशास्त्रीय दृष्टिकोणले हेर्दा—औंलामा लगाएको सुनको औंठीभन्दा कुनै चिनी कारखानामा दिनको हजारौं धार्नी चिनी उत्पादन गर्ने मेशीनको यौटा सानो चक्की बढी उपयोगी ठहर्छ, तर बजारमा किन्न जाँदा त्यो चक्कीलाई ५०। रूपियाँ पर्छ र औंठीलाई ५००। रूपियाँ पर्छ । औंठीले त यौटा पिनले गर्ने काम पनि गर्दैन, तर त्यो चक्की वा पिनभन्दा सुनको औंठी सानो र कम मूल्यवान् भनेर कोही भन्न सक्छ ? सक्दैन, ठीक यही कुरा सभ्यता र संस्कृतिमा लाग्छ । हाइड्रोजन बम सभ्यताको दृष्टिमा जस्तो चरम शिखरमा छ, संस्कृतिको दृष्टिमा शायद उस्तै किसिमले नीच छ । आजको विश्वले चिच्याएर मागेका कुराहरूतर्फ विचार गर्दा यो कुरा स्पष्ट हुन्छ ।

विज्ञानको प्रगतिका साथ – साथै सभ्यताको विकास भयो भन्ने कुरा धेरै प्रचलित छ । विज्ञानले गरेको औद्योगिक उन्नतिकासाथै भ्रष्टाचार र अनैतिकता प्रशस्त बढेको कुरा पनि स्पष्ट छ । विज्ञानले जीवनलाई जति जटिल बनाउँदै लगिरहेछ, अपराधहरू पनि उत्तिकै जटिल बन्दै गइरहेछन् । मानिसहरू चारित्रिक दृष्टिले ज्यादै पतित छन् । घूसखोरी, कामचोरी, गुटबन्दी, नातावाद, स्वार्थपरायणताजस्ता लाज लाग्दा कुरा संसारका सबै देशमा बढिरहेकै छन् । यसबाट पनि स्पष्ट हुन्छ कि सभ्यता र संस्कृति दुइ भिन्दै कुरा हुन् र सभ्यतामा अघि बढे पनि संस्कृतिमा अघि बढ्न सकिंदोरहेनछ । घूस नखाने' काम न ठग्ने, गूटबन्दी न गर्ने, नातावादी प्रवृत्तिमा न लाग्ने, स्वार्थपरायणताबाट रोकिने आदि नैतिक सफलता प्राप्त गर्न त आध्यात्मिक विकास भएको मन्छेले मात्र सक्तछ, (यसैलाई कोही मानसिक विकास भन्दछन्, तर त्यो त्यति उचित हैन । वस्तुत: सांस्कृतिक उच्चता भनेको त्यही हो । फलत: (अहिले प्रचलित सामान्य अर्थमा) सभ्यता भौतिक कुरो हो र संस्कृति आध्यात्मिक कुरो हो ।

संस्कृति आजको विश्वको माग हो, किनभने संस्कृतिले विश्वशान्ति गर्न सकिन्छ, परस्परमा मित्रता जगाउन सकिन्छ । त्यसैले त संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक सांस्कृतिक संगठन ले आफ्नो अन्तर्राष्ट्रिय सांस्कृतिक-सहयोगको लक्ष्य मा यस्तो लेखेको छ :—

१) सबै संस्कृतिहरू सम्पूर्ण मानवजातिका धरोहर हुन् ।

२) सबै संस्कृतिका आ—आफ्ना मूल्य छन् जसलाई सदैव आदर एवं रक्षा गरिराख्नुपर्छ ।

३) सबै राष्ट्रले संस्कृतिको विकासमा प्रयत्न गर्नुपर्छ ।

४) सांस्कृतिक—सहयोगको प्रथम लक्ष्य—ज्ञान फैलाउनु, बुद्धि तिखार्नु र संस्कृति लाई बढाउनु ।

५) सांस्कृतिक सहयोगको द्वितीय लक्ष्य—सबै जातिहरूमा मित्रता र शान्तिपूर्ण सम्बन्धहरूको विकासगर्दै लानु-आदि ।

(इण्टर—नेशनल कलचरल कोअपरेशनबाट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब यहाँनेर उल्लेख गर्नु पर्ने कुरा के छ भने उक्त प्रपत्रमा उल्लेखित पाँचौं लक्ष्यलाई स्पष्ट पार्न भगवान् बुद्धकोमूर्तिको चित्र छापिएको छ । त्यसबाट यस निबन्धले स्पष्ट पार्न खोजेको कुरा इंगित हुन्छ । त्यो के भने सबै जातिहरूमा मित्रता र शान्तिपूर्ण सम्बन्ध कायम गर्ने लक्ष्यपूर्तिका निमित्त बुद्धले पालना गरेको "वसुधैव कुटुम्बकम्, अहिंसा परमो धर्मः" भन्ने भावनाले जत्तिको प्रभावकारीरूपमा काम गर्छ, त्यत्तिको अरू केहीले पनि गर्दैन ।

अब हामी उपसंहारमा पुग्छौं—विज्ञान र प्रविधिको क्षेत्रमाभएको विकासले मस्तिष्कलाई थकाउने यान्त्रिक जटिलताबाट त्रस्त भएका; धनी-गरीब, सभ्य-असभ्य, ठूला-साना भन्ने भावनाले हृदयमा घृणा भरिएका; परस्परमा कसैले-कसैलाई विश्वास न गर्ने र प्रतिद्वन्दिताको लागि अनवरतरूपले दौडिरहने; यन्त्रमैं व्यस्त रहनाले मानवीय भावना हराइसकेका पाश्चात्य-भाइबन्धुहरूलाई केही कुरा सम्झाउन-बुझाउन सक्छौं । हामीसंग धेरै पैसा न होस्, हामी शारीरिक वा अन्य भौतिकरूपले त्यति बलिया न होउँला, तर हामीले आफ्नो जन्मदेखि नै त्यो वैदिक संस्कृतिमा आफ्नो बाल्यकाल र युवावस्थालाई हुर्काएर ल्याएका छौं जसले भन्छ :—

"सबै प्राणीले मलाई मित्रको दृष्टिले हेरून्,
म पनि सबैलाई मित्रको दृष्टिले हेर्छु
हामी सबै मित्रको दृष्टिले हेरौं ।" १

"सारा पृथ्वीका प्राणीहरू हाम्रा बन्धु
हुन् ।" २

"हामी सबैको संकल्प यौटै होस्
हामी सबैको हृदय यौटै होस्
हामी सबैको मन यौटै होस् ।" ३

"संग-संगै हिंडौं, संगसंगै यौटै कुरो बोलौं
संग-संगै बुझौं, संग-संगै एक भएरसंसारको
भोग गरौं ।" ४

यस्तो हाम्रो संस्कृतिछ; त्यसैले हामी सबैलाई खुला हृदयले प्रेम गर्दै आलिङ्गन गर्न तयार छौं र यो अनुरोध गर्छौं कि यिनै उपर्युल्लिखित पाठहरू आउंदो पिंढीलाई पहिल्यैदेखि सिकाऔं; त्यसो भए पारस्परिक प्रेम बढ्छ, विश्वास जाग्छ, अनि निरस्त्रीकरणको लागि (वा कुनै पनि आणविक होडबाजी रोक्नका लागि) अर्थहीन हस्ताक्षर गर्ने झमेला झिक्न पर्दैन । हाम्रो संस्कृतिले यही विश्वशान्ति सिकाउँछ कि—"द्यौः शान्तिरन्तरिक्षं शान्तिः पृथिवी शान्तिः" यो संस्कृति विश्वको सनातन संस्कृति हो; यसलाई देश-कालको सीमाले रोक्न सक्दैन ।

● १. "…मित्रस्य मा चक्षुषा सर्वाणि भूतानि समीक्ष्यन्ताम् मित्रस्याहं चक्षुषा सर्वाणि भूतानि समीक्षे । मित्रस्य चक्षुषा समीक्षामहे -शु. य. १६।१८.

२. अयं निज परो वेति गणना लघुचेतसाम् ।
उदारचरितानां तु वसुधैव कुटुम्बकम् ॥
— पञ्चतन्त्र

३. समानी व आकूतिः समाना हृदयानि वः ।
समानवस्तु वो मनो यथा वः सुसहासति
— ऋग्वेद ३४।४

★ ४. संगच्छध्वं संवदध्वं सं वो मनांसि जानताम् देवा भागं यथा पूर्वे सञ्जानाना उपासते ।
— ऋग्वेद १०।१९१।२.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



श्री कृष्णाष्टमी महापर्वमा नयाँ सडकबाट भगवान श्री कृष्णको भव्य शोभायात्रा गइरहेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सार्थक धर्म

—सिद्धिबाबु अर्ज्याल ।

हांस्यो खित्खित मात्तिएर छिनमै पाऱ्यो बलेन्द्रा–झरी
कैले बोलिरह्यो विचित्र कहिले भो चूप लाटोसरि
तृष्णा, लोभ र मोह–शत्रुहरुकै दुर्मन्त्रणामा बगी
मानौं पागलको दशा छ सबको, कस्तो हरे ! जिन्दगी ।

यो ता साधनमात्र पो मनुजको हो मुक्तिको खातिर
चेष्टा खै ? अझ भक्त भै विषयको झुल्छौं प्रपन्चैतिर ।
अर्कामा उपदेश गर्नेतिर छौं हामी महापण्डित
सद्धर्मोचित शुद्ध आचरणमा बन्छौं स्वयं खण्डित ।

के हो धर्म ? कहाँ छ ? मिल्छ कसरी ?—गाऱ्हो छ यो उत्तर
ढोंगी भस्म, जटा, समाधि, अलिनो पाण्डित्यको के भर ?
अर्काको उपकारतर्फ गरिने निःस्वार्थ सेवा कता ।
देखिन्छन्, तर, शत्रुतासरि तिता संसारका मित्रता ।

दौडी खालि पुराणका पछि सधैं मिल्दैन केही पनि
तृष्णा, लोभ निचोर्नु पर्दछ, यिनै हुन् भ्रष्ट पार्ने जुनी
हुन्छन् धार्मिक यत्न निष्फल सबै यिन्लाइ राखे वर
सङ्लो चित्त हुंदैन, योबिनुयहां सम्भिन्न कैल्यै नर ।

तृष्णा, लोभ हुनन् अशक्त सहजै वैराग्यको रागमा
यो वैराग्य–सितार गुंज्छ मनमा एकान्तको बागमा
गर्दा गौड विचार—निर्धन बनी आफू भिखारी भए
आफ्नो भन्नु हुनेछ को ?, कु–दिनमा सद्बन्धु को को भए ।?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपैयाँमा किनेको ग्रन्थसेट पवित्र छ र ब्रह्मज्ञान दिनेवाला छ, न त बुद्धले नै त्यसबाट कुनै कल्याण हुने उपदेश छाडेका छन् । जड़लाई अधिक महत्व दिनाले गुरुको भूमिका पनि जडीभूत भयो । कोही गुरु हुन सकेनन्; गुरु गराउने सारगर्भित जीवित धर्म सदैं-सदैं आएन: आए त केवल ग्रन्थ, पवित्र ठानिएका ग्रन्थ, जो हाम्रा आलमारीमा विराजमान् छन्, जडवत् ।

सदाचार ग्रन्थमा हुँदैन; जीवनको संघर्षमा रहन्छ । तपस्या, भजन, भक्ति, समाधि आदि पनि ग्रन्थमा रहने गर्दैन । वास्तविकतासित मिलान हुन सक्ने कुन कुरा आज पुराना ग्रन्थमा विद्यमान् छन् ? कुनै ग्रन्थ विकसित र उपयोगी हुँदै आएनन्; मानिसचाहिं धेरै अगाडि बढिसके; ग्रन्थ पछाडि परे । उदाहरणमा, सैद्धान्तिक-प्राविधिक र वैज्ञानिक किताबहरू हाम्रा सामू छन् । प्राध्यापक र अनुसन्धाताका साथै तिनका किताब पनि फेरिंदै जान्छन्, सिद्धान्त बदलिंदै रहन्छन्, प्रयोग अद्यतन हुँदै आउँदछन् । केही काल अगिसम्म शास्त्रमा क्षेपकहरूसम्म थपिंदै गर्थे । प्रायः सबै पुराणमा यो प्रक्रिया देखिन्छ । अब हामी न केही झिक्न सक्तछौं, न त थप्न नै सक्तछौं । विभिन्न कालमा थपिएका कुरा झिकेर ग्रन्थलाई पुरातन विशुद्धरूपमा राख्यौं भने, त्यो पुरातत्वको विषय त बन्न जाला, तर आधुनिक जीवन-संघर्षका लागि उपयुक्त हुन सक्ने छैन ।

त्यसैले अगि समस्याको समाधान नहुँदा, पूर्वजहरू तपस्या गर्दथे । तपः बाट मार्ग पाउँदथे । मार्ग पाएर देखाउँदथे । तिनलाई अनि अरू यात्रीहरू मार्गदर्शक बनाउँदथे । यसरी बल्ल उनी गुरु बन्दथे । हाम्रा नामूद ऋषि-मुनिले कुनै किताब पढ़ेनन्, आफ्नै अनुभूति अरूलाई बताउँदै हिंडे । बुद्ध, जीसस्, मुहम्मदहरूले आफ्नै अन्तरात्माबाट निस्केका कुरा विश्वका सामू राखे । त्यही पवित्र शास्त्र बन्यो । यिनले कुनै कुरा लाई पनि छिपाएनन्, गुप्त राखेनन्, आचार्यमुट्ठी बाँकी छोडेनन् । त्यसैले यिनको धर्मले विश्व छोप्यो ।

गुरुबाट मात्र मन्त्र सुनिन्छ, दिक्षा लिइन्छ, स्वाध्याय गरिन्छ । यी कुरा किताब हेरेर थालिंदैनन्, तर वर्तमान मनोवृत्तिले गुरु मनपराउँदैन । गुरु छैनन्; त्यसैले हाम्रा शास्त्र अब किताब बनेका छन् । अतः तपस्याको नितान्त आवश्यक भइसकेको छ । यी शास्त्रको पुनरुत्थान तपस्याविना संस्करणबाट मात्र हुन सक्तैन । "गुरु नै कुण्डलिनी" र "गुरुर्देवो महेश्वरः" फत्ताँक्कै भनिएन हुनन् । त्यस्तै- "यदा ह्वे पातु भवन्ति धम्मा ....." आदि गाथा बुद्धले त्यसै बोलेका होइनन् । पुराना कुरा गए- बिते; अब ती फर्कन सक्तैनन्; आवश्यकता छ नवीकरणको; नयाँ चोला नबदली हाम्रो वा विश्वको धर्म यहाँ खप्न सक्ने छैन । इत्यलम् ।

★

● "वास्तवमा चिन्ताको सार्वभौम इलाज धार्मिक विश्वास नै हो ।"

--विलियम जेम्स

(आधुनिक मनोविज्ञानका जन्मदाता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज सरकारबाट सनातनधर्म सेवासमितिद्वारा श्री कृष्ण जन्माष्टमीको उपलक्ष्यमा आयोजित कार्यक्रमको सफलताको लागि बक्सेको

सन्देश

कुनै पनि देशको इतिहास र सांस्कृतिक मान्यताहरू महापुरुषको जीवनी तथा आदर्शबाट अनुप्रेरित भएको हुन्छ । हाम्रा धार्मिक र सामाजिक मान्यताहरू पनि भगवान् श्रीकृष्णको आदर्श खासगरी गीताका अमर उपदेशबाट अनुप्राणित रहिआएकोछ । गीताको सारतत्त्व कर्मयोग हो । आदर्श पुरुष श्रीकृष्णको जन्मजयन्तीको उपलक्ष्यमा आयोजित यस समारोहबाट समस्त नेपालीलाई दृढताका साथ कर्तव्य पथमा अग्रसर हुन प्रेरणा मिलोस् भन्ने म कामना गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ सन्देश वाणी

मानननीय सनातन धर्म सेवासमितिका सचिव महोदय

काठमाण्डू, नेपाल ।

यहाँहरूको पत्र पाउँदा मलाई ज्यादै हर्ष लाग्यो । आज भगवान् श्रीकृष्णको अवतार दिनको उपलक्ष्यमा हुने प्रवचन समारोहमा म उपस्थित हुन नसकेकोमा असन्तोष नगर्नु होला । यस भाद्र महिनामा म एउटा विशेष व्रतमा छु । यस व्रतको बीचमा मलाई बाहिर जान अलिकति पनि समय छैन । यसै कारणले आजको प्रवचन समारोहमा उपस्थित हुन म असमर्थ छु । आयोजनकर्ताहरू र यस सम्बन्धी सबै उद्योगशीलहरूमा मेरो शुभकामना सन्देश वाणी पठाएको छु ।

आशा गर्छु यस समारोहमा पाल्नु हुने सबैले सनातनधर्मको मूल तत्त्व बुझ्न सक्नेछन् र सनातनधर्मको व्यापक प्रचार हुनेछ । यस्तो महान् कार्य सम्पन्न गर्न लाग्नु भएकोमा यहाँहरू सबैप्रति भगवान्को कृपादृष्टि बनोस् ।

विनीत

श्रीकृष्णकान्त
वैष्णवाचार्य
अ० भा० वैष्णवाश्रम
गौहाटी, आसाम

अस्थायी ठेगाना :—
बत्तीसपुतली
काठमाडौं
नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीता--विश्ववाङ्मयको लागि अमर सन्देश

—केदारमान व्यथित

(श्री कृष्णाष्टमीको अवसरमा आयोजित प्रवचन समारोहमा दिइएको उद्घाटन भाषणको संक्षिप्त सार)

धर्म संस्थापनका निंति दुष्टलाई दलन र साधुलाई संरक्षण दिन नारायण नररूपमा अवतरित हुनु भएको मंगलमय दिवसको महोत्सवलाई पूर्णता प्रदान गर्न यहाँ भेला हुनु भएका धर्म—प्राण संपूर्ण तपाईंहरूलाई मेरो अभिवादन छ ।

कुरुक्षेत्रलाई भगवान् कृपाको तीर्थस्थल संभेर अर्जुनले सम्पन्न गरेको निष्काम कर्मयोगको अनुष्ठानबाट महाभारत पुण्यमय भएको इतिहास साक्षी छ ।

श्री कृष्णलाई भगवान्को रूपमा प्रतिष्ठा दिने गीताका बारेमा जति भने पनि भन्न बाँकी नै रहन्छ । यसका यति टीका—टिप्पणी भए जसले आ-आफ्ना भूमिकाले आफ्नै मौलिकता कायम गरेको देखिन्छ । हिन्दूको मात्र यो नभएर अब विश्वकै वाङमयमा अमर सन्देश दिने हुन गएको छ ।

जीवनको बाँसुरीमा श्री कृष्णले भर्नु भएको कर्म-रागको आरोह र अवरोह ज्ञान र भक्तिले परिपूर्ण छ ।

गीताका चषकमा भरिएको अमृत पिएर महामानवहरूले यस धरतीलाई नै कर्म-सौन्दर्यले पवित्र पारेका उदाहरण यथेष्ट पाइन्छन् ।

श्री कृष्णको वाकधाराबाट ऐश्वर्य, धर्म, यश र श्री मात्र होइन कि वैराग्य तथा मोक्षकै अर्थ-प्रवाह पनि विस्तृत भएको छ ।

आसुरी संपदरूपी पंकमासमेत ज्ञानोदयले दैवी भावनालाई शतदलको रूपमा प्रस्फुटित गराएर पङ्कलाई पङ्कजले शोभा दिएझैं सत्व-रज-तमले व्याप्त विश्वलाई पनि दैवी सम्पत्ले उज्वल पार्ने प्रवृत्ति गीतामा भएकोले संसारकै लागि गीता गेय भएको हो ।

श्री कृष्णको बिराट् रूपलाई प्रतिष्ठा दिइरहेका गीताका प्रत्येक अक्षर यथार्थमा अक्षर नै छन् ।

अन्तमा छन्द, ऋचा, कवि एकाकार भइरहेको गीता जसका पद सत्यमुखरित छन् , जसका वाक्य कर्तव्यपरक छन्, जसको श्लोक शिव-संकल्प रूप छन्, जसका अध्यांय समन्वयका सर्ग छन्, त्यस्तो गीतालाई गाउने भगवान् श्री कृष्णलाई नमन गरी मेरो सानो वक्तव्य यहीं टुंग्याउँछु ।

धन्यवाद ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवत्तत्त्व—चिन्तन

—श्री मदनमोहन दासजी वेदान्ताचार्य, श्री सनकादि आश्रम श्री वृन्दावन

स्वाभाविक लोकमा जगन्नियन्तालाई भगवान् शब्दले उच्चारण गरिन्छ। यो शब्द शाखाचन्द्र न्यायले ब्रह्मलाई बोध गराउने हो। यथार्थमा ब्रह्म शब्द व्यापकलाई बोध गराउने हो। यसैलाई नै जहाँ सर्वशक्तिमत्ता रहन्छ, त्यहाँ ईश्वर भन्ने शब्दले बोध गराइन्छ, किन्तु यी तिनै शब्दको वाच्य एकै हो, जहाँ षडैश्वर्य रहन्छ (ऐश्वर्यस्य समग्रस्य) सबै लक्षणहरूले परिपूर्ण स्वरूपलाई भगवान् शब्दले व्यवहार गरिने हो, यै नै पूर्ण ब्रह्म पनि मानिन्छ। जहाँ अवतारक्रम र अवतारको मूल कारण मानिन्छ, त्यहाँ नै भगवान् शब्दको प्रयोग ठीक सुहाउँछ। यद्यपि ईश्वरवाच्य र ब्रह्मवाच्य पनि अभिन्न हो। ऐश्वर्य कार्य विशेष (व्यापक) र ब्रह्म विशेषमा पनि भगवान शब्द विरोध पर्दैन। स्वरूपमा ईश्वर, भगवान् र ब्रह्ममा केही फरक मानिन्छ, किन कि योगमाया (शक्ति) परिछिन्न ईश्वरस्वरूप हो। भगवत् शब्दमा योगमाया सेविका हुन। परन्तु ब्रह्म शब्दमा योगमाया (ब्रह्मको) शक्तिविक्षेप मात्र हो, तत्व त ब्रह्म नै हो, भिन्न कुनै वस्तु हैन; परन्तु माया शब्दले यहाँ बहिरङ्ग शक्ति (जडमाया) न लियेर भगदाश्रित योगमायालाई मात्र लिइन्छ, अन्यथा "मायापरेत्यभिमुखे च विलज्जमाना" भन्ने भागवत वाक्यमा विरोध पर्छ। योगमायाका पर्यायवाची शब्दहरू लीला शक्ति, सन्धायिनी शक्ति पनि भनिन्छन्। यी शब्दहरूको प्रयोग भगवान्मा लीला विशेषले गरिन्छ। यस विषय को विशेष वर्णन लीला विषयमा गरिने छ।

भक्तहरूको रक्षा विश्वधारणको कार्य हो। त्यसलाई धारणगर्नेवाला जुन स्वरूप हो (अघट घटनपाटीयान्) यो भगवान्का सबैअवतारहरूमा पाइन्छ। जस्तै रामावतारमा देवताहरूको कार्य सिद्धगर्नका लागि मन्थरा—दासीद्वारा प्रेरणा दिलाएर कैकेयीलाई वरदान दिलाउनु, त्यस्तै सत्यव्रत राजालाई माछाका रूपमा दर्शन दिएर नैमित्तिक प्रलयबाट प्राक्तन औषधीहरूका बीजको रक्षा गर्नु। खम्बाफोरेर नृसिंहरूले भक्तप्रह्लादको रक्षा, वराहरूपले पृथिवीको उद्धार। यिनमा तात्कालीन कार्यमा ऐश्वर्य र तत्तत् नाम रूपले अवतार, परिपूर्णताले भगवान्, प्राकृतदोष अस्पृष्टताले ब्रह्म, एक काल एक आधार यी तीनै (ईश्वर भगवान् ब्रह्म) ठाउँमा घटन सक्छ। जहाँ कालको र आधारको भेद हुन्छ, त्यो प्रकृति हो, जहाँ एक काल एक आधारमा विरुद्ध धर्मी पनि अविरुद्ध रूपले रहन सक्छ, त्यो ब्रह्म हो। यही वैचित्री शक्ति ब्रह्ममा छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो सर्व नियन्ता सर्व व्यापक षड़ैश्वर्यपूर्ण हो, त्यही नै ब्रह्म, ईश्वर वा भगवान् हो भनियो । यसैलाई नै स्वरूपशक्ति भनिन्छ । गौतमी तन्त्रमा श्री महादेवजीको "एको ज्योतिर भूद्द्वेधा राधामाधव रूपकम्" र द्वैताद्वैतदर्शनको वरिष्ठ आचार्य हरिव्यासदेवजोले महावाणीको सिद्धान्त प्रकरणमा "प्रिया शक्ति आल्हादिनी प्रिय आनन्द-स्वरूप" भन्नुभएको छ ।

यद्यपि पुराण शास्त्रहरूमा भगवान्को अवतार वर्णन वय क्रमले गरेर अन्तमा स्थायी कैशोर पनि स्वीकार गरेको छ र भक्तहरूको मनोरथ पूर्ण गर्नाका लागि जन्मको वर्णन गर्दै अजन्मा पनि शास्त्रहरूले नै वर्णन गरेकोछ । एक तर्फ "स्वभावतोऽपास्त समस्त दोष सशेष कल्याण गुणैक राशिम्" भनिएकोछ । श्री निम्बार्काचार्य विरचित दशश्लोकी। लीला विशेषले कहीं-कहीं मोह र कहीं र अज्ञता आदि आगन्तुक दोषाभास पनि देखिन्छ । यो सब भगवान्को अनपायिनी लीलाशक्तिले गराएको हो, किनकि ब्रह्मको लक्षण वेदले "रसो वै स-रसं ह्येवायं लब्ध्वा आनन्दी भवति" भनेको छ 'ब्रह्मस्वयं र सस्वरूप तथा ब्रह्मका सेवकहरू पनि रसस्वरूप नै हुन्। रस ब्रह्मको स्वाभाविक परिणाम हो। प्राकृत रसले ब्रह्मसुखी हुँदैन ।ती सेवकगण पनि ब्रह्मका इच्छा शक्तिस्वरूप हुन् ।

"देवं भूत्वायजेद् देवम्" ब्रह्मको सेवा ब्रह्मले नै गर्छ । ब्रह्मको सेवासवन्धी संकल्प पनि ब्रह्मस्वरूप नै हो । जस्तै-श्रीमद्भागवत श्रवण इच्छा सम्बन्धमा लेखेको छ "श्रीमद्भागवते महामुनि कृते किं वा परैरीश्वरः सद्योहृद्य वरुध्यतेऽत्र" मा भागवत् श्रवण संकल्पले ईश्वरको अवरोधन बतलायेको छ । तात्पर्य यो निक्ल्यो कि ब्रह्मको व्यापकता इच्छा आदिमा पनि छ । यी सब ब्रह्मको शक्ति विकासहो । "परास्य शक्ति र्विविधैव श्रूयते स्वाभाविकी ज्ञानबलक्रिया च"। पहिले जुन विषयलाई लियेर प्रारम्भ गरिएको छ त्यो हो अजन्मा भगवानको जन्म र (लीलायुक्त) अवस्थाक्रम, तेसमा जो नित्य कैशोर अवस्था र अजन्मत्व हो, त्यो नित्य लीला तथा नित्यस्वरूप । जो जन्म र वयस्क्रम छ, त्यो हो भक्तरक्षणार्थ प्रगट लीला, तेसलाई शास्त्रले अवतार संज्ञा दिएकोछ । जहाँ अवतारस्वरूपले ब्रह्मको प्रागटय छ, त्यहाँ भगवत्शक्ति योगमायारूपले रहनुहुन्छ, त्यहीं भगवत्स्वरूप पृथिवी पालन कार्यका लागि ऐश्वर्यस्वरूपमा रहँदा योगमाया परिछिन्नरूपले रहनुहुन्छ । ब्रह्म निर्विशेषरूपले रहँदा आदर तथा पूजाको पात्र रहँदैन र संवित्शक्तिका प्रकाशले ब्रह्मलाई अवतार क्रमबाट भगवान् का रूपमा प्रगट गराउँछ र भगवत्रूपले भगवान् पूज्य र आदरको वाक्य तथा भक्तजनको आश्रय (अवलम्बविषय, पनि बन्नु हुन्छ ।

जो ब्रह्ममा मोह र बन्धन आदि दोषाभास हुन्छ, त्यो हो "लोकवत्तु लीला कैवल्यम्" ब्रह्म सूत्र । यसबाट ब्रह्ममा माधुर्य प्रगट हुन्छ । यसबाट ब्रह्मको पूर्णता नै प्रगट हुन्छ । जहाँ सम्म ब्रह्म छ, त्यहाँसम्म कहीं पनि अपूर्ण छैन 'पूर्ण मदः पूर्णमिदं पूर्णात्पूर्ण मुदच्यते । पूर्णस्य पूर्ण मादाय पूर्णमेवावशिष्यते" । जहाँ कहीं रसस्वरूप ब्रह्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

याचना आदि अपूर्ण लीला देखिन्छ त्योपनि रसपुष्टिका लागि मात्र हो । "अन्यथा पूर्ण कार्यस्य कैवल्यम्" वाक्य विरोध पर्छ । येसप्रकारको याचना पराभव "भीतपद्व्याघ्र सिंहयोः" इत्यादि लीला-शक्तिको विलास हो । यसैले रस पुष्टि हुन्छ । भक्तजनहरुको मनःकामना पूर्ण गर्नु नै ब्र्ह्मको मुख्य उद्देश्य छ । तेसैका लागि अनेकौं लौकिक तथा अलौकिक लीला गर्दै भगवान् सुखी रहनु हुन्छ ।

यद्यपि भगवान् सर्वनियन्ता सर्वव्यापक हुनु· हुन्छ, भगवान्देखि भिन्न कहीं केही छैन, तापनि भगवान माधुर्य विशेषताले, जस्तो धाम तेस्तै परिकर, परिकर अनुसारको नै भगवान् भइदिनु हुन्छ । जस्तै-सूर्यवंशमा (ज्ञानेन्द्रिय विशेष नेत्रको अधिष्ठाता सूर्य) जन्म लिने भगवान् श्री राम जसका परिकर (बुद्धिको अधिष्ठाता ब्र्ह्माको अव-तार) जाम्बवान् । ब्र्ह्म विद्याका अधिष्ठाता शेषा-वतार लक्ष्मण भाइ । धर्मरक्षक क्षत्रिय (इक्ष्वाकु मनु) मनु वंशको जन्म र महान् र वैदिक या याज्ञिक महर्षिहरू जुन भूमिमा भये त्यै, भूमि तिनै परिकर अनुसार नै पूर्णब्रह्म परमात्मा रामावताररूपले सनातन धर्मका रक्षाका लागि (आफ्नै स्वरूप सना-तन धर्म) धर्मका मर्यादामा रहेर नरलीला गर्नु भयो । धर्म तथा मर्यादा आदिका बन्धन मुक्ततत्व ब्रह्ममा रहँदैन, जो बन्धनमा रहन्छ, त्यो अपूर्ण हो भन्ने कल्पनाको स्थान यहाँ छैन, किनकि ब्रह्मको जहाँ पनि जस्ता प्रकारले प्रागट्य हुन्छ, त्यो सबै पूर्ण नै हुन्छ, किन्तु ब्रह्मको शक्तिको संकोच विकास मात्र हो । सत्यसंकल्प भगवान्को जहाँ इच्छा हुन्छ, त्यहीं नै सन्धायिनी शक्तिको विकास हुन्छ र लीला विशेषले ब्रह्ममा पूर्णता प्रतीत हुन्छ "इच्छा मात्रं प्रभो सृष्टिः । "गौडपादाचार्य विरचित माडुक्य कारिका" जुन समयमा प्रभुका इच्छाले लीलाको विकास हुन्छ, उसै समयमा उसै लीलाको संवरण हुन्छ, उसको लीलाको संवरण पनि नित्य छ, विकास पनि नित्य छ । संवरण विकास एक काल एक आधारमा हुनु नै ब्र्ह्मको ब्रह्मता र पूर्णता हो । सम्पूर्ण विरुद्ध धर्मको जहाँ समावेश हुन सक्छ, त्यहीं नै पूर्ण ब्रह्मको लक्षण हो । ब्रह्ममा कोइ साकार-निराकारको बन्धन रहनु हुँदैन ।

-स्वामी विवेकानन्द ।

"अन्न र वस्त्रहरूको दान भन्दा ज्ञानदान कता–कता श्रेष्ठ छ । त्यो त कुनै मानिसलाई जीवनदान दिनुभन्दा पनि वरिष्ठ छ । किन भने मानवको वास्तविक जीवन ज्ञानमा नै निहित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री कृष्ण दर्शन नाटकको समाप्तिपछि समितिका उत्साही युवा कलाकारहरू मातृ वन्दनामा तल्लीन छन् ।

प्रवचन समारोहको अन्तमा समितिका ऋषिकल्प सभापति पण्डित धरणीधर कोइराला ज्यूको साथ समितिका का. का. सदस्यहरू सामूहिक मातृवन्दनामा तन्मय हुनुहुन्छ ।

श्री कृष्णाष्टमीको शुभ उपलक्ष्यमा स. ध. से. समितिद्वारा श्री ५ महेन्द्र पुलिस क्लबमा आयोजित 'श्री कृष्ण दर्शन' नाटकका भावमुग्ध दर्शकहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्माको अस्तित्व

'एक घटनाको विश्लेषण'

श्री दुर्गाप्रसाद दवाडी
प्राध्यापक, त्रिभुवन विश्वविद्यालय

आज मानवले स्वकीय जीवनको समग्रसत्यको दर्शन गर्न सकेको छैन । यस जन्मभन्दा पैले त्यसको सत्ता थियो अथवा थिएन ? के मृत्यु नै जीवनको अन्त हो ? मरेपछि त्यसको पुनर्जन्म हुन्छ कि हुँदैन ? यी जस्मै यस्ता प्रश्न हुन्, जसको विषयमा आजको मानवको ऐकमत्य छैन । कार्लमार्क्सको विचारबाट प्रभावित जनता जन्मभन्दा पूर्वको र मृत्युका पश्चात्को जीवनलाई मान्दैन र यस्तो जनताको संख्या आज विश्वको जनसंख्यामा झन्नै आधा भन्दा बढी भैसकेको छ । विश्वको अवशिष्ट जनसंख्याको पनि यस विषयमा ऐकमत्य छैन । ईश्वर, धर्म, दर्शन इत्यादिको स्वरूप विषयमा पनि यस्तै स्थिति छ । ईश्वरलाई मानवको मानसपुत्र भन्न थालिएको छ । यस शक्तिशाली मतको अनुसार परलोक देवता आदि अन्तरित तत्वको अस्तित्व छैन । यी जस्मै ता आर्कालाई ठगेर आफ्नो भूँडी भर्नको निमित्त केही स्वार्थीहरुद्वारा गरिएको षड्-यन्त्र मात्रै हो ।

यसको विरुद्ध आर्को मतधारा पनि संसारमा छ । त्यसको कथन छ कि मानवको प्रधानलक्ष्य यस शरीरद्वारा उत्तम कर्म गरेर स्वर्गादिलोक प्राप्ति अथवा ज्ञानद्वारा मोक्ष प्राप्ति हो । मानव शरीरत केवल सय वर्षसम्म मात्रै रहन्छ र यस शरीरद्वारा गरिएका कर्महरूको फलभोग करोडौं – करोड वर्ष-सम्म उत्तम अथवा अधमलोकमा गर्नु पर्छ । केवल गाँसबास आदिको मात्रै भन्दा गर्न हुँदैन, परलोक-तिर पनि ध्यान दिनै पर्छ । "इह्चेदवेदीदथ सत्य-मस्ति, नचेदिहावेदीन्महती विनष्टिः" केनो ० २।५ यहाँ यथार्थ तत्व बुझियो भने त ठीकै छ, बुझिएन भने ठूलो विनाश छ । यी अल्पसंख्यक परलोकवादी-हरूमा पनि पुनः परस्परमा मतैक्य छैन । कुनैले पुनर्जन्म मान्दछन्, कुनैले पुनर्जन्मलाई एकदम भ्रान्त धारणा भन्दछन् । यस्ता विरोधी विचार धाराहरूमा यथार्थ के हो, यसको पत्तालगाउनु कठि नै जस्तो छ । यिनीहरूमा यथार्थको पत्ता लगाउनै पर्ने हो, अन्यथा मानवको कल्याण छैन । इतिहास यस कुराको साक्षी छ कि परस्पर विरोधी धारणाले मानवको विनाश पारेका छन् । मार्टिनलूथर किंग जस्ता महामानवलाई गोली ठोक्ने जस्ता कठोर कार्य र जेहादको नाउँमा असंख्य नर–नारीको हत्या, बलात्कार जस्ता नृशंस कर्म यस्तै पूर्वाग्रह युक्त धारणाहरूले गरेका हुन् । यसको मुख्य कारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यको परीक्षणको सर्वमान्य कसीको नीधो नहुनु हो। त्यस्तो कुनै कसीको नीधो भैसकेको भए सम्भवतः यस्तो स्थिति आउने थिएन होला। यद्यपि आज यस्ता धारणा केही कम भए जस्तो देखिएको छ, किन्तु त्यस्तो मतवाद आज झन् रूपमा उठ्न थालेको छ। विज्ञानको विकासले रेडियो,टेलिभिजन, विमान इत्यादिले दुनियाँलाई एक सूत्रमा ग्रथित गरि दिएको छ किन्तु त्यसको अतिविकासले मानवलाई विनाशको भड्कालोसम्म पनि पुऱ्याई सकेको छ। क्षेप्यास्त्र, अणुबम, उद्जनबम आदिको आविष्कारले आजको विश्व ध्वंसको समीपमा पुगिसकेको छ। यस विनाशलाई हटाउन मानवताको आदर्श ग्रहण गर्नु परेको छ। किन्तु मानवताको आदर्शको सम्बन्धमा पनित मतभेद छ। गान्धीवाद, समाजवाद, मार्क्सवाद, पूँजीवादका मानव आदर्शहरू परस्परमा भिन्न छन्। मार्क्सवादी, समाजवादीहरूमा पनि आफू भिन्नै परस्परमा मतैक्य छैन। यस्तै वेद, जेन्दा, अवेस्ता, बाइबिल, कुरानका अनुयायीहरूले मानवताको आदर्शको भिन्न-भिन्न व्याख्या प्रस्तुत गर्दछन्, कुनलाई यथार्थ मान्ने ? साधारणतः उपाय यस्तो हुन पर्छ जसले सत्यलाई प्रकट गरेर विरोधी धारणाहरूलाई हटाउन सकोस्, त्यो उपाय त्यस्तो हुनु पर्छ जसलाई सबैले स्वीकार गरुन्, कुनैलाई त्यसको विरोध गर्ने साहस नहोस्। जस्तै-पहेंलो धातुको टुक्रा छ, त्यसलाई एउटाले सुन भनोस्, दोस्राले पित्तल भनोस्, तेस्राले मिस्कट भनोस्, हुनलाई त्यो कुनै एक हो, तीनै कुरोत हैन। त्यसको निर्णय कसीले गर्दछ र त्यसको यथार्थस्वरूप प्रकट हुन्छ। कसीले त्यस टुक्रालाई सुन पित्तल मिस्कटमा जे भन्यो, त्यो मान्नै पर्छ। यद्यपि यी विषयहरूको पुनर्जन्म ईश्वर, धर्म, कर्महरूको पूर्ण र निर्भ्रान्त परीक्षा वेद र वेदानुगत साहित्यद्वारा नै हुन सक्दछ, तथापि आजको युगमा अविश्वासको अन्धकार यति बढी सकेको छ कि वेदको स्वतः प्रकाशता (स्वतः प्रामाण्य) पनि संशयको विषय बन्न पुगेको छ। आजको स्वार्थी प्रवृत्तिको दुराग्रहले गर्दा स्वार्थलाई सत्यभन्दा ठूलो मान्न थालिएको छ। कुनै मतका अनुयायी बनेका साधारण जनताले यथार्थ कुरो बुझ्न पाउँदैनन् र "दन्द्रम्यमाणाः परियन्ति मूढा अन्धेनैव नीयमाना यथान्धाः, (कठ. १।२।५) अन्धाको पछि लागेको अन्धाको झैं अयथार्थतिर नै लाग्दछन्। यहाँनेर नै यो प्रश्न आउँदछ कि त्यस्तो कुन उपाय हो जसले सत्यको यथार्थ ज्ञान होस्, सुनको जस्तो सत्यको यथार्थ कसी होस्। बहुचर्चित विषयलाई नै लिऔं। मृत्युका पश्चात्‌को जीवनको प्रश्नात्मक विषयका सम्बन्धमा हाम्रा पुराणहरूको अनुसार मरेपछि प्राणी यमलोकमा गएर कर्मफल भोग्दछ र केही कर्म सावशेष हुनाले यस लोकमा—

"तद्य इह रमणीयाचरणा अभ्याशो ह यत्ते रमणीयां योनिं मापद्येरन्ब्राह्मण योनिं वा क्षत्रिययोनिं वा वैश्ययोनिं वाथ य इह कपूयचरणा अभ्यासो ह यत्ते कपूयां योनिमापद्येरञ्श्वयोनिं वा सूकरयोनिं वा चाण्डालयोनिं वा। छान्दोग्य उ० ५।१०।७" को अनुसार उच्चाधम योनिमा उत्पन्न हुन्छन्। किन्तु यस मतलाई आजका हिन्दू समाजका अङ्ग नै बौद्ध,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जैन, आर्य समाजीहरूले मान्दैनन् । बौद्ध र जैन त वेदको पनि प्रामाण्य स्वीकार गर्दैनन् । आर्य समाजले वेद त मान्दछ, किन्तु वेदानुसारी स्मृति पुराणहरूको मान्यता स्वीकार गर्दैन । त्यसले वेदमा आएका यम, यमलोक, यमदूतको यस्तो व्याख्या गर्दछ कि त्यसले गर्दा पुराणहरूको मान्यता नै काटिन्छ । यी शब्दहरूलाई यौगिक माने र यम भनेको प्रशासक यमदूतको अर्थ प्रहरी यमलोकको अर्थ प्रहरीस्थान (ठाना) मामात्र गर्दछ । बाइबिल र कुरानका अनुयायीहरू पनि पुराणसम्मत यम, यमदूत, यमलोकलाई स्वीकार गर्दैनन् । तिनीहरूको मान्यता छ कि मरेपछि जीव चिहानमा नै बसी रहन्छ । प्रलय (कयामत) आत्माहरूलाई एकै चोटि हेवेन् या विहिस्त अथवा हेल या दोजखमा पठाइन्छ । चार्वाक, र मार्क्स केही वैज्ञानिकहरूको यस विषयमा "मुरारे स्तृतीयः पन्थाः" तेस्रो नै मार्ग (उपर्युक्त दुइ मतभन्दा भिन्नै) मत छ उपर्युक्त कुनै कुरा नमानेर तिनीहरू शरीर भिन्न आत्मा नामक द्रव्यको सत्ता नै स्वीकार गर्दैनन् । तिनीहरूको कथन छ – आत्मा मान्ने मतहरूमा परस्पर मतभेदले सूचित गर्दछ कि यी जम्मै कुरा कल्पना मात्रै हुन्, जसको बुद्धिमा जुन कुरो आयो, त्यो कुरो नै तिनीहरूले लेखे । जस्तै–टार्चको प्रकाश त्यसको विभिन्न अङ्गहरूको समन्वयात्मक शक्ति नै हो, त्यस देखि भिन्न प्रकाश कुनै पृथक् पदार्थ हैन, अथवा मादक पदार्थको (रक्सी इत्यादिको) त्यसमा मिश्रित विभिन्न वस्तुको मिश्रित शक्ति भिन्न पृथक् अस्तित्व छैन, त्यस्तै शरीरका विभिन्न अङ्गहरूको समन्वयात्मक शक्ति भिन्न आत्मतत्त्वको सत्ता छैन । यस विषयमा शास्त्रार्थको भरमा सत्य-दर्शन असम्भव छ । पौराणिकले प्रमाणमा पुराण उपस्थापित गऱ्यो भने मुसलमान र ईसाइहरूले पनित प्रमाणमा कुरान र बाइबिल उपस्थापित गर्ने छन्, साथै वैज्ञानिकहरू पनि आफ्नो थ्योरी र लेबोरेटरी लिएर उपस्थित हुने छन् । यसबाट विवादै मात्र चर्किन पुग्ने सम्भावना बनी नै रहन्छ ।

अतः आज सत्यताको निर्णय गरिदिन एक कसीको आवश्यकता छ, यस्तो कसी जसलाई सबैले मानुन् त्यसको स्वीकृतिमा कुनैलाई केही आपत्ति नहोस् । त्यस्तो कसी "सत्य घटना" नै हुन सक्छ । विश्वको कुनै कुनामा पनि घटेको यस्तो सत्य घटनाको हामी अपलाप गर्न सक्दैनौं, मूल्याङ्कन सक्दैनौं । त्यस्ता घटनाको केही न केही त व्याख्या गर्नै पर्छ । हावा देख्न नसकिने कुरो हो, किन्तु सम्पूर्ण दुनियाँले त्यसको अस्तित्व स्वीकार गर्दछ, कारण वायुका विभिन्न कार्य हाम्रा अघि छन् । हाम्रा शरीरमा लाग्नु, वृक्षका पातहरू हल्लाउनु इत्यादि घटनाहरूले वायुको अस्तित्व सिद्ध गर्छन् । पीडा (दुःखनु) पनि अदृश्य छ । त्यस्तै नै आत्मतत्त्व पनि चक्षुरिन्द्रियको अविषय हो, आँखाले देख्न सकिँदैन, कुनै लेबोरेटरीमा कुनै रासायनिक प्रक्रियाद्वारा त्यसलाई सिद्ध गरेर देखाउन सकिँदैन, किन्तु त्यसको अस्तित्वलाई प्रमाणित गर्ने केही घटनाहरू प्राप्त हुन्छन्, जसको अपलाप गर्न सकिदैन । प्रसिद्ध वैज्ञानिक सर ओलिवर लजलाई विज्ञानको कुनै लेबोरेटरीबाट आत्मतत्त्वको ज्ञान हुन सकेन तापनि त्यस तत्त्वको सत्ता उनीले स्वीकार गरे, किन कि उनको अघि आफ्नो मरेका छोराको सम्बन्धमा घटेका घटनाहरूको व्याख्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्को केही थिएन। आत्मतत्त्व स्वीकार नगरे ती घटनाहरू कसरी घटित भए यसको केही उत्तर थिएन। ओलिवरलज परलोक र ईश्वरलाई मान्दै नथे, तिनको एक मात्र पुत्र द्वितीय महायुद्धमा मऱ्यो अनि प्रेत बनेर आफ्नै आमाबाबु नगिच बस्न थाल्यो। माता पिताले घरमा अनेक प्रकारका शब्द सुन्न थाले। एक दिन मृतपुत्रकी आमा लेख्न लागेकी थिइन्, तिनले लेखेको छोराले लेखेको जस्तो हुन थाल्यो। तिनको हात ससातेर लेखाए जस्तो भयो। आमाको हातद्वारा छोराले आफ्नो जीवनवृत्त नै लेखे। जाँच गर्दा सबै कुरा सत्य नै ठहरे। यहाँसम्म कि एउटा फोटोग्राफरकहाँ पुत्रले फोटो खिच्न लगाएको कुरो दिनाङ्क सहित यथार्थ नै ठहऱ्यो। यो घटना एक प्रसिद्ध वैज्ञानिककहाँ घटेको हुनाले निकै प्रसिद्ध भयो र कट्टर नास्तिकहरूलाई आत्मा र परलोकको सत्ता स्वीकार गर्न बाध्य हुनु पऱ्यो। लजले आफ्नी धर्मपत्नीको हातबाट पुत्रलाई गुरु बनाएर धेरै—धेरै परलोक सम्बन्धी कुराहरू जाने। लजले लेखेका धेरै पुस्तकहरू पाइन्छन् जुन ईश्वर र परलोकको सत्ता सिद्ध गर्नको लागि पाश्चात्य जगत्मा अद्वितीय छन्। आत्मा र मृत्युपछिको जीवनको अस्तित्व सिद्ध गर्ने यस्ता अनेकौं घटना विश्वमा घटी राखेका छन्। यस्ता केही घटनाको परीक्षण भारतको राजस्थान विश्वविद्यालयका परामनो विज्ञान विभाग (Para Psychology) का प्राध्यापक डा० हेमेन्द्रनाथ बनर्जीले गर्नु भएको छ। वहाँले आफ्नो परीक्षणको निष्कर्ष बम्बैको प्रसिद्ध साप्ताहिक पत्र "ब्लिट्ज" मा १ जुलाई १९६७ देखि ९ सितम्बर १९६७ सम्म लगातार प्रकाशित गराउनु भएको छ। जिज्ञासुले ती अङ्कहरू हेरे यथार्थको ज्ञान हुन्छ। साथै यस विषयका गवेषक हेमेन्द्रनाथ बनर्जी पनि आधुनिक युगका एक सम्माननीय मनीषी हुनु हुन्छ। पुनर्जन्म र आत्मालाई मान्न शुरु शुरुमा वहाँ तैयार हुनुहुन्नथ्यो। तर वहाँले पछि त्यसलाई मान्नै पऱ्यो। ती घटेका घटनाहरूको व्याख्या वहाँसित आर्को केही थिएन। पुनर्जन्मको सम्भावनालाई वहाँले अस्वीकार गर्नु सम्भव भएन। पछि पुनर्जन्मको सम्बन्धमा अरू पनि केही घटनाहरूको विश्लेषणको साथमा हेमेन्द्र नाथ बनर्जीज्यूका लेखहरू "कल्याण"को जनवरी १९६९ (सं. २०२५ माघ) को अङ्कमा प्रकाशित भएका छन्।

मेरो यस लेखको प्रमुख विषय त एक घटनाको उल्लेख र त्यसको विश्लेषण मात्रै हो, जुन कि यसै वर्ष घटेको छ। घटना वृहस्पतिवार ११ मई १९७२ को 'आर्यावर्त' मा (पटनाबाट प्रकाशित दैनिक पत्रमा) प्रकाशित छ। त्यसमा प्रसिद्ध सर्वोदयी नेता श्री जयप्रकाश नारायणको लेख प्रकाशित छ। ७ मईको दिन श्री जयप्रकाश नारायण प्रसिद्ध दार्शनिक सन्त असियराम चौधरीको दर्शनार्थ वहाँ बसेको डेरामा जानु भयो। योगसिद्धि प्राप्त महात्मा चौधरीले वहाँलाई जुन मन्त्रोपदेश गर्नु भयो त्यो वहाँको मुख-बाट उच्चारित नभएर अव्यक्तबाट उच्चारित थियो, त्यो शब्दोच्चारण गर्ने त्यसबेला त्यहाँ कोही पनि थिएन। सादाकागजमा कलम बसमाती हात मात्रै घुमाउँदा त्यस मन्त्रका अक्षर उट्ङ्कित हुनु र केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षणपछि ती अक्षर लुप्त हुनु जस्ता क्रिया पनि भए। साथै वहाँले स्वलिखित एक पुस्तक पनि जयप्रकाशज्यूलाई उपहृत गर्नु भयो, जसमा जयप्रकाशज्यूको नाम पनि लेखनीद्वारा न लेखिकन केवल हातका औंला घुमाउनाले मात्रै लेखियो। सन्तले रित्तोहात जयप्रकाशज्यूको कुर्ताभित्र लगे र त्यसबाट एक घडी निकालेर उपहार दिनुभयो र त्यो घडीको केवल नाम लेख्ने काम औंला आकाशमा चलाएर मात्रै भयो। यस्तो अपूर्व उपहार जीवनमा कहिल्यै प्राप्त नगर्नु भएको कुरा वहाँले स्वयं स्वीकार गर्नु भएको छ। जयप्रकाशज्यूको पत्नीले लगेको एक शीशी जललाई श्री चौधरीज्यूले श्री सत्यनारायण भगवान्को चित्रको सम्मुख केही क्षणको निमित्त राख्नुभयो र फेरि त्यो शीशी आफ्ना हातमा राख्नु भयो। विस्तार-विस्तार जलको रूप परिवर्तित भयो। त्यो शीशी जयप्रकाशज्यूले खोल्दा अत्यन्त उत्कट सुगन्ध आयो। यसरी शीशीको साधारण पानी सुगन्धित (शर्वतको रूपमा परिणत) हुनु जयप्रकाशज्यूको निमित्त एक सुखद आश्चर्य थियो।

यस घटनाद्वारा अघटितघटनापटीयान् (घट्न नसक्ने कुरा पनि घटाउन सिपालु) ईश्वरको सत्ता सिद्ध हुन्छ। स्वयं चौधरीज्यूले पनि आफ्नो महत्ता नमानेर ईश्वर कृपा नै मान्नु भएको छ। प्रकृतिको कार्यमा अन्यथाकरण अन्यशक्तिद्वारा हैन, ईश्वरीय शक्तिले नै सम्भव छ। अन्य शक्ति प्रकृतिको कार्यमा ह्रास या विकास मात्रै गर्नसक्छ। विज्ञानद्वारा काउलीलाई विकसित गरेर ठूलो काउलीको उत्पादन गर्न सकिन्छ तर काउलीलाई आँप अथवा मिश्री बनाउन सकिंदैन। उपर्युक्त कार्यहरूलाई जादू भन्न सकिन्छ,तर जादूको उपलब्धि क्षणिकनै हुन्छ। त्यो घडी र लेख आज पनि जयप्रकाशनारायणसित नै छ। भूतसिद्धि भन्न सकिन्छ, किन्तु भूतले पनि भएको वस्तु नै ल्याउन सक्दछ वस्तुको अन्यथाकरण शक्ति भूतमा पनि हुँदैन। जललाई सुगन्धित(शर्वत) बनाउन उसले पनि सक्दैन। यस्तो कसले गऱ्यो? यसको उत्तर ईश्वरातिरिक्त अर्को हुनै सक्तैन।

यसरी मृत्यु नै जीवनको अन्त हो, पुनर्जन्म अथवा ईश्वर छैन भन्ने जस्ता मान्यता स्वतः अपूर्ण सिद्ध हुन पुग्छन्, तर मृत्युपछि जीवनको सम्बन्धमा केही संशय अवशिष्ट नै रहन्छ। मरेपछि स्वर्ग, नरक इत्यादिमा गइन्छ कि तुरुन्तै जन्म हुन्छ, अथवा प्रेतादि योनिमा बस्न पर्छ, इत्यादि प्रश्न अवशिष्ट रहन्छन्। यिनीहरूको विश्लेषण पनि घटनाद्वारा सम्भव छ, आवश्यकता केवल त्यस्ता घटनाको व्याख्याको मात्रै छ। यस्ता भौतिकवादी प्रश्नहरू आज मात्रै हैन, पैले पनि उठेका थिए र बाह्रौं शताब्दीका श्रीहर्ष कविले त्यसको उत्तर घटनाद्वारा दिन सकिन्छ भन्ने कुरो बताएका छन्—

नीतानां यस दूतेन नामभ्रान्ते रुपागतौ।
श्रद्धत्से संवदन्तीम् न परलोक कथां कथम्॥
नामभ्रमाद् यमं नीतानथ स्वतनुमागतान्।
संवादवादिनो जीवान् वीक्ष्य मा त्यजतः श्रुतीः॥
(नैषध १७-९१, १०६)

वास्तवमा ईश्वरको अव्यभिचरित ज्ञापक त श्रुति नै हो, किन्तु आजको जडवादी युग श्रुतिको स्वतः प्रामाण्य स्वीकार गर्न तैयार छैन,अतः त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूलबाटाको देब्रेपट्टि, महादेवको पूर्व-दक्षिणी भित्तामा पर्छ। पार्वती-स्थानतिर लाग्ने गौंडाबाट महादेवस्थान पुग्न करीब ४० गजजति ओह्राले र मैदाने भाग नाघी दुइ ढोका पार गर्नु पर्छ। प्रथमद्वार अतिक्रमण गरेपछि समतल भाग आउँछ। त्यसबाट पश्चिमोत्तरतिर ५—७ हात जति अग्लो कठबारले घेरिएको ठाउँमा अलंकृत छन्-हलेश्वर महादेव। शिवलिंग करीब एक हातजति अग्लो छ। अन्धकारमय ओढार भएपनि मैदानमा उज्यालोको हिस्सा पन्छिएको हुँदैन। लिंगमाथिल्लो भाग पहराको तल्लो मन्दिरकोरूपमा र आकारमा छ। त्यस लिंगमाथि छत्ररूपी पहरादेखि पग्लिएर झरेको ठीक गाईको थूनको आकार भएको ५ फुट जति लामो सुम्लोबाट चामल पखालेको चौलानी जस्तो थोपा कहिले-काहिं तप-तप चुहुन्छ—शिव-लिंगमैं। यसलाई दूधको जलधारा भन्ने चलन छ।

द्वारहरू— यो गुफा एउटै ढुंगाबाट बनेजस्तो हुनाले जताततै द्वारैद्वार, दुलै-दुला देउतै देउताजस्ता चिल्ला-चिल्ला ढुंगाको रमणीय चमत्कार देख्न पाइन्छ। यसको अतिरिक्त नाउँ चलेका र महत्व दिइएका केही द्वारको विवरण दिइन्छ—

एक— शिवलिंगको उत्तर—पश्चिमी समतल भागमा दक्षिणबाट पसेर उत्तरतर्फ निस्कने करीब ६ फुटको भूमिगत दुलोलाई 'घोप्टेद्वार' भनिन्छ।

दुइ-यसैको अगाड़ि पूर्वोत्तरी पहरामा अवस्थित करीब ६ फुटे चिप्लो बाटो पार गरी एक गोडो र टाउको छिराएर औधी सतर्कतासाथ छिर्न सकिने भित्तैमा टाँस्सिएको दुलो 'जन्मद्वार' को नाउँले प्रसिद्ध छ।

तीन— शिवलिंगदेखि पूर्व— दक्षिणी तल्लो मैदानमा पूर्वबाट पसी पश्चिम निस्कने भूमिगत दुलोको नाउँ हो— 'पापद्वार'।

चार— दर्शन गरी दाहिने घुम्दा पश्चिम उत्तरपट्टि करीव ६६ फुट अग्ला दुइटा ढुङ्गा उभिएका छन्, ती दुइको चेपबाट छिर्ने चलन छ, यसको नाउँ जुराइएको छ— 'धर्मद्वार' भनेर।

पाँच— पापद्वारको मैदानमा यज्ञशाला बनेको ठाउँबाट सामुन्ने आकाश हेर्दा मानिस पुग्न नसक्ने, ढोकाको आकारमै मास्तिरै विचित्ररूपले गएको दुलोलाई 'स्वर्गद्वार' भनिन्छ। भित्री गुफाको फैलावट २-२ सय हात छ। गजब कुरा त के छ भने यी पाँचैद्वारबाट बडे-बडेमाका भूँडे मान्छे पनि छिर्न सक्छन्, कति पातले-सिकुटे मान्छे छिर्न सक्तैनन् रे। जो पापी छ, त्यो यी द्वारबाट छिर्न लाखौं प्रयत्न गरे पनि अड्किन्छ। देउताको भाकल गरेर मात्र छिर्न हैन, असफलता को तक्मा छातीमा लर्काएर उही बाटो फर्कन सक्छ। कति यसरी अड्किएर पापीमा दरिएका छन् रे! कति मान्छे 'फलाना—फलानी छिर्न सकेनन्, हामीलेनै देखेका' भन्नेसम्म भेट्टाइयो तर तीनै मान्छे (जो असफल भएर फर्के?) भने भेटिएका छैनन्। म पनि सानै छँदा एक-दुइ पटक गएको थिए। 'पापी हुन्छु कि' भन्ने डरले सबै द्वारमा छिर्ने हिम्मत गर्न नसके पनि 'जन्मद्वार'मा भने एक पटक होइन, धेरै पटक छिर्न सफल भएको छु।

गजब छ! प्रकृतिको बिधान र गजब छ त्यो गुफाको कलापूर्ण प्राकृतिक बनावट!! प्रकृतिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नै तुलिका चलाएर चित्रित ती पहराबाट लर्केका र झरेका फाल्साहरूले ती भुइंबाट उठेका, उर्लेका ठोसा, सुम्ला र सुस्लाहरूले प्रकृतिको नैसर्गिक चित्रकारीको तारीफ गरिरहेका छन् । 'हर हर महादेव ?' भन्दै धाउने-हृदय भक्त धर्मात्माको त कुरै छाडौं, कस्तै नास्तिक भनाउँदो पनि त्यस गुफाभित्र पुगे पछि प्राकृतिक-जादूगरीको तारीफ नगरी रहन सक्तैनन्, यो अन्वेषणको विषय रहेछ नभनी रहन सक्तैन । यो लुकेको गुफाले यस्तो अन—कण्टारमा सौन्दर्यका रेखा कोरिएका छन् भनी साबित गरिदिन्छ—अद्भुत चमत्कार उदङ्ग्याएर । पहराभा चमेराहरूको रजाइं छ । मान्छे एक्लै पस्न पनि डरमर्दो छ— त्यो ओढार ।

गुफा नं. दुइ

मन्दिरको पश्चिमतिर एक ठूलो गुफा छ—त्यो करीव दुइ सये गज जति गएर भ्वाङ् फुटेको छ । भ्वाङ्को फेदीबाट कैलाशको दूरी करीब १६४-६५ फुट गहिरो होला । यसलाई 'बसाहा-दुलो' भनिन्छ । यसको चौडाई ७०-८० हात जति छ । मेलामा हजारौं यात्रीहरू यसैमा सुतेर रात गुजारा गर्छन्, नाच-गान, बजान गर्छन्, जुवारी खेल्छन् । भ्वाङ्को फेद्मा तलैबाट माथिसम्मका पहरामा मान्छेका पाइला (उँभो गएका) देखिन्छन् । शिवजी यै बाटो गरी गुफा नं. एकमा गएका भन्ने किंवदन्ती छ । पहराको फेदमा रसाएको पानी शिवको जलधारा-निकास भनी अभिषेकको रूपमा प्रयोग गर्दछन्—यात्रुहरूले दुलाको मुखमा बसाहाको आकार भएको एक ठूलो ढुङ्गो छ—त्यसलाई कसैले बसाहा भन्छन् र कसैले भष्मासुरको हड्डी । बसाहाको सामुन्ने पहरामा शंखाकार चीज छ, त्यो भगवान् विष्णुले भष्मासुरलाई भष्म गरी फुकेको 'गौरी-शंख' हो रे ! अझै पनि जोडसंग फुक्दा गौरी—शंखको आवाज आउँदैछ । बसाहाको सीधै माथि मान्छेको टाउकाको आकार भएको छालामासुविहीन मसान घाटमा देखिने ठेउके टाउको जस्तो पहरामा झुण्डिरहेको छ । त्यसलाई भष्मासुरको टाउको भन्ने जन श्रुति छ । ढोकैको उत्तरी भागमा करीव तीन हात जति भित्र एक जना उभिन सक्ने चेपिलो ठाउँ भष्मासुर मार्न छद्मभेष लिएका विष्णु लुकेको भनिन्छ । गुफाको भित्ता-पहरामा जतातत्तै बुद्धका चित्र, भोटाक्षरमा वेद र भोटेहरूले आफ्नै अक्षरमा 'ॐ माने पे-में हौं, ॐ माने पे-में हौं' (शिव—शिव) लेखेका छन्, ध्वजा पताका फर्फराएका छन् । भैरव कुण्डको पानी यसै बसाहा दुलोबाट जान्छ ।

गुफा नं. तीन

गुफा नं. एक प्रवेश गर्ने मूल—ढोकादेखि पूर्व पट्टि जंगल र बारीको पुछारमा एउटा ओढार छ जसलाई 'भैरव कुण्ड' (गुफा ?) 'भैरम—गुफा' (स्थानीय प्रयोग) भन्ने चलन छ । यो मन्दिर जस्तै बनावटको भएपनि खास कुनै मूर्तिले सहित देखिदैन । पहिले-पहिले आँटी र धनु दरो भएको मान्छे मात्र यहाँबाट पसी बसाहा दुलामा निस्कन्थ्यो रे अहिले पनि संगेटिएर आएको भेल यस गुफाबाट गुफा नं. २ मा निस्कंदै छ । यिनीहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दूरी करीब आधा माइल बीच छ । मान्छे ओहोर दोहोर गर्ने कुरा नपत्यारिलो भैसकेको छ, अतीतको भैसकेको छ ।

परिक्रमा

शिवालय जङ्गलै—जङ्गलले घेरिएको छ । परिक्रमाकोबाटो एक माइल जति पर्ला । विशेष गरेर बालचतुर्दशीका दिन सद्‌मी छर्नेको घचारो लाग्छ । परिक्रमा गर्दा चराचुरुङ्गीको चिरिबिरी र लोखर्केको चुरिफुरी सुन्न—देख्न पाइन्छ । जङ्गलको थाप्लो (कैलाश)मा २·२ फुट लम्बाई–चौडाईको एक गहिरो भ्वाङ छ । त्यसबाट यज्ञ—कुण्डको तिलक डढे जस्तो बासना र धुवां आए जस्तो देखिन्छ — नजानिंदो गरेर । कैलाशमा यात्रुहरूले दही चिउरा खानुपर्छ भन्ने प्रथाको अनुसरण कसै—कसैले गर्न छाडेका छैनन् ।

मेला

यस पवित्र तीर्थस्थलमा वर्षको चार पटक ठूल ठूला मेला लाग्छन्—१, —रामनवमी, २,—तीज, ३,—बालाचतुर्दशी, ४,—शिवरात्रि ।

तीज र बालाचतुर्दशी अपेक्षाकृत स—साना र स्थानीय मेलाका रूपमा लाग्ने भएपनि रामनवमी र शिवरात्रि बिशाल—रूपमा । यहाँ लाग्ने मेलामा रामनवमी सर्वश्रेष्ठ मेला हो ! यसमा एक लाख भन्दा बढी यात्रुहरूको भेला हुन्छ, यस्तै शिवरात्रिमा पनि शिवरात्रिका दिन खोटाङ्गबाट एकलाख बेलपाती ल्याएर चढाइन्छ—यो त्यहां रहेको शिव-गुठको शर्त अनुसार गरिने काम हो । महादेवको पूजा—आजाको लागि राखिएको गुठी जग्गाको हरहिसाब गर्न धेरै बेर लाग्छ गुठी जग्गा प्रशस्त छ भन्ने सुनिन्छ । उत्साह र उमंगले भरिएको मेलामा पहाड—तराईका समस्त जातिका दर्शनार्थीहरूको संगम ज्यादै रमाइलो प्रतीत हुन्छ। उता तराई देखिका बनियां पसलेहरूले पहाडी भेकको लागि नौला—नौला रसबरी, लड्डु पेडा, जेरी—स्वारी आदि हलेसीमै बनाएर चखाउंछन् भने यता हिमाली दाजु—भाइले सगरमाथाको काखबाट चौंरी गाईका लामा—लामा पुच्छर, गलैंचा, राडी—पाखी आदिको कोसेली ओन्हालेका हुन्छन् । यसरी मेलाले सबैलाई एक अर्कालाई चिन्न र चिनाउँन मद्दत गरिदिन्छ । मेलामा मादलको ध्यान्तुङ् ध्यान्तुङ् आवाजका साथ 'हलेसी बजारैमा...” जस्ता लोकगीतको रन्को छुट्छ ।

उत्पत्ति कथा

यी महादेवको उत्पत्ति बारे भष्मासुरको पौराणिक कथा जोडिएको छ, किम्वदन्ती यस्तै छ । भष्मासुरले शिवजीबाट आफ्नो हात जस्को टाउकोमा राखे पनि ऊ भष्म हुने वरदान प्राप्त गरेपछि पार्वतीको सौन्दर्यप्रति मोहित भई उनलाई आफ्नी बनाउने इरादाले शिवजीकै टाउकोमा हात राख्न खोज्दा आत्म—रक्षाको निम्ति शिवजी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भागे। भष्मासुर लखेट्तै गयो। शिवजीले टेकेको ठाउँमा गड्गडाहटे पैरो चल्थ्यो बाटो अप्ठारो होस् र भेट्न नसकोस् भनेर। तर पनि उस्को गति बन्द भएन। आखिरी शिवजी आफ्नो वाहन (बसाहा) छोडी भुइँभित्र भासिए। (यसैलाई 'बसाहा—दुलो भन्छन्) भष्मासुर पनि पस्यो। शिवजी त्यो देखी दुलो फोरेर पूर्वपट्टि गै अझ बढी गहिरो र गोप्य दुलो बनाई लुके। उता वैकुण्ठवासी विष्णुले यो घटना थाहा पाई भष्मासुरलाई छलगर्न नक्कली रूपवती पार्वतीको रूप लिएर आई उसलाई भने "महाराज! त्यो बौलाहा शिवको के विश्वास! धतुरो खाएका बेला उसले जे पनि भनिदिन सक्छ, सबै पुगे त यो संसारै अकैं हुने थियो। छि: हजुरलाई पत्यार लाग्छ—त्यो घिनाहा बूढाको वरदान लाग्छ भनेर? फेरि हजुरलाई चाहिएकी मैं हूं, म त सेवामा हाँजिरै छु नि!" यसो भन्दै हाव—भाव कटाक्षका साथ ताली ठोक्दै, पैताला बजाउँदै, कम्मर मर्काउँदै टाउकोमा हात राखेर नाच्न थालिन्। त्यो ताल देखेर कामोन्मत्त भष्मासुरको होस—हवास्सै उड्यो। ऊ पनि पार्वतीकै सिको गरेर नाच्न थाल्यो, टाउकोमा हत्केला पर्ने साथ भष्मासुर डढेर खरानीको थुप्रोमा परिणत भयो। नक्कली पार्वती चार हाते विष्णु बनिन्। शिवजीले आफैंले थापेको जालमा परेर मर्नु परेन। यस घटनालाई हलेसीकै हो भनेर पारंपारिक रूपमा स्वीकार गरिएको छ।

प्राप्ति–कथा

यो ठाउँ उसबेला मालिंगो, सिंगान, बेत, साल—सल्ला, चिउरी, भकिआमिलो र बाँसघारीले परिवेष्टित घना जंगल थियो। बाक्लो जंगल हुँदा बाघ—भालु आदिको त्रास हुनु स्वाभाविक भएकाले आवत–जावत गर्नेको संख्या कमै हुन्थ्यो त्यता तिरबाट। केही शिकारीहरूलाई भने लोभ्याउने शिकार पालेको थियो। त्यस जंगलले। एकदिन तीनजना शिकारीहरु शिकार–खेल्न त्यस जंगल भित्र पसेछन्। (ती शिकारीहरूका अगुवा बाग वशीराई कुन गाउँका र अरू को को थिए? पत्ता छैन) तिनीहरूका साथ एउटा शिकारी कुकुर पनि रहेछ। त्यसदिनको शिकार स्वच्छन्दसंग चरिरहेको एउटा मृग फेला परेछ। कुकुरले मृग लगार्न थाल्यो। शिकारीले पनि पछ्याए। मालिकहरूले साथ दिएको देखी कुकुर झन बेजोडसंग लखेट्तै गयो। शिकारीहरू पनि कुकुरले देखाएको बाटो हसिन् र फसिन् गर्दै गए। मालिंगो–सल्लाको वन पार गर्दै कुकुर भयंकर बेतघारी भित्र पस्यो, शिकारी पनि पसे। यति बेरसम्म मृग र कुकुर शिकारीको आँखाबाट छुट्टिएका थिएनन्। यसरी झल्झल्ती देख्दा देख्दै आफूले लगारेको शिकारले एक ठाउँबाट हाम फाल्यो। त्यसको लगत्तै कुकुरले पनि आफ्नो सून्याईको परिचय दिएरै छोड्यो। मृगको साथै कुकुरले पनि फालहानेको देखेर सिकारीहरू छक्क परे। लहराहरूले बेरिंदै जसरी—तसरी घटना-स्थलमा पुग्न त सफल भए तर त्यो अँध्यारो दुलोमा बङ्ग फाल्हाल्नु सितिमितिको कुरा थिएन। उनीहरुले जिल्लिएर थापेको कानको दुलोमा सहायताको मांग गर्ने कुकुरको करुणक्रन्दन 'कङ्ल्याङ—कुङ्लुङ' आएर बजारियो। शिकारी निकैबेर घोत्लिए, जुक्ति—बुद्धि केही सुझेन। कैयौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयासको पानी बालुवामा विलीन भयो । कुकुरलाई बचाउन सकेनन् । घाम अस्ताइसकेका थिए । त्यो अन्धकार गुफामा आँखा चिम्लेर जीवन उत्सर्ग गर्ने आँट कसैमा आएन । आफ्नो प्यारो संगीलाई बिजोक अवस्थामा एक्लो बनाएर रुँदै घर फर्के ।

उनीहरूको सुझमा कुकुर जिउँदो थिएन । तैपनि तेस्रोदिन कुकुरको धनीले ५—७ जना साथी लिएर गतिविधि बुझ्न जाने कोशिश गऱ्यो । उसलाई कुकुरको औधी माया थियो र खटपटि लागेकै थियो— ऊ जिउँदै पो छ कि !' हानिएर घटनास्थलमा पुगे । कुकुरको करुण चित्कार आउँन छाडेको थिएन । उही कुरा दोहोरियो—त्यो रहस्य पत्ता लगाउन को अघि सर्ने ? यो पनि घण्टी बाध्ने कुरा जस्तै थियो, अघि सर्ने, पछि सर्दै थिए । अन्तमा कुकुर धनी आफैं जान तम्सिए । वेतको लहरा गाँसी आफ्नो कम्मरमा बाँधेर साथीलाई छाड्न लगाए । जति जतिउनी पहराबाट झर्दै जान्थे उति -उति साथीले लहरा छाड्दै जान्थे । एवं रितले तल ओर्लदा उनीले नत आफ्नो कुकुर नै देखे न त मृग नै । तर शिका रीले एउटा यस्तो कुरा देखे—त्यो थियो, त्यस ओढारको सुन्दर, रमाइलो र झकिमकाउपन । ओढार घपक्कै बलेको थियो, आँखा तिरमिराउँथे र चारै-तिर अनौठो खालको झिलिक झिलिक देखिन्थ्यो । उनलाई स्वप्निल संसारमा रनभुलिएको अनुभव भयो । आश्चर्य चकित भए, बाहिर लहरो समात्नेहरू घाम अस्ताइसक्ता पनि साथी नआएकाले के भयो ? भनी लहरो तान्न लागे । तर ओढारका घाम अस्ताएका थिएनन् र भरखरै ओर्लिए जस्तो लागे पनि लहरो तानिएकाले निरिकने प्रयास गर्न लागे । फर्केको चाल पाएर साथीहरूले धमाधम ताने । शिकारी बाहिर निस्कंदा छक्क परे - दिउँसै त्यो निस्पट्ट अंध्यारोमा आइपुगेको देखेर । तर उनलाई थाहा भयो—रात परिसकेको छ । साथीलाई त्यो आश्चर्यको बेलिबिस्तार दिंदा पनि उनको अन्त-रमा रोहोटे पिंग घुमिरहेको थियो । त्यो गुफाको अनौठो प्रकाश केको थियो - कसैले अड्कल लगाउन सकेनन् ।

त्यसको भोलिपल्ट १०-१२ जना साथी लिएर उनी त्यहाँ गए । बाक्लो बेतघारी फाँडफुड गरी पहराबाट लहरामा झुण्डिदै गुफाको मैदानमा ओर्लन सफल भए । गुफा उस्तै देदीप्यमान थियो । उनीहरूले ससाना खुड्किला बनाई गरैटोको रूप दिइसकेकाले अलि आँटिलो मान्छे जान सक्ने भयो । अर्को दिन २०-२५ जना गए । गुफाको अनुहार बदलिएको थिएन । उस्तै ज्वल्यमान र अपूर्व दर्शन गर्न पाए, जो पहिला शिकारीले देखेका थिए । त्यो बयान फैलिएकाले सबै गाउँलेहरू जुर्मुराएर रहस्यमय गुफा हेर्न ओइरिए । तर दुर्भाग्यवश त्यो दृश्यावलोकनबाट उनीहरू वञ्चित भए । पहिलेको चम्किलो ओढारमा अन्धकारको साम्राज्य फैलिएको रहेछ । पहिले-पहिले देख्नेलाई उदेक लाग्यो । त्यस दिनमात्र गएकालाई केही दाग भएपनि उनीहरूले ढाँटे जस्तो लाग्यो । गुफा एक्कासि अन्धकारमा परिणत भएकाले झन रहस्यमय बन्यो । कुनै मान्छेले सपनामा-त्यस ठाउँमा महादेव उत्पन्न भएको देखे छ । अनि खोजतलासको काम बढ्यो । बीचमा शिवलिंग, अगाडि गणेश र पछाडि ब्रह्मा-विष्णुका मूर्ति देखे । सपना साकार भयो । 'महादेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकट भए' भनी गाउँले खुशी भए। पूजा आजा गर्न थाले। प्रायशः देव–देवीको प्राप्ति 'कित सपना देखेर, कि त कसैको आङ्मा चढी म फलानो देवता हूं र फलाना ठाउँमा प्रकट भएको छु' भन्ने बकी हुन्छ। यसरी हलेसीका महादेव पाइएका हुन् भनी हालका महन्त धन गिरीले यो किम्बदन्ती सुनाउँछन्। काठमाडौंमा पशुपतिनाथको प्राप्ति 'ने' भन्ने गाईको निर्देशनमा सरदार गोपालद्वारा भयो। सरदार ज्योतिर्लिंग मै डढेर भष्म भयो, तर यहाँ शिकारी केही भएन, शिकारी कुकुर अलप भयो। शिकार के थियो र कहाँ भिलायो ? जे होस् धन्य हो त्यो शिकारी र धन्य हो त्यो शिकार जसले पथप्रदर्शन गऱ्यो, अफ धन्य हो त्यो कुकुर जो नहोमिएको भए यो गुफा अझै अदृश्य नै रहन्थ्यो कि !

शिवालय प्राप्त भएपछि गाउँले जनताहरूले पूजा—आजाको लागि क्यै—न—क्यै प्रयास गरेहोलान्। तर वि. सं. १८४२ सालतिर श्री ५ बाट व्यवस्थित रूपमा गुठीको प्रबन्ध भएपछिमात्र दैनिक पूजा—आजा चल्यो, अहिले पनि नियमित रूपमा चलिरहेको छ।

दर्शनका खिस्साहरू

यो गुफा जति रहस्यमय छ, त्यति नै प्रत्यक्ष दर्शन बारेका रहस्यात्मक कुरा चलेका छन्। एक-दुइ घटना मध्ये पहिलो घटना हो – श्री ब्रह्मचारी बाबा (मिर्चय्या बाबा) को।

कुरा १२-१३ सालतिरको हो। 'मिर्चय्या बाबा भन्ने एक योगी एकदिन रातको १२ बजे दर्शन गर्न गुफा भित्र पस्न खोज्दा गौरापार्वतीतिर जाने गौंडामा अजङ्को बाघ लम्पसार परेर 'मैले दर्शन गर्न नहुने ?' भन्दा पनि बाटो दिएन छ। उनी फर्के। त्यसै समयमा भोलिपल्ट पनि गए। हिजोको बाघ आज नभएकाले मैदानसम्म झरी शिवलिंग पुग्ने ढोकाका खुड्किला उक्लंन खोज्दा ढोकामाथिबाट आएको स्वाँ—स्वाँ र फ्वाँ—फ्वाँ आवाज कानमा बजारियो। थाप्लामाथि दुइटा बडेमाका सर्प रहेछन्। 'मैले आउनु नहुने ?'' भनेर हप्काए, तर बाटो नपाई फर्कनु पऱ्यो।

बाबा तेस्रो दिन जाँदा बाघ, सर्प आदि कुनै जन्तुले बाटो रोकेन, सरासर शिवलिंग नजीक पुगे। तर त्यस रातको १२-१ बजे तीनजना विचित्र तपस्वीहरूले पूजा गर्दै रहेका पाए। एउटा कानफट्टा र एउटा साधारण थिए। आफ्नो पूजाको समयमा आएको देखेर कानफट्टायोगीले भने—'लौ यो कसरी यहाँ आयो ?'' 'के मैले आउनु हुंदैन र ? दर्शन गर्नु हुंदैन र ?'' बाबाले पनि संस्कृतबाटै उत्तर दिए। पछि सवाल—जवाफ भएन। तपस्वीहरू फर्केपछि बाबाले महादेवको दर्शन गरी उनीहरूले चढाएको गुलाफको फूल लगाई; एउटा धोती फेरेका एउटा कम्बल ओढेका र एउटा लंगौटी मात्र लगाउने तपस्वीका पछि लागे। उनीहरूले बाहिरिएर उत्तरी—जंगलको गोरेटो समाते। लुरू-लुरू आउने बाबालाई देखेर—'अैले तिमी जाने वेला भएको छैन, न आऊ 'फेरि भेट होला' भन्दै 'बाबाको' म किन आउनु हुंदैन ?' भन्ने जिद्दीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कत्ति नटेरी सन्तहरू गुफातिर गए । यो घटना असार महीनातिरको हो ।

यसको लगत्तै दूधकुण्डमा ऋषितर्पणी पूर्णिमाका दिन बाबाले ती ब्रह्मचारीहरूलाई भेटेछन् । कनफट्टाले 'यो पनि आइपुगे छ' र ब्रह्मचारीहरूले 'बचन पूरा भयो !' भने रे । करीब एक घण्टासम्म बाबा तिनीहरूको साथमा रहेछन् । संस्कृतमा कुरा हुँदा त्यो केही नदेख्ने बाबासंगका साथीले 'कोसंग बोल्नु भएको ?' 'भन्दा हलेंसीको वृत्तान्त सुनाएँ' भन्ने बाबाको भनाइ छ । मैले स्वयं बाबाको मुखबाट सुनें उनी मर्चय्यामा रहन्छन् । अहिले काठमाडौंमा छन् । पत्याउनु नपत्याउनु व्यक्तिपरक कुरा हो । बाबाले 'यो घटना सत्य हो' भनी लेखेरै दिएका छन् । उनी सम्बन्धी यस लेखका कुरामा सहमति जनाएका छन् । मैले यो लेख बाबालाई सुनाएको छु ।

यस्तै पछदियाँ बैद्यले सानो छोराको साथ जांदा बसाहा दुलाभित्र एउटा ढुंगामाथि दुइ राम्रा केटाकेटी र पाँडुले कुकुर उभिइरहेका देखेरे ! छोराले चमेराको कराई 'सुनी के कराएको ?' भन्ने सोधेकाले पहरातिर हेर्दा छिन मैं तिनीहरू हराए छन् । पछि-'हामीले महादेवलाई गुमायौं ।' भन्दै वैद्य भुटभुटिइरहे रे ।

१९७५-७६ सालतिर तत्कालीन महन्तले अघिल्ला दिन सफा गर्न लगाएको मन्दिर हेर्न एक्लै १२ बजे दिउँसो जांदा कठबारको पूर्वपट्टि उभिएका सुन्दर दुइ केटाकेटी र सेतो कुकुर एक देखी- 'को हौ ?' भन्ने प्रश्न गर्दा हाँसे जस्तो गरी भित्तातर्फ के लागेका थिए त्यहीं अलप भए रे ।

यसरी नै कहिले गुफाभित्र बाघ कराउने, कहिले साँढे डुक्रने र कहिले बाजा गाजा बज्ने नानाभाँती चमत्कार हुन्छ । मन्दिरमा लिंगाकार ढुंगा भाँचिए भने पलाउंछन् । अझै पनि रातको १२ बजेतिर कहिले—कहीं घण्टा—नगरा बजेको सुनिंदैछ भन्ने महन्तको भनाइ छ ।

खाँचोको घण्टी बजाइरहने केही कुराहरू:—

यस गुफाको पुरातात्विक अनुसन्धान हुन सकेको छैन । पूर्वी—पहाडकै ठूलो र पवित्र तीर्थस्थल जुन रूपमा प्राकृतिक सौन्दर्यलाई नवीन सामग्रीले सजाउनु पर्थ्यो त्यसको सर्वथा अभाव छ । पानीको समस्या जीवनको समस्या हो । समस्या समस्यै रहे छिन बिते जीवन बित्छ । पानी पूरा मात्रामा खान पाइंदैन । ती तीर्थयात्रीहरूले घाँटी प्याक प्याक्ती सुकाएर २—४ दिन पनि कष्टसाथ गुजार्नु पर्छ । यो समस्या समाधान भए अमृत खाएको अनुभव गर्ने थिए--हजारौं यात्रुहरूले । यस्तै पाटी पौवाको खाँचोले पनि समातेकै छ । हालका २—४ पाटी साँगुरा भैसकेका छन्, कांचुली फेराइद्यौ भन्न थालि सकेका छन्-बढ्दो यात्रुहरूको तथ्य तथ्यांक बुझिदिन खोज्दा । तीर्थभूमिको हेलचेक्र्याइँ गर्नु हुँदैन । यसको वैज्ञानिक ढंगले निर्माण हुन बांकी छ । स्थानीय जनताहरू आशाको हत्यौरीमा झुण्डिएका छन् । हत्यौरी उनीहरूको आशामा झुण्डिन्छ कि झुण्डिंदैन !

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुकार

—शान्ति प्रेमी शर्मा

हे भक्तवत्सल ! सुनि दिवक्स्योस यो हाम्रो पुकार
झार दिबकस्योस् प्रभूको अब त्यो कृपा अपार ॥
यो दुःखबाट उतार्न अब नयन खोलेर
ब्यूंझिबक्स्योस् समाधिबाट यो पुकार सुनेर ॥
प्राणीको दुःख हर्नलाई अब हतारै गरेर
ओर्लिइबक्स्योस्, अब त, प्रभो ! स्वधाम छोडेर ॥
भूकम्प अब आंख्यो है हुन भक्कानु फुटेर
नहेरिबक्स्योस् यो दुःख प्रभो ! निष्ठुर भएर ॥
प्राणीको दुःख असह्य देखी हृदय पग्लेर
सवारी बल्ल भयो नि प्रभो यो भेष लिएर ॥
यो हृदयको अन्धकार हाम्रो हटाइबक्सेर
बालिदिबक्योस् अखण्डज्योति ननिभ्ने गरेर ॥
त्यो "दीव्य-दृष्टि" पाएमा हामी गद्गद भएर ॥
बन्दथ्यौं मस्त खुलेर आँखा प्रभुनै सम्भेर ॥

विजयाको शुभ उपलक्ष्यमा

आम्रपाली रेष्टुराँ

समस्त देशवासीहरूको सेवामा

हार्दिक मङ्गलकामना व्यक्त गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजया दशमी

देवीप्रसाद लंसाल

आश्विन शुक्ल दशमीलाई विजया दशमी भन्दछन् । भगवान् रामचन्द्रले यसै दिन लङ्कामा चढाई गर्नु भएको थियो, फलस्वरूप अत्याचारी रावण मारियो । तेसै समय देखि उपर्युक्त दशमी विजया दशमीका नामले प्रसिद्ध भयो । मर्यादा पुरुषोत्तम रामको युद्धयात्रा सफल भएकोले उक्त समय देखि विजय यात्राका निमित्त यो तिथि अति उत्तम मानिन लाग्यो । आश्विन शुक्ल दशमी तिथिका दिन तारा फाटफुट उदाउन लागेपछिको एक मुहूर्तको समयलाई "विजय मुहूर्त' भनिन्छ । उपर्युक्त विजय मुहूर्तमा जुनसुकै काम आरम्भ गरे पनि सफल हुन्छ भन्ने विद्वान्हरूको धारणा छ । जस्तैः—

आश्विनस्य सितेपक्षे दशम्यां तारकोदये
स कालो विजयो ज्ञेयः सर्वकामार्थ सिद्धये ॥

श्री रामचन्द्रले आश्विन शुक्ल दशमी श्रवण नक्षत्रमा लङ्का विजयका निमित्त प्रस्थान गर्नु भएको थियो । अतः विजयको इच्छा गर्ने राजाले यस दिन यात्रा गर्नु पर्दछ । युद्धयात्राको प्रसङ्ग नभए तापनि आफ्नो राज्य अथवा राजधानीको सीमा पारगरेर पूर्वाभिमुख हुनु र शमीवृक्षको पूजा गर्नु । पूजा समाप्त भएपछि शमीवृक्षको प्रार्थना गर्नु । राता राता कांडा भएका, अर्जुनका वाणको रक्षा गर्ने, रामलाई हित हुने कुरा गर्ने रामले पूजा गरिएका हे शमी ? मेरो भविष्यमा गरिने सबै काम निर्विघ्न पूर्वक सिद्ध गरिदेउ, भनेर शमीको प्रदक्षिणा गर्नु । तेसपछि शमीको पात टिप्नु र पूजा गरेको ठाउँको माटो लिएर अक्षता र सुपारी राखेर पोको पार्नु कार्य सिद्ध भएको अभिनय गर्नु ।

श्रवणर्क्षे तु पूर्णायां काकुत्स्थः प्रस्थितो यतः ।
उलङ्घयेयुः सीमानं तद्दिनर्क्षे ततोररः ॥

शमिः शमय मे पापं त्वमीलोहितकण्टका ।
धारिण्यर्जुन बाणानां रामस्य प्रियवादि नि ॥

करिष्यमाण यात्रायां यथाकालं सुखं मम ।
तत्रनिर्विघ्नकर्त्रीत्वं भव श्रीराम पूजिते ॥

पूजास्थलबाट पूर्वदिशातिर गएर भगवान विष्णुलाई सम्झदै पूजास्थलको प्रदक्षिणा गर्नु र आफ्नो शत्रुको मूर्ति वा तस्वीरमा तरवारले हान्नु र हातको तरवार घुमाउँदै दक्षिण पट्टिबाट शमीको प्रदक्षिणा गर्नु । घुम्दा चारैदिशाका शत्रुलाई जितेको अभिनय गर्नु । तेसपछि राजा घोडामा चढेर राजप्रासादमा फर्किनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खञ्जयात्रां ततः कुर्याच्छस्त्रास्त्रयोश्चवारणम् ।
देशभ्रमणकर्त्तव्यं रात्रौकुर्यात विचक्षणः ॥
ताम्बूल भक्षणं चैवाऽश्वारोहणकमाचरेत् ।

विजयादशमीका दिन खञ्जन पक्षी (वाहुनीचरी) को दर्शन गर्ने कोशिश गर्नु । वाहुनीचरीलाई शुभस्थानमा बसेको देखेमा त्यो वर्ष शुभ हुन्छ, अशुभ स्थानमा बसेको देखेमा त्यो वर्षभर अनेक टन्टावखेडाले वर्ष वीतेर जान्छ । खञ्जपक्षीलाई हाती, घोडा, गाई, गोरु, अजिङ्गर,शुद्ध पवित्र स्थान, हरियो घाँसमा बसेको देखेमा त्यो त्यो वर्ष आनन्दै आनन्दले वितेर जान्छ । दुर्भाग्यवश खरानी, हाड, सुकेको ठुटो, सुकेको घाँस, अशुभ स्थानमा बसेको देखियो भने असफलता, अनादर दुःखै दुःखले वर्ष वितेर जान्छ ।

दशमीदिवसे तत्र खञ्जनालोकनं शुभम् ।
मङ्गलं खञ्जनं दृष्ट्वा पुण्यस्थाने मनोरमे ॥
शुभंस्यादशुभं ज्ञेयं विपरीतं नसंशयः ।

भगवान् शङ्करसंग पार्वतीले प्रश्न गर्नु भयो हे जगदीश्वर ! आश्विन शुल्क दशमीको यत्रो मान मर्यादा किन र कहिले देखि भयो ? जगदम्बाको प्रश्न सुनेर शङ्कर भगवान भन्नु हुन्छ । उपर्युक्त दशमीको दिन तारा उदाए पछि विजयानामको मुहूर्त हुन्छ । आफ्नो काम सफल होओस् भन्ने व्यक्तिहरूले यसै दिन उपर्युक्त मुहूर्तमा यात्रा गर्नाले वा कार्यारम्भ गर्नाले सफलता हस्तगत हुन्छ । मर्यादापुरुषोत्तम रामले यसै मुहूर्तमा लङ्कामाथि चढाई गर्नु भएको थियो, फलस्वरूप लोककण्टक रावण पराजित भयो । विजया- लक्ष्मीले श्रीरामलाई अंगालिन् । तेसै समयदेखि यस पर्वको महत्व बढदै गएको हो ।

पार्वती फेरी प्रश्न गर्नु हुन्छ हे स्वामी ? शमी वृक्षले रामको हित हुने कुरा के गर्‍यो तथा अर्जुनको वाण कसो गरि धारण गर्‍यो ? महादेवले भन्नु भयो, रामचन्द्रले लङ्कामा चढाई गर्नाका निमित्त यात्रा गर्न लाग्नु हुँदा शमीवृक्षले “ हे राम ! तपाईको विजय अवश्य हुनेछ, यात्रा सफल होओस्” भन्ने शुभवाक्य बोलेको थियो । दुर्योधनले करलगाएकोले युधिष्ठिरले दुर्योधनसंग जुवा खेले, आखीरमा वाजी अनुसार वाह्र वर्ष वनवास र एक वर्ष गुप्तवास गर्ने प्रण गरेर युधिष्ठिर द्रौपदीसहित चारैभाइलिई वनवास गए । बान्ह वर्ष पूरा गरेर गुप्तवासका निमित्त जानलाई अर्जुनका हतियार जहाँ पायो उही राख्दा चिनिने हुँदा शमीको वृक्ष भयाम्म परेको हुने हुनाले र हमेशा कसैको दृष्टि नपर्ने हुनाले तेसै शमीको वृक्षमा अर्जुनले आफ्ना धनुषवाण लुकाएका थिए । वर्ष दिनसम्म आफू विराटका घरमा बृहन्नला बनेर बसेका थिए । एकदिन कौरवले विराटका गोठबाट गाईहरू चोरेर लगे भन्ने थाहा पाएर विराटपुत्र उत्तर कुमारलाई साथमा लिएर तेसै बृक्षबाट आफ्ना धनुषबाण झिकेर गाई फर्काएर ल्याईदिए । शमीले एक वर्षसम्म देवताले जस्तै अर्जुनका प्रसिद्ध धनुषवाणको रक्षा गरेको थियो ।

आजको दिन रामचन्द्रले अधर्म—अत्याचार अन्यायलाई समाप्त गरेर धर्म-सदाचार न्यायको स्थापना गरेका थिए । आजको दिनले यो कुरा सम्झाउँछ कि अत्याचार अन्याय सदा दिगो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएर रहदैन । रावणले गरेको अन्याय र अत्याचारको फल, उसका कुल तथा कुटुम्बले समेत भोग्नु पर्‍यो । विजया दशमीको पर्वले हामीलाई यस पाठको आवृत्ति गराउँदछ कि "यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः" । यो हाम्रो जागृतिको दिन हो भने पनि अत्युक्ति होओइन । आर्यहरू आफ्नो प्राणको वाजी लाएर पनि मातृजातिको रक्षा गर्न अघि सर्दथे, उनीहरूमाथि कसैले गरेको अत्याचार तथा अपमान सहन गर्दैनथे । रावणले सीता त हर्‍यो तर सुनको लङ्का खरानी भयो । बन्धु कुल सहित उसले पनि मृत्युलाई अंगाल्नु पर्‍यो । अतः विजयादशी अन्यायी—अत्याचारी रावणलाई मारेर न्याय तथा सुशासनको स्थापना गरेको दिन हो । हामीले पनि देश समाज र आफ्नो संस्कृतिमा धक्का लाग्ने अवसर आएमा विरोधी तत्त्वहरू संग डटेर मुकावला गर्नु पर्दछ । देशका कर्णधारहरूले रामका चरित्रबाट नैतिक पाठ पढनु पर्छ, किन कि तीनैलोकको बिजेतारावणसंग लडाई गर्दा आर्यावर्तबाट एक सिन्कोसम्म पनि नलगी "वनैको चरो वनैको ढुङ्गो" भन्ने उखानलाई चरितार्थ गर्दै जङ्गली वानर र भालुद्वारा शत्रुसंहार गरे । यदि आर्यावर्तका वीर सैनिक लगेर लडेका भए त्यस समयको सामाजिक स्थिति कस्तो हुँदो हो ! अतः नैतिक र सामाजिक पाठ हामीले श्रीरामको जीवनीबाट सिक्नु पर्दछ ।

★

विभिन्न सामग्रीद्वारा रुचिपूर्ण

'सिन्धु'

लाई पढन न विसनुँ होस ।

सम्पर्क स्थान—राजभक्त हिमालय
अन्नपूर्णा प्रिन्टिङ्ग प्रेस, असन टोल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवी भागवतमा श्रीराधातत्त्व

खेमराजज्ञवाली
साहित्य-वेदान्ताचार्य

यो अनादि संसारमा आदिकालदेखिनै नवरात्र पर्वमा जगज्जननी महामाया भगवती नवदुर्गाको सेवा पूजा गरेर हिन्दू मात्रले परमसुखानुभूति गरी रहेको सर्वविदितै छ । ती दुर्गाभवानीका अनन्त विभूतिहरू छन् । तिनै मूल प्रकृति देवीभागवत पुराणको आधारमा,आल्हादिनी शक्ति,राधा आदि दिव्य नामले प्रसिद्ध छन् । देवीभागवतमा राधालाई मूल प्रकृति र जगत्को सृष्टि स्थिति प्रलय गर्ने महामाया आदिशक्ति भनेर स्पष्ट र प्रत्यक्ष वर्णन गरिएको छ । अरू देवीका विभूतिहरू यिनै राधाशक्तिका अभिन्न विभूतिहरू हुन् र सबै विभूतिहरूले श्री राधाको महिमा अगम्य छ र अथाह छ भन्दै धेरै गम्भीर स्तुति गरेका छन् । देवीभागवतको प्रारम्भमा मङ्गलाचरणको पद्यमा महर्षि श्री वेदव्यासले गायत्री स्वरूपिणी मूलप्रकृति भगवतीको ध्यान गर्नु भएको छ । ध्यान र प्रार्थना सर्वशक्तिमान् सर्वगुण सम्पन्न परमेश्वरको अथवा उनै प्रभु परमेश्वरकी महामाया शक्तिको गरिन्छ । प्रार्थनामा परमध्येय वस्तुको चिन्तन गरिएको हुन्छ । यिनै मूलप्रकृति ॐकारमयी जगदम्बाको ध्यान निम्न प्रकारले प्रस्तुत गरिएको छ । "ॐसर्व चैतन्य रूपांतामाद्यां विद्यां च धीमहि । बुद्धियान: प्रचोदयात् ॥" ॐकारमयी सर्वचैतन्यस्वरूपिणी ती जगत्प्रसिद्धा विद्यास्वरूपिणी आद्याशक्तिको हामी ध्यान गर्दछौं, जुन् आद्या शक्तिले हाम्रो बुद्धिलाई सत्प्रेरणा दिनेछन् । यसमङ्गलपद्यमा गायत्री मन्त्रको अर्थद्वारा मूल प्रकृतिस्वरूप परब्रह्म परमात्माको चिन्तनको विषय प्रत्यक्ष छ । यसरी मङ्गलमा मूल प्रकृति राधादेवीको स्मरण गरिएको छ । देवीभागवतपुराणले राधातत्वलाई सर्वदा श्रवण-मनन निदिध्यासनद्वारा मुमुक्षु भक्त जनले चिन्तन गर्नु परमश्रेयस्कर छ भनेर बताइएको छ ।

श्री राधातत्त्वलाई देवीभागवतपुराणमा यसरी वर्णन गरिएको छ । श्री राधा प्राणीमात्र की आराधनीया र परमसेव्या वैष्णवी शक्ति हुन् । उनको शरणागत भएका सबै भक्तहरूका सकल भवबाधा नष्ट हुन्छन् । यिनै राधाशक्ति महामाया तथा मूल प्रकृति हुन् । "महामाया च प्रकृति: सर्व शक्तिमयीश्वरी । विष्णुमाया भगवती मूलप्रकृतिरीश्वरी ॥" उनी महामाया, प्रकृति, सर्वशक्तिमयी, ईश्वरी, विष्णुमाया, भगवती, मूलप्रकृति हुन् । उनी सबै विद्याकी अधिदेवी हुन् र सबै विद्वान्हरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

की सेव्या हुन् । सर्वेश्वरी, सर्ववन्द्या, सबैलाई पुत्रदिने, सबैले स्तुति गरिएकी सर्वज्ञा, सबै दुःख नाश गर्ने, कृष्ण भगवान्को बायाँ अंशबाट उत्पन्न भएकी जगदम्बा श्री राधा शक्ति हुन् । "सर्वविद्याऽधिदेवी सा पूज्या च विदुषां परा । सर्वेश्वरी सर्ववन्द्या सर्वेषां पुत्रदायिनी ॥ सर्वस्तुता च सर्वज्ञा सर्वदुर्गार्तिनाशिनी । कृष्णवामांश — सम्भूता कृष्णप्राणाधिदेवता ॥"

यसरी राधातत्त्व साधारण-बुद्धिद्वारा अगम्य किन्तुकेवल पराभक्ति र उनै राधाको पूर्ण कृपाले मात्र सुझ्ने यछ । अतएव राधाको स्वरूप दिव्य र अलौकिक छ । "कृष्ण प्राणाधिका प्रेम्णा राधिका शक्तिसेवया । सर्वाधिकंच रूपंच सौभाग्यंमानगौरवे ।" श्रीराधाको माधुर्यमय चिन्मयलीला र उनको भगवान् कृष्ण प्रतिको अगाध प्रेम अलौकिक र अचिन्त्यछ । सच्चिदानन्द भगवान् श्रीकृष्णकी ल्हादिनी शक्ति नै प्रादुर्भूत भएर राधास्वरूपले रहेकी मूलप्रकृति भगवती आफ्नु चिन्मयलीला रस पूर्ण कृपाकटाक्षले संसारका सकल प्राणीहरूको कल्याण गर्नु हुन्छ । जसरी कृष्ण भगवान् पूर्णतम शक्तिमान् हुनुहुन्छ, उसरी नै राधा पूर्णतमा शक्ति हुनुहुन्छ । जगत्कल्याणार्थ शक्ति-शक्तिमान् नै राधा कृष्णको भेद स्वरूप दृष्टिगोचर भएको छ, पारमार्थिक अभेदस्थितिमा राधा र कृष्ण यथार्थरूपमा नित्य एक चैतन्य पूर्ण ब्रह्म हुन् । राधाको कृष्ण-प्रेम र कृष्णको राधाप्रेम अलौकिक र दिव्य प्रेम हो । यिनै प्रभु कृष्ण र राधा तत्त्वको यथार्थ ज्ञान प्राप्त गरेर मानवमात्रले परम कल्याण प्राप्त गर्न सक्तछन् । यसरी राधातत्त्व सर्वदा चिन्तनीय तत्त्व हो भनेर देवी भागवतले वर्णन गरेकोछ ।

देवी भागवत्को आधारमा राधा शब्दको स्पष्ट अर्थ यसप्रकारको छ । राध्नोति सकलान्कामाँस्तस्माद्राधेति कीर्तिता" भक्तहरूका संपूर्ण कामनाहरूलाई प्रकृति—स्वरूपिणी भगवतीराधाले सिद्ध गरिदिनु हुन्छ । तस्मात् भगवतीलाई राधादेवी भनिएको छ । अर्थात् सकल भक्तको कामना परिपूर्ण वा सिद्ध गर्नु नै राधा शब्दको तात्पर्यार्थ हो । यो राधा शब्द राध साधसंसिद्धौधातुबाट सिद्ध भएको हो । यसको मूल अर्थ उपासकहरूका यावत कामनाहरू पूर्ण गरिदिने शक्ति हो । सबैको लक्ष्य बनेको आल्हाद नै राधातत्त्वको स्वरूप हो । यस तत्त्वलाई जानेर स्वरूपलाई चिन्नु र उसै प्राप्य परम तत्त्वलाई प्राप्त गर्नु मानवमात्र किंवा प्राणीमात्रको अन्तिम लक्ष्य हो । यस प्रकारले देवी भागवत्मा राधातत्त्वको वर्णन सुन्दररूपमा प्राप्त छ । राधा र कृष्णको अभिन्न युगलोपासनाको स्वरूप देवी भागवत्को प्रत्येक पद्यमा चित्रित भएको छ "राधा रूपधरं कृष्णं कृष्णरूपं कलत्रंकम् । किं स्त्री रूपं च पुरुषं विधाता ज्ञातुमक्षमः । श्रीकृष्णस्य वचः श्रुत्वा सस्मितः कमलोद्भवः । तुष्टाव राधामाराध्यां कृष्णेन परिपूजिताम् । कृष्णार्चायां नाधिकारो यतो राधार्चनंविना । वैष्णवैः सकलै स्तस्मा स्कर्तव्यं राधिकार्चनम् । कृष्णप्राणाधिदेवी सा तदधीनो विभर्यतः। प्राणेश्वरी तस्य नित्यं तया हीनो न तिष्ठति । "राधा रूपधारीकृष्ण, कृष्णरूप धारिणी राधाको लीला देखेर ब्रह्माजी चकित हुनु भयो र कृष्णद्वारा पूजिता राधाको स्तुति गर्नु भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मो विश्वस्य जगतः प्रतिष्ठा ।

श्री कैलाश मिश्र

यो सत्य हो कि जस्तै प्राणीमात्रलाई बाच्नको लागि हावाको आवश्यकता हुन्छ त्यस्तै समाजलाई टिकाउनका लागि धर्मको आवश्यकता हुन्छ । विना धर्मको कुनै समाज बाच्न सक्दैन । जस्तै तेज विनाको आगो हुदैन उस्तै धर्मविनाको समाज हु'दैन । जहाँ धर्म छ वहाँ समाज छ । कतिपय विचारक चार्वाकको उदाहरण, हिप्पीको उदाहरण दिएर यो भन्दछन् कि अघि पनि अधार्मिक समाज थियो र आज पनि छ । तर गहिरिएर विचार गरौं त यत्किञ्चित धार्मिक प्रभाव उसमा, (चार्वाकमा) पनि थियो । अर्को कुरा धर्मको प्रबल सत्ता नभएको हुनाले त थोरै दिनमा त्यो नामशेष भयो । हिप्पीहरूको जीवन कति विश्रृंखलित रूपमा बितिरहेछ यो हाम्रो सामुन्नेको कुरा हो । यो समाज पनि चिरस्थायी रहने छैन यो कुरा उनीहरूको विश्रृंखलित जीवन चालले नै बताई रहेको छ । तात्पर्य यो कि जति सुकै विकसित भएतापनि मानव समाज विना धर्मको श्रृंखलित किंवा सन्तोषजनक सुखी जीवन बिताउन सक्दैन । र चाहे जुन सुकै धर्म होस् समाजलाई बाँधेर राख्ने सूत्र धर्मसूत्र नै छ । त्यसकारण महाभारतमा भनिएको छ धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः समाजद्वारा मारिएको धर्मले समाजलाई मार्छ र समाजद्वारा रक्षित धर्मले समाजको रक्षा गर्छ ।

अब प्रश्न यो उठ्छ कि धर्म भनेको क्या हो ? निश्चयनै प्रश्न बड़ो गूढ छ । तथापि संक्षेपमा यही उत्तर दिन सकिन्छ कि "धर्म भनेको कर्तव्य हो" । आफ्नो कर्तव्यको पालन गर्नु नै परम धर्म हो । अतः मन्दिरमा वसेर आठै प्रहर मूर्ति पूजा गर्ने पुजारी मात्र धर्मात्मा होईन, शहरका फोहर नाली साफ गर्ने एक च्यामे पनि महाधर्मात्मा छ यदि आफ्नो कर्तव्यको यथोचित पालन गर्दछ । यो कुनै आवश्यक कुरा होइन कि धर्म गर्नको लागि दुनियाँका समस्त धाम र तीर्थहरूमा पुग्नै पर्छ, एकान्त जंगलमा रूखको पत्ता खानै पर्छ, शरीर गलाउने हिमालयको कन्दरामा वस्नै पर्छ । यदि कुनै गृहस्थ आजीवन आफ्नो घरैमा वसेर आफ्नो कर्तव्यको पालन गर्दछ भने त्यो धर्मको परमोत्कृष्ट फलको अधिकारी छ । यसको ज्वलन्त उदाहरण तत्ववेत्ता राजा जनक हुन । उनले आजीवन गृहस्थाश्रमैमा वसेर राज्य चलाए । उपनिषदले पनि हामीलाई यही आदेश दिन्छ "-कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः ।" आफ्नो कर्म गर्दै सय वर्ष सम्म बाच्नु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसैले यस्तो तर्क उठाउन सक्दछ–एक चोर, जसले आजीवन ईमान्दारी पूर्वक चोरी गऱ्यो भने के त्यो पनि परम पदको अधिकारी छ? अवश्य छैन। किन कि पहिलो त यै कुरा छ कि ईमान र चोरको तुकै मिल्दैन। अर्को कुरा चोरी गर्नु कर्तव्य त होइन। यस्ले फेरि एक प्रश्नलाई जन्म दिन्छ–हाम्रो कर्तव्य के हो? र त्यस्को निर्णायक के छ? अवश्य नै विचारणीय प्रश्न छ। अलि गहिरिएर बिचार्दा कर्मका दुईटा रूप हाम्रो सामन्ने आंउछन्।

(१) यस्तो कर्म जस्तो फलको भोक्ता स्वयं होइन्छ

(२) यस्तो कर्म जस्को फलको भोक्ता आफूभन्दा इतर व्यक्ति हुन्छ।

निश्चय नै पहिलो कोटिको कर्मको निर्णायक आप्तजनहरूको उपदेश छ। किन कि बिष जस्मा मारक गुण छ, यस्को ज्ञान आप्तोपदेश विना हुन दुःसाध्यै होइन असम्भव छ। किन भने बिष यस्तो पदार्थ छ कि खाने बित्तिकै आफू मरिन्छ। अतः पहिलो कोटिको कर्मको निर्णायक आप्तोपदेश नै छ।

दोस्रो कोटिको सच्चा निर्णायक आफ्नो आत्मा छ। उदाहरणको लागी कल्पना गरौं–एक महान भयंकर हत्यारा, जो आफ्नो हातमा चमकदो नांगो तलवार लिएर मलाई मार्न एकदम तैयार छ र म सर्वथा असहाय छु अतः पूर्ण विश्वास छ कि यस्ले मलाई मार्छ मार्छ। त्यस समयमा मेरो हृदयले कस्तो करुण क्रन्दन गर्ला? ठीक त्यै भाव उसको हृदयमा पनि हुन्छ जसलाई म मार्न जान्छु।

अर्को उदाहरण लिऔं—माघको महिना छ। काठमाण्डू शहरमा छु। अर्थाभावले गर्दा बुइगलमा बस्छु। जस्को छाना जस्ताको छ। अतः जाडोले शरीर लुगलुग काँपिरहेछ। यस्तो विकट परिस्थितिमा मसंग एउटा कम्बलमात्र छ। त्यो पनि कुनै अभागा चोरले लागि दियो भने मेरो आत्मा विव्हल भएर आँसू बगाउदैन? अतः परहितको जुन काम छ त्यस्को वास्तविक निर्णय आफ्नो आत्माले नै गर्न सक्छ। हुन त यस्को पनि निर्णायक आप्तजनहरूको उपदेश हुन सक्छ तर आफ्नो निर्णयको जो प्रभाव आफूमा पर्न सक्दछ त्यो प्रभाव जति सुकै आप्त भए ता पनि पर्न सक्दैन। अतः आत्म निर्णयमा जोड दिइएको छ। भगवानवेदव्यासले धर्मको सारतत्व यसरी बताउनु भएको छ– "आत्मनः प्रतिकूलानि परेषाँ न समाचरेत्"। अर्थात जस्ले आफ्नो हानि गर्ने छ त्यो अरू प्रति नगर्नु अरूलाई न गर्न दिनु। यही हो धर्मको मूल्य रहस्य।

हामी तबसम्म सुखी छैनौ–जीवित छैनौ जब सम्म धर्म—कर्तव्य पालनको ज्ञान–शक्ति हामीमा छैन। समाजलाई धारण गर्ने शक्ति केवल धर्ममै छ। अन्य कुनै पनि साधनले हाम्रो समाजलाई बचाउन सक्दैन। अतः हाम्रो आप्त ग्रन्थ वेदले हात उठाएर भनिरहेछः—

"धर्मो विश्वस्य जगतः प्रतिष्ठा"।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिथिलामा दुर्गापूजनोत्सव

ले० ॐ कुमार झा

महिषासुरको आतंकबाट आतंकित भएका देवगणहरूको आर्तवाद सुनेर ब्रह्मा, विष्णु,महेशबाट प्रादुर्भाव भएकी शक्तिपुंजरूप देवी दुर्गाको पूजनोत्सव प्रत्येक बर्ष आश्विन शुक्लपक्ष प्रतिपदाको दिनदेखि नवमीसम्म नवरात्रको संज्ञा दिई मनाइने प्रथालाई हाम्रो देशको प्रत्येक भागमा स्थानीय परंपरागत संस्कृतिको आधारमा पाइन्छ । उपत्यकाभन्दा बाहिर नगएका व्यक्तिको लागि पूजनोत्सवको प्रक्रियामा फरक सुन्दा केही आश्चर्य लाग्दो हो भने जनकपुरमा गरिने दुर्गापूजाको रमणीय प्रक्रियालाई पहिलो पटक देख्ने व्यक्तिलाई अवश्य ज्यादा मनोरञ्जन प्राप्त हुँदो हो ।

आश्विन कृष्णपक्ष अमावास्याको रातमा थाकेर आएको पथिक त्यसरात शान्त वातावरणमा सुतनपाउँछ भोली पल्ट प्रतिपदाको रात देखि उसको निन्द्रालाई कतैबाट भक्तिमयी युवतीहरूको झिझिया गान तथा भक्तहरूको 'धरम की जय हो अधर्मका नाश हो" पुकारले खल बल्याउन थाल्द छ। देशका अन्य भागको दुर्गा पूजासंग पूजाविधि आदिमा एकरूपता पाइएता पनि मिथिलाको सांस्कृतिक परम्परामा स्थानीयताको प्रभाव पर्नु स्वाभाविकै छ । पूर्व तराई क्षेत्रमा दुर्गापूजा अवसरको सांस्कृतिक परम्पराका क्रममा देखा पर्ने झिझिया भन्नैको आफ्नै विशेषता छ ।

झिझिया— सामाजिक मान्यता अनुसार घटस्थापनाकै दिनदेखि डाइनीहरूको प्रभाव ज्यादै बढ्ने हुन्छ तथा नवरात्रि भरी ती डाइनीहरूले आफ्नो विद्याको ज्यादा प्रचार गर्दछन् । हुनत डाइनीको अस्तित्व आजको सभ्य समाजमा त्यतिकै विवादास्पद विषय बनेको छ जतिभूत विषय बनेको छ । डाइनी प्रथालाई मान्यता दिइरहनु अहिलेको वैज्ञानिक एवं सभ्य संसारमा आफ्नो हाँसो उठाउनु मात्र हो भनि केवल आधुनिकताको चश्मा मात्र लगाउने व्यक्तिले भन्लान् तर विज्ञान जतिसुकै अगाडि बढे तापनि उसले गरेको दौडमा सामाजिक संस्कृतिले भाग लिएको छैन । मानिस चन्द्रमामा पुग्यो भन्दैमा चन्द्रमा उपर विभिन्न पौराणिक मान्यता राख्ने पश्चिमीहरूले त्यसलाई पुज्न छाडने छैनन् जसरी भूगोलले जति चिच्याए पनि स्वयं भूगोलका हिन्दु लेखकले ग्रहण लाग्ने वेला स्नान गर्न छाड्दैन । विज्ञान सभ्यता हो भने संस्कृति सम्पत्ति हो । दुवैको संरक्षणले नै श्रीः प्राप्त हुन सक्छ ।

झिझिया एक सामाजिक संस्कृति हो । गाउँका युवतीहरू (खास गरेर छोरीवेटी) शिर माथि भित्रपट्टी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बत्ति बालिएको ज्वालै ज्वाल भएको कलश राखी गीत गाउँदै नाच्दै गाउँ परिक्रमा गर्दछन् । उनीहरूको विश्वास अनुसार कलशको ज्वालहरू गन्न कुनै बोक्सी सफल भई भने कलश लिने युवतीको मृत्यु हुन सक्छ । फनफन नाच्दा के कसैले कलशको ज्वाल गन्न सक्ला र ? भन्ने प्रश्न गर्नेको संख्या कम पाईदैन तर यदि कुनै ज्योतिषीले आकाशका तारा गन्न सक्छ, कुनै वैज्ञानिकले नाकबाट श्वास लिंदा प्रवेश गरेका धूलाका कण गन्न सक्छ भने बोक्सीले त्यो सक्नु कुनै आश्चर्य छैन ।

युवतीहरूले गाउँदै नाच्दै हिंडेको दृश्य ज्यादै भावपूर्ण र मनमोहक हुन्छ । उनीहरूले गाउने गीतमा माता दुर्गाको गुहार तथा बोक्सीलाई गाली गरिएको हुन्छ । झिझिया खेल्ने युवतीहरूको कलश माथि आँखा गाड्ने बोक्सीको छोरो मरोस भन्ने गीत थलरी गाउँछन् ।

तोहरो के देवो वहभी जोडा रे जनेउवा
दसो दिन दशैं दुनियाँ झिझिया खेल दहिगे
झिझिया खेल गेलियई राम के अगना
झिझिया मे तेलवा पियलकै गे ।
जीवहु मे राम के वेटवा
झिझिया मे तेलवा पियलकै गे ।
मरहु मे डनियाँ के वेटवा
झिझिया मे नगरी लगलकै गे ।
तोहरा के देवो दुर्गा खसी पाठी भोगिया
दसो दिन दशैं हे दुर्गा झिझिया खेल कहो हो ।
जीवहु मे राम के वेटवा
मरहु मे डनियाँ के वेटवा
झिझिया मे नजरि लगलकै हे
आदि आदि ।

भगतैः- घटस्थापना कै दिन देखिगाउँ गाउँमा झाँक्रिहरू (भगताहरू) वैसकी (आसन) लगाउन थाल्दछन् । ग्रामीणहरू भगताले वैसक लगाएको (भूत खेल्ने) ठाउँमा गै आफूमाथि आईपरेका विपत्ति असगुन आदि बारे सोधपुछ गर्न झाँक्री समक्ष पुग्दछन् । हातमा आहुती (नयाँ कतारोमा बलेको आगो) र कहिले लट्ठी लिई वा देवी देवता लाई आफ्नो शरीरमा आव्हान गरी थर थर काँपी रहेका भगता समक्ष सलामी (एक थुंगा फूल एक ढ्याक पैसो र एउटा सिंगो सुपारी) राख्दछन् । कुनै पनि वैसकीमा भगता एकलै हुन्न उसका केही सहयोगीहरू पनि हुन्छन् । ती सहयोगीहरूले भगताको शरीरमाथि आउने देव देवी वा भूतको आराधनाका गीत ,भगतै, गाइ रहेका हुन्छन् ।

नवरात्र भरिनै प्रत्येक गाउँमा भक्तैको रमाईलो वातावरण गुंजिएको हुन्छ । यसै समयमा नयाँ भक्तहरूले गुरुबाट भगता बन्ने दीक्षा लिने गरेका हुन्छन् अथवा जुनसुकै तंत्रमंत्र(गायत्री बाहेक)पनि सिक्ने र सिकाउने काम नवरात्रमाकै समयमा हुन्छ ।

कमला स्नानः- जनकपुरको दुर्गा पूजाको अर्को एउटा बडो रमणीय साँस्कृतिक पक्ष कमला स्नान हो । धनुषा र सिराहा जिल्लाको संधिमा रहेको कमला नदीमा वर्षको एकपटक दुर्गा पूजाको समयमा बडो रमाइलो मेला लाग्दछ । झण्डै लाखौं मानिसको जमघट हुन्छ । गाउँ गाउँबाट आएका भगताहरू आफ्नो आफ्नो पौरख देखाउन थाल्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवरात्र पछि हुने रमाइलो दिन पूर्णिमाको दिन हो। हुनत दशमीको दिन पनि केहि चहल पहल हुन्छ, तर जसरी पहाडी क्षेत्रमा विशिष्ट जनबाट टीका ग्रहण गर्ने प्रचलन छ त्यस्तो प्रचलन त्याहाँ छैन। त्यस दिनलाई विशेष शुभ दिन मानिएकोले कुनै पनि शुभ-कार्य त्यस दिनमा गर्दछन्। खास गरेर यात्रा-प्रारम्भलाई विशेष स्थान दिइएको छ। दशमीको दिन यात्रा गर्नलाई अहित देखाइरहने कुनै आवश्यक ठानिन्न।

कोजाग्रत पूर्णिमा ब्राह्मण, कायस्थ, सुनार आदि जातिहरूको नव विवाहित वरको लागि ज्यादै महत्व-पूर्ण हुन्छ। त्यस दिन वर (दुलहा) को ससुराली-बाट विशेष सौगात आउँछ। दुलाहाका अभिभावक-हरूले खुशीयालीमा ग्रामीणहरूलाई पान, मखान, मिठाई आदि बाँडदछन्। साथै कोजाग्रत पूर्णिमाको रातमा पान र मखन खानै पर्छ भन्ने प्रत्येक ग्रामीणको हृदयमा प्रबल धारणा हुन्छ। त्यसैले अरू दिन पान नखाने व्यक्तिले पनि पूर्णिमाको रातमा पान खान्छ।

दुर्गापूजाको अवसरमा घर घरमा आ-आफ्नो कुल देवतालाई बलि दिने प्रथा त्यस क्षेत्रमा नगण्य नै छ तापनि माइस्थान, पडौल स्थान तथा भारतमा पर्ने नजिकको दुर्गा स्थान (दरभंगा जिल्ला) मा सप्तमी अष्टमी र नवमीको दिन बलि चढाउन पुग्द-छन्। भारतको दुर्गा स्थानमा खास गरेर रमणीहरू पुग्दछन्। जसको विवाहोपरान्त धेरै वर्षसम्म सन्तान भएको हुँदैन त्यस्ता सन्तान प्राप्तिको भाकल गर्न जाने रमणीहरूको त्यो भेलालाई युवक मण्डलीले "यौवन" मेलाको संज्ञा समेत दिन चुक्दैनन्।

जनकपुर क्षेत्रका केटाकेटीहरूमा "दशैं आयो खाउला पिउँला" भन्ने भावना हुदैन, तर दशैंको बेलामा गाउँ गाउँमा अनेकौं दूर्गाका झाँकीहरू हेर्न पाइने कौतूहल हुन्छ। सम्पन्न गाउँहरूले दूर्गाको मूर्ति बनाई झाँकी को बन्दोवस्त गरेका हुन्छन् तथा सप्तमीदेखि दशमीसम्म अनेकौं रमाइला सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गरिन्छन्। यसरी जनकपुरमा दशैंको यो पवित्र चाडमा सर्वत्र एउटा अनौठो उत्सुकता र रमणीयता छाएको हुन्छ मानौं सारा दूर्गामय बनिरहेको हुन्छ।

★

नेपाल अधिराज्यको प्रमुख नेपाली मासिक

'बिहान'

पढेर नेपाली साहित्यका विभिन्न धाराहरूसित परिचित हुनु होस्।

ठेगानाः-
रानी प्रिन्टिङ्ग प्रेस
कमलपोखरी काठमाडौं नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाचार सिंहावलोकन

सनातन धर्म सेवा समितिले आफ्नो शैशव अवस्था नै भए पनि र साधनको दृष्टिले अपेक्षित सम्पन्नता प्राप्त गर्न असमर्थै रहे पनि धर्मको क्षेत्रमा एउटा भावनात्मक जागरण ल्याउने दिशामा उत्साहसाथ भूमिका पूरा गरिरहेछ भन्न पाउदा हामीलाई सन्तोष लाग्दछ । जनता जनार्दनको माया र सहयोग पाउँदै रहेमा यसले यस दिशामा अझ उत्साहसाथ अगि बढ्ने उम्मेद राखेको छ ।

वर्षको एक पटक केही दिन गाउँमा गई सेवा, सद्भाव, र आध्यात्मिक जागरणद्वारा भावनात्मक समुत्थानमा टेवा मिल्ने गरी यसद्वारा संचालित परिचर्या कार्यक्रम, विभिन्न धार्मिक पर्वहरूमा सामूहिक सद्भाव जगाउने लक्ष्य राखी यसद्वारा आयोजित हुने सार्वजनिक समारोहहरू र अन्य गतिविधिहरूले धार्मिक क्षेत्रमा एउटा स्फूर्ति अवश्य ल्याएका छन् भन्नु अत्युक्ति हुने छैन । यस सन्दर्भमा विगत ०२६ श्री रामनवमीयता समितिद्वारा आयोजित केही कार्यक्रमहरूको संक्षिप्त सिंहावलोकन यहाँ प्रस्तुत गरिन्छ ।

गुरुपूर्णिमा:- विगत वर्षहरूमा जस्तै यस पाली पनि समितिले श्री गुरुपूर्णिमा समारोह मनायो । विनयशील र गुण सम्पन्न जीवन लिएर कृतज्ञतापूर्वक बाँच्ने सत्प्रेरणा दिने गुरुपूर्णिमा महोत्सवलाई यस वर्ष व्यासजयन्तीको रूपमा मनाइएको थियो । नेपाल सांस्कृतिक संघ डिल्ली बजारमा आयोजित सो समारोहमा उपत्यकाभित्र र बाहिरका समेत वरिष्ठ विद्वान्हरूको उपस्थिति एवं स्थानीय गण्यमान्य सज्जनहरूको भेलाले समारोहलाई ठौरवान्वित तुल्याएको थियो ।

समितिका सक्रिय कार्यकर्ता श्रीकैलाश मिश्र, श्री लक्ष्मण सत्याल एवं श्री बालकृष्ण शास्त्रीको सामूहिक वैदिक मङ्गलाचरणपछि आरंभ भएको सो समारोहमा प्रवचन कार्यक्रमको शुभारंभ गर्नुहुँदै वाल्मीकि संस्कृत महाविद्यालयका प्राचार्य श्री रामनाथ आचार्यले प्राचीन आदर्श गुरुशिष्य-परम्परामाथि प्रकाश पार्नु भयो ।

विराटनगरबाट पाल्नु भएका पण्डित श्री जगन्नाथ शास्त्रीले भन्नुभयो— "धर्म र संस्कृतिमा नै कुनै राष्ट्रको मौलिक अस्तित्व अडेको हुन्छ । त्यसैले आज हामीले राष्ट्रको मेरुदण्ड बनेको धर्मलाई संरक्षित एवं सम्वर्धित गर्ने दिशामा सतत जागरूक रहनु पर्दछ ।"

सो अवसरमा बोल्दै सनातनधर्म सेवासमितिका सचिव प्रा० खेमराज केशवशरणले भन्नुभयो "हामीले परम्परागत रूपमा धर्मको यथासम्भव पालन गर्दै आयौं । आज आवश्यक छ मानवभित्रका असीम शक्तिको प्रदर्शन गर्ने वर्तमान युगमा जीवनका सम्पूर्ण पक्षहरूमा परिष्कार ल्याउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरी धर्मलाई अङ्गीकार गर्ने। जीवनको सर्वस्व हो चरित्र र त्यो चरित्रको निर्माणमा गुणात्मक रूपले टेवा दिने हुनाले नै धर्मको महत्त्व छ। भगवान् व्यासको प्रत्येक कृतिले यही सिकाउंछ।"

"हामी दिएर बाँचन आएका हुन्छौं। समाजलाई यस्तो कुरा दिऔं जसले हामीलाई झंभो उचालोस् हामी फैलिन सकौं" भन्नु हुंदै उहाँले समाजहितमा समर्पित हुनु र आत्मकल्याणमा संलग्न रहनु एकै सिक्काका दुइ पहलुमात्र हुन्" भन्नु भयो।

समितिका सहायकसचिव प्रा० ऋषिराम पोखरेलले "वैदिक परम्परामा निर्दिष्ट भएको गुरुशिष्य सम्बन्ध नै हाम्रो शैक्षिक उपलब्धिमा भरपर्दो सहायक हुन सक्त छ" भन्नु हुंदै शिष्यका विशेष गुणहरूको चर्चा गर्नु भयो।

समितिका उत्साही कार्यकर्ता श्री प्रदीपनाथ शर्माले समयानु-कूल रूपबाट धर्मको समुत्थानमा संलग्न रहनु पर्ने आवश्यकता उपर बल दिनुभयो।

अन्तमा समितिका सभापति वयोवृद्ध कवि पण्डित श्री धरणीधर कोइरालाले अध्यक्षको आसनबाट बोल्नुहुंदै भन्नुभयो— "चरित्रवान् व्यक्तिको अस्तित्वमात्रले पनि समाजलाई कल्याण गरिरहेको हुन्छ। आज नारी शिक्षा उपर विशेष जोड दिनु परेको छ। मातृजाति शिक्षित र सच्चरित्र नबनुन्जेल राष्ट्रिय सन्ततिलाई भने जस्तो गरी शिक्षित तुल्याउनु असंभव हुन्छ।"

समारोहमा बडो भावपूर्ण रूपमा व्यासवन्दना प्रस्तुत गरिएको थियो। सामूहिक लक्ष्यचिन्तन र मातृवन्दना साथ समारोह विसर्जित भयो।

श्री कृष्णाष्टमी

समितिका समारोहहरूमा मूर्धन्य स्थान ओगट्न पुगेको श्री कृष्णाष्टमी समारोह यस वर्ष पनि त्रिदिवसीय कार्यक्रम राखी भव्यतासाथ सम्पन्न भयो। पहिलो दिन भाद्र १५ गते भाद्र कृष्ण सप्तमीकोदिन श्री ५ महेन्द्र पुलिस क्लबमा श्री कृष्ण दर्शन नाटक प्रस्तुत गरियो। यो समितिका उत्साही युवा कार्यकर्ताहरूको एउटा शुद्ध भावात्मक उपहार मात्रथियो। साधनहरूको अपेक्षित पर्याप्तता थिएन। तथापि प्रभुकार्य सम्झेर गरिएको हुनाले यसले केही सेवा अवश्य पुर्‍याउन सक्यो। प्रत्येककार्यकर्ताको मनमा यही भाव थियो कि "जसको भक्ति लिएर यो कार्यक्रम भइरहेछ उनै प्रभु श्री कृष्णले पूरा गर्ने छन्।" प्रा० श्री केशवशरणजूद्वारा लिखित उक्त नाटकका विभिन्न पात्रहरूको भूमिका पूरा गर्ने कलाकारहरूको नामावली यस प्रकार छ—

१. श्री कृष्ण——————श्री पुरुषोत्तम सापकोटा
२. युधिष्ठिर————श्री भरतमणि रिसाल
३. भीष्म पितामह ——श्री मति प्रसाद शर्मा
४. द्रोणाचार्य—— — प्रा० ऋषिराम पोखरेल
५. धृतराष्ट्र————— श्री नरनाथ दहाल
६. दुर्योधन——— — प्रा० विष्णुराज आत्रेय
७. भीमसेन———— श्री कैलाश मिश्र
८. अर्जुन———— श्री हरिराज भट्टराई
९. द्रौपदी———— सुश्री सुवर्णा
१०. सहदेव———— श्री रामराज पाण्डे
११. नकुल———— श्री लोकवीर सिंह
१२. नन्दन————— श्री बेलबहादुर
१३. मोदक———— श्री प्रदीप नाथ शर्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समितिका कार्यकर्ताहरूबाटै सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको यो पहिलो अवसर थियो । यस भन्दा पहिले ०२७-०२८ सालको श्री कृष्णाष्टमीमा राजकीय प्रज्ञाप्रतिष्ठानको सहयोगबाट नाटकको कार्यक्रम सम्पन्न गरिएको थियो । त्यसैले यस सन्दर्भमा रा. प्र.प्र. प्रति कृतज्ञता ज्ञापन नगरी रहन सकिन्न । त्यसमा पनि रा. प्र. प्र. का सहसदस्य सौजन्यमूर्ति श्री श्यामदास वैष्णवज्यूको सक्रिय सहयोगले नै उत्साहवर्धन गरेको थियो । यसपटक पनि 'श्री कृष्ण दर्शन' नाटकको लागि आवश्यक निर्देशन दिन समितिले श्री वैष्णवज्यूलाई नै अनुरोध गर्‍यो र उहाँले पनि यस समितिको रूपमा टिम टिमाएर बलिरहेको धर्मबत्तीलाई जुन माया दिनु भई सहयोग गर्नुभयो त्यो चिरस्मरणीय रहनेछ ।

भोलिपल्ट भाद्र १६ गते श्री कृष्णाष्टमीको पावन दिनमा साँझ ४ बजे नारायणहिटी नारायण स्थानबाट भगवान् श्री कृष्णको विशाल शोभायात्रा निकालियो । स्काउट, शिक्षक एवं शिक्षार्थीहरू, भक्तमण्डलीहरू, ब्याण्डबाजाका टोलीहरू, पञ्चेबाजा र भद्रपुरुषहरू एवं महिलाहरू सम्मिलित भएको सो भव्यशोभायात्रा संस्कृत छात्रावास, रत्नपार्क,महांकाल,नयाँ सडक,हनुमानढोका,इन्द्रचौक असन, वीर अस्पताल हुँदै नगर परिक्रमा गरेर रत्नपार्क खुलामञ्चमा आई विसर्जित भयो। श्री कृष्णाष्टमीको पावन उपलक्ष्यमा राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट बक्सेको महान् सन्देशले सम्पूर्ण धर्मप्रेमीहरूले हर्ष र गौरवको अनुभूति गरिरहेका थिए । विशेषतः सनातन धर्म सेवा समितिका सदस्यहरूले अपूर्व उत्साह पाएका थिए त्यस प्रेरणादायी सन्देशबाट । हजारौं हजार भक्त नरनारीहरूको श्रद्धा र सद्भावना पाएर अगि बढिरहेको यस पवित्र शोभायात्रा-कार्यक्रमले राजधानीको धर्मप्राण जनजीवनमा एउटा नयाँ उमङ्ग थपिदिएको छ । वास्तवमा भक्तहरूको सामूहिक स्वरमा मुखरित जय-जयकार, कीर्तन मण्डलीहरूको नामध्वनि र विभिन्न बाजाहरूको गडगडाहटले गर्दा सम्पूर्ण राजधानी उत्सवमय बन्न पुग्छ यतबेला ।

तेस्रो र अन्तिम दिन रत्नपार्क खुलामंचमा स्वामी श्री ईश्वरानन्दज्यूको सभापतित्वमा प्रवचन समारोह आयोजित गरिएको थियो । प्रवचनको शुभारंभ गर्नुहुँदै रा. प्र. प्र. का माननीय कुलपति श्री केदारमान व्यथितले 'श्रीमद्भगवद्गीता विश्व-वाङ्मयकै लागि अमर सन्देश हो र त्यसले कर्म-सौन्दर्यमा बल दिन्छ" भन्ने विषयमा सारपूर्ण वक्तव्य दिनु भयो ।

त्रिभुवन विश्वविद्यालयका प्रोफेसर डा० जयमन्त मिश्रले भगवान् श्री कृष्णको चरित्रका विभिन्न पक्षहरूमा विस्तृत प्रकाश पार्दै-"भगवान् श्री कृष्णका अमर सन्देशहरूको अनुसरणले नै मानवलाई वास्तविक लक्ष्य प्राप्ति गराउन सक्त छ" भन्ने कुरामा जोड दिनु भयो ।

भू. पू. प्रधान न्यायाधीश एवं हाल त्रि. वि. सेवा आयोगका अध्यक्ष श्री भगवती प्रसाद सिंहले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्म योगको परिपालन तर्फ अघि बढनु पर्ने आवश्यकता बारे प्रकाश पार्नु भयो।

सभारोहमा बोल्दै समितिका सचिव प्रा० खेमराज केशवशरणले सार्वजनिक जीवनप्रति जति पवित्रतासाथ अगि बढ्न सकिन्छ त्यति नै हामी लाई आत्मलाभ हुन्छ भन्ने कुरामा विस्तृत प्रकाश पार्नु भयो।

अन्तमा सभापतिको आसनबाट बोल्दै स्वामी श्री ईश्वरानन्दले "श्रीकृष्ण वास्तवमा जगद्गुरु" हुनु हुन्छ भन्नुभयो र समितिद्वारा आरंभ गरिएको धार्मिक सेवाक्रममा सबैको सहयोग मिल्दै जानेछ भन्ने मङ्गलकामना व्यक्त गर्नु भयो।

सभाको शुभारंभमा श्री वेद्वेदाङ्ग विद्यालयका बटुहरूले वैदिक मङ्गलाचरण प्रस्तुत गरेपछि समितिका सहायक सचिव प्रा० ऋषिराम पोखरेलले स्वागतभाषण गर्नु भएको थियो। समितिका कार्यकर्ता श्री प्रदीपनाथ शर्माद्वारा धन्यवाद ज्ञापन पछि मातृवन्दनाद्वारा समारोह विसर्जित भयो।

नेपालको स्वतन्त्र इतिहास निर्माणको निमित्त जीवन समर्पित गरिसक्नु भएका इतिहास शिरोमणि बाबुराम आचार्यको दुःखद निधनमा समितिले एक शोकसभाको आयोजन गरेको थियो। समितिका सभापति पण्डित श्री धरणीधरकोइरालाको अध्यक्षतामा गत ०२९।५।२३ गते भएको सो शोकसभामा इतिहास शिरोमणि श्री आचार्यको दिवङ्गत आत्माको चिर शान्तिको लागि भगवान् श्री पशुपतिनाथसंग प्रार्थना गर्नुको साथै उहाँको शोकसन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गरियो।

यसै गरी नायब बडागुरुज्यू श्री टेकराज पाण्डेको असामयिक निधनप्रति गहिरो दुःख प्रकट गर्दै गत ०२९ आश्विन १४ गते समितिको केन्द्रीय कार्यालयमा समितिका सभापति पण्डित श्री धरणीधरकोइरालाको अध्यक्षतामा एक शोकसभाको आयोजन गरियो। सभाले सर्वसम्मतिनाट एक शोकप्रस्ताव पारित गरी स्वर्गीय नायब बडागुरुज्यूको दिवङ्गत आत्माको निम्ति चिरशान्तिको कामना गर्दै उहाँको शोकसन्तप्त परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्‍यो।

यही ०२९ कार्तिक १० गते समितिको केन्द्रीय कार्यालयमा बसेको एक विशेष बैठकले धर्म, दर्शन, साहित्य, व्याकरण आदि विभिन्न क्षेत्रहरूमा अपूर्व योगदान गर्नु भएका नेपालका गौरव पण्डितराज सोमनाथ सिग्द्यालज्यूको निधनप्रति गहिरो दुःख प्रकट गर्दै उहाँको दिवङ्गत आत्माको चिरशान्तिको लागि जगदीश्वरसंग प्रार्थना गर्‍यो। साथै सोही सभाले एक प्रस्ताव पारित गरी उहाँको शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्‍यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय

हामीले २०२९ सालको दुर्गापूजा महोत्सव पनि मनायौं। अब हामीले जगदम्बाको उपासनाबाट अर्जित आत्मबललाई जीवनको व्यवहारपक्षमा क्रियाशील तुल्याउनु छ। यसको लागि हाम्रो महान् धर्मले लक्ष्य गरेको शुद्ध जीवन साधनातिर अग्रसर बन्नु आवश्यक छ। हामी उत्थान प्रयत्नहरूमा चाहें जति प्रयोगहरू गरौं तर हामीले सुखी समाजको निर्माण गर्न सक्यौं भनेर अनुभव गर्ने दिन निश्चय नै हामीले परिष्कृत रूपले धर्मको पालन गरेको दिन नै हुने छ। त्यसैले धर्म हाम्रो जीवनसंग सम्बद्ध छ। यसलाई केवल सम्प्रदाय वा मतको स्थानमा कुण्ठित तुल्याएर राखियुन्जेल नहाम्रो धर्म नै रहने छ नहामी नै रहने छौं।

आज मानवबुद्धिले बाह्य प्रकृति जगतमा ल्याएका परिवर्तनहरूले चाहें जति विज्ञानको दुहाइ दिउन् तर मानवको अन्तः प्रकृतिका परिवर्तनहरूको लागि निर्विकल्प आधार धर्मनै छ र रहने छ। विश्वप्रसिद्ध मानसरोगचिकित्सक डा. ए. ए. ब्रीलको भनाइतिर आज प्रत्येक समाजकल्याणको हिमायतीले सोच्नु परेको छ। उनी भन्छन् "आज मनोरोग चिकित्सकहरू पनि आधुनिक धर्मप्रचारक बन्दै गइरहेछन्। उनीहरू हामीलाई अर्को लोकमा नारकीय यातनाबाट बच्नको लागि धार्मिक जीवन बिताउने आग्रह गर्दैनन उनीहरू त यसै लोकको नारकीय यातना पेटको अल्सर-कण्ठ सम्बन्धीरोग, स्नायुसम्बन्धी विकृति र पागलपनको उन्मूलनको लागि धार्मिक जीवन बिताउने आग्रह गर्दछन्।" यसरि स्वयं स्वास्थ्य विशेषज्ञहरूकै उद्‌घोषले बताइ रहेछ, स्वस्थ मानवको परिकल्पना धर्मको परिपालन विना सम्भव छैन।

तर यसमा 'तर' पनि लगाएर सोच्नु पर्ने भइसकेको छ। यता आएर नेपाली जातिलाई धर्मको आडमा उम्रेका केही अन्धविश्वासका मत्थाउहरूले शोषणको माध्यम बनाउन थालेको पाइएको छ। धर्मको नाउंमा सीमा पारिबाट आउने जुन सुकैबाट विना बिचार प्रभावित बन्न पुग्ने सोझा सरल नेपालीहरूलाई नजानिदो गरी बहकाइदै छ। कसैले दुइचार वर्षमै प्रलय हुने डर देखाएर र कसैले तुरन्त ब्रह्मज्योतिको दर्शन गराउने भ्रामक प्रलोभन दिएर नेपाली समाजमा रहेको सरल आस्थालाई खलबल्याई समाजमा भ्रम फैलाउदै छन्। तिरुपति वालाजीका नागदेवताले प्रचारको पूर्जि नछाप्नेलाई सर्वनाशको धम्की दिएको पाखण्डपूर्ण प्रचारबाट राजधानीका निबासीहरू राम्रै सित परिचित छन। यसमा स्वयं नेपालीहरू नै प्रचारक भएको विडम्बनापूर्ण दृश्य अझ देखिदै छ। यी भ्रामक अन्ध विश्वासहरूको प्रसारमा श्री ५ को सरकारद्वारा अपेक्षित दृष्टि अझ दिइएको छैन। के राष्ट्रिय जीवनमा रहेको धार्मिक आंस्थामानै समयानुकूल परिष्कृत रूप दिंदै लग्नु परेको यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवनिर्माणको बेलामा यस्ता समाजघाती मत-प्रपञ्च हरूलाई फैलिने अवसर दिनु उचित होला ?

हामीलाई त धर्म चाहिएको छ विशुद्ध मानवताको विकासको निमित्त । हाम्रो महान् धर्मले हामीलाई युक्तिपूर्वक सोचेरमात्र धर्मलाई अङ्गीकार गर्न सिकाउँछ । जुन धर्तीमा विश्वका प्रथम गुरु आर्यहरूले ज्ञानको विश्वप्रकाशक ज्योति बालेथे त्यहीं आज धर्मको आडमा नानाथरिका अधार्मिक ऐजेन्टहरूले शोषण गरिरहेछन् यसभन्दा ठूलो बिडम्बना अरु के होला ?

बिजयाको यस पावन घडीमा जगदम्बासंग हामी यही विनम्र प्रार्थना गर्दछौं कि राष्ट्रिय जीवनमा सांचो धर्मलाई चिन्ने शक्ति आओस् र हाम्रो समाज आत्मप्रकाशको उज्यालोमा जीवननिर्माणतर्फ लाग्न सकोस् ।" साथै श्री ५ को सरकारसमक्ष धर्मको अवलम्बन लिएर जनतालाई भड्काउने यस्ता निरर्थक प्रपन्चहरूको रोकथामतर्फ कड़ाइसाथ विचार गर्न अनुरोध गर्दछौं ।

अन्तमा हाम्रा आदरणीय विद्वान् लेखकहरूप्रति हामी हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं । उहाँहरूको यो अनुकम्पापूर्ण सहयोगले नै धर्मसन्देशले केही वैचारिक सेवा सम्पन्न गर्न सकेको हो । यो अनुकम्पा बनिरहने छ र हाम्रो धर्म चिन्तन सुखी र शान्तिपूर्ण समाजको निर्माणतर्फ उत्प्रेरित बन्दै जाने छ भन्नेमा हामी विश्वस्त छौं । जगदम्बा दुर्गाले हामीलाई चरित्रशील बनेर अगि बढ्ने शक्ति दिउन् ।

जय नेपाल ! जय सनातनधर्म !!

२०२९

विजया दशमीको

शुभउपलक्ष्यमा

समस्त देशवासीमा मंगलमय कामना गर्दै हामीकहाँ पाल्नु भै सस्तो मोलमा निम्न वस्तुहरू खरीद गर्न सबैसंग आग्रह गर्दछौं ।

* स्टेनलेस स्टीलका वर्तन
* विभिन्न प्रकारका रंगरोगन
* फिलिप्स कंपनीमा बनेका विजुलीका समानहरू
* फ्लोरिंगको लागि मजबूत र टिकाउ पी. भी. सी· शीट्स
* कर्कट पाता, प्लेन पाता, जी· आई पाईप तथा फलामको डंडी ।

फोन. ११·१०१

शुभ चिन्तक

गोल्छा अर्गनाइजेशन परिवार

गोल्छा निवास गणबहाल,

काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानव पयर पवित्र छन् भन्ने हाम्रो धर्म ।
हातचुमी भगवान् हाँसे, सेवा हाम्रो कर्म ।

—महाकवि लक्ष्मीप्रसाद देवकोटा

"ईश्वरप्रार्थनाले मेरो रक्षा गरेको छ। प्रार्थनाको आश्रय नभएको भए म उहिल्यै पागल भइसक्ने थिए"

—महात्मा गान्धी

"मानिस बाहिरी वातावरणको प्रभावले त्यति गिर्दैन जति आन्तरिक दुर्बलताले । मानव के हो भन्ने र के हुन सक्तछ भन्ने कुरा उसको आन्तरिक शक्तिमा नै भर पर्दछ।"

-रवीन्द्रनाथ ठाकुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समितिद्वारा आयोजित धार्मिक प्रवचन समारोहमा उपस्थित राजधानीका गण्यमान्य व्यक्तिहरू प्रशान्त मुद्रामा देखिनु भएको छ ।

श्री कृष्णाष्टमीको उपलक्ष्यमा आयोजित प्रवचन समारोहमा समितिका कार्यकर्ताहरू सामूहिक संकीर्तनमा तल्लीन छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

DHARMA-SANDESH

(The Message of Eternal Truth)

P. Y I — THE VIJAYA DASHAMI FESTIVAL — NO. 2.

2029 (1972)

Editor:—
Khemraj Keshava Sharana

Editorial Board:—
Prof. Chetonath Acharya
Prof. Rishi Ram Pokhrel
Mr. Pradeep Nath Sharma

Publisher:-

Sanatana Dharma Seva Samiti,

Bhadrakali, Kathmandu, Nepal.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

I take refuge in Her, the Goddess Durga, who is firy in lustre and radiant in ardency, who is the Power belonging to the Supreme, who manifests Himself manifoldly, who is the Power residing in actions and their fruits rendering them efficacious. O! Thou Goddess, skilled in saving, Thou takest across difficulties excellently well. Our salutations to Thee.

—From Taittiriya-Aranyaka, x. 2.

O Mother ! in this world in midst of The numerous worthy sons, I happen to be a rare specimen of wantonness at, O Thou beneficient one, it is not proper for Thee to have abandoned me, Thy child. For, a bad son may sometimes be born, but never has there been a bad mother,

—Jagadguru Shankaracharya

Till God is known, nothing is known.

—Gurudeva

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

The Mother

—Shri Ram Krishna Parama Hansa.

